# अध्याय एक
# शोध परिचय

## १ .विषय परिचय

नेपाली साहित्यका स्रष्टा जीतमान राई (वि.सं. १९८७-२०४७) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनसँग प्रस्तुत शोध पत्र सम्बन्धित छ । जीतमान राई बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । दश वर्षको उमेरमा लाहुरे भई राईले पल्टनमा नै अङ्ग्रेजी विषयमा स्नातकसम्मको अध्ययन पुरा गरेका छन् । उनले आफ्नो फौजी कर्तव्यका साथै अध्ययन र नेपाली साहित्यमा कलम पनि चलाएका छन् । उनले आफ्नो जीवनमा लाहुरे, साहित्यकार र शिक्षकको जिम्मेवारीसमेत बहन गरेका छन् । राईद्वारा लिखित नेपाली साहित्यको आख्यान विधा अन्तर्गत तिन कथा सङ्ग्रह ‘परित्यक्ता’ (२०२४), ‘तृषालु आत्मा सधैँभरि बाँचिदिन्छ’ (२०३३), ‘अँध्यारोतिर’ (२०५७) र एक अङ्ग्रेजी कविता सङ्ग्रह ‘ओ काठमाण्डु’ (२०४८) कृतिहरू प्रकाशित छन् । यिनीहरूको परिचयसहित विधा तत्त्वका आधारमा विश्लेशण गरिएको छ । बहुमुखी व्यक्तित्वका बारेमा र उनका कृतिहरूका बारेमा आजसम्म अध्ययन विश्लेषण भएको पाइँदैन । प्रस्तुत शोधमा उनको जीवनी, व्यक्तित्वको अध्ययनका साथै विधातत्त्वमा आधारित भई कृतित्वको विश्लेषण गरिएको छ ।

## २. समस्या कथन

जीतमान राईले नेपाली साहित्यका आख्यान र कविता विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । उनको प्रथम प्रकाशित कथा सङ्ग्रह ‘परित्यक्ता’ ( २०२४) रहेको छ । उनका बारेमा कथा सङ्ग्रहका भूमिकामा केही लेखिएका बाहेक अन्य टीका टिप्पणी पाँइदैन भने जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पनि अध्ययन विश्लेषण भएको पाइँदैन । जीतमान राईको शोधका बारेमा निम्न लिखित प्रश्नहरू अनुत्तरित छन् :

क. जीतमान राईको जीवनीका मुख्य पक्षहरू के के हुन् ?

ख. जीतमान राईको व्यक्तित्वका विविध पक्षहरू के कस्ता छन् ?

ग. जीतमान राईका प्रकाशित कृतित्वका वैशिष्ट्य के कस्ता छन् ?

यिनै समस्याहरूमा केन्द्रित रहेर त्यसको स्पष्ट व्याख्या विश्लेषणका लागि प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## ३. शोधका उद्देश्यहरू

जीतमान राईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु प्रस्तावित शोधको उद्देश्य रहेको छ । बुँदागत रूपमा प्रस्तावित शोधका उद्देश्यहरू यस प्रकार रहेका छन :

क. जीतमान राईका जीवनका विभिन्न पक्षहरूको खोजी गर्नु ।

ख. जीतमान राईका व्यक्तित्वका विविध आयामहरूको परिचय दिनु ।

ग. जीतमान राईका प्रकाशित कृतिहरू र साहित्य यात्राको विश्लेषण गर्नु ।

### ४. पूर्वकार्यको समीक्षा

जीतमान राईका कथा तथा कविताका बारेमा अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको पाँइदैन । विशेष गरी उनको प्रकाशित कृतिहरूमा लिखित भूमिकाहरूलाई नै पूर्वकार्यको समीक्षाका रूपमा लिनुपर्ने अवस्था छ ।

जीतमान राईको जीवनी, व्यक्तित्व रस कृतित्वका बारेमा भएका पूर्वकार्यहरूको कालक्रमिक विवरण तल प्रस्तुत गरिन्छ :

निमा छिरिङ शेर्पा (२०२४) ले 'पारित्यक्ता' कथा सङ्ग्रहको भूमिकामा घटनाप्रधान, स्वाभाविक कथोपकथन र जीवन्त दृश्य प्रदर्शनका सफल शिल्पकारिता भएका कथाकारका रूपमा राईलाई चिनाएका छन् । यस तथ्यले जीतमान राईको कथाकारिताको बारेमा सामान्य सूचना प्रदान गर्दछ ।

घटराज भट्टराई (२०५२) ले 'नेपाली साहित्यकार परिचय कोश'मा राईको बारेमा सामान्य परिचय दिँदै अङ्ग्रेजी पढेर राईको छोरा भएर पनि नेपाली भाषामा साहित्य सिर्जना गर्नु आफ्नै विशेषता हो भनेका छन् । यस तथ्यबाट राईको जीवनी  र व्यक्तित्वको अध्ययनका लागि सूचना प्राप्त गर्न सकिन्छ ।

दयाराम श्रेष्ठ (२०५७) ले 'अँध्यारोतिर' कथा सङ्ग्रहको भूमिकामा जीतमान राईलाई युगीन यथार्थबाट प्रभावित भई कथा लेख्न कथाकारका रूपमा चिनाएका छन् । यस भनाइबाट राईको कथाकारितालाई विश्लेषण गर्न सहयोग मिल्नेछ ।

पुरण राई (२०६८) ले 'नेपाली साहित्यमा ब्रिटिस गोर्खाली साहित्यको योगदान' (स्नाकोत्तर शोध पत्र अप्रकाशित मा) भारत स्वतन्त्र हुनुपूर्वको ब्रिटिस गोर्खाली साहित्यकारका रूपमा राईको सामान्य चर्चा गरेको छन् । यस तथ्यबाट उनको व्यक्तित्वको अध्ययन गर्न केही सहयोग मिलेको छ ।

माथिका विभिन्न पूर्व अध्येताहरूले जीतमान राईका बारेमा सामान्य सूचनात्मक तथ्य मात्र प्रस्तुत गर्ने कार्य गरेका छन् । जीतमान राईका बारेमा अझ बढी अध्ययन विश्लेषण गर्नु आवश्यक देखिएको छ ।

### ५. शोधकार्यको औचित्य र महत्त्व

प्रस्तावित शोधकार्यमा जीतमान राईलाई नेपाली साहित्यिक जगत्का बहुमुखी प्रतिभाका रूपमा चिनाउने प्रयास गरिएको छ । साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण गरिएको हुनाले आउने पिँढी तथा उनका विषयमा जान्न चाहने जिज्ञासु पाठकहरूले यस शोध पत्रबाट आफ्ना जिज्ञासा पुरा गर्नेछन् । आगामी दिनहरूमा उनका कृतित्वको अध्ययन गर्न चाहने पाठकहरूका लागि पनि मार्गनिर्देशन गर्नु यस अध्ययनको औचित्यको सूचक हो । यसबाट राईको जीवनी तथा कृतित्वका बारेमा वस्तुगत जानकारी उपलब्ध भएको छ । शोध पत्रको अध्ययनबाट उनका बारेमा जान्न चाहने जिज्ञासु तथा अन्य सामान्य पाठकसमेत केही मात्रामा भए पनि लाभान्वित हुने भएकोले प्राज्ञिक क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्कयाङ्कन गर्ने क्रममा पनि यस शोध पत्रले टेवा पुऱ्याएको छ । यिनै विविध दृष्टिकोण बाट शोध पत्र औचित्यपूर्ण छ ।

## ६. शोध कार्यको सीमाङ्कन

जीतमान राई लाहुरे, शिक्षक, कथाकार, कवि र समाजसेवी व्यक्तित्वका रूपमा देखापरेका छन् । राईका तिन कथा सङ्ग्रह 'परित्यक्ता' (२०२४), 'तृषालु आत्मा बाँचिदिन्छ सधैंभरि' (२०३३) र 'अँध्यारोतिर' (२०५७) नेपाली भाषामा तथा एउटा कविता सङ्ग्रह 'ओ काठमाण्डौं' अङ्ग्रेजी भाषामा रहेको छ । प्रस्तुत शोधमा कविता सङ्ग्रहको संक्षिप्त चिनारी मात्र गरिएको छ । उनका कथाहरूलाई चाहिँ आधुनिक कथा तत्त्वका आधारमा सामान्य विश्लेषण गरिएको छ । नेपाली भाषाका पुस्तकाकार कृतिको अध्ययन विश्लेषण तथा उनको जीवनी तथा व्यक्तित्वको समग्र अध्ययन गर्नु यस शोध कार्यको व्यापकता हो भने अङ्ग्रेजी कविता सङ्ग्रहको संक्षिप्त चिनारी दिनु यस शोध कार्यको सीमा भएको छ ।

## ७. शोध विधि

### ७.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका लागि प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय, कुराकानी, अन्तरवार्ता आदि पद्धतिहरूको पनि प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । शोध नायक स्वर्गीय भइसकेका हुनाले उनका श्रीमती, छोरी तथा उनका बारेमा जानकारहरूलाई आवश्यकता अनुसार शोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ ।

### ७.२. विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधमा सामाग्रीको अध्ययन विश्लेषणका लागि जीवनी लेखनको सिद्धान्त र कथा विश्लेशणको सिद्धान्तलाई आधार बनाइएको छ । यसमा विवरणात्मक वर्णनात्मक, विश्लेषणात्मक र विषयपरक शोध पद्धतिको प्रयोग गरिएको छ ।

## ८. शोध पत्रको सम्भाव्य रूपरेखा

प्रस्तुत शोध पत्र निम्न लिखित छ परिच्छेदमा विभाजन गरी विभिन्न शीर्षक तथा उप शीर्षकमा छुट्ट्याएर प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : जीतमान राईको जीवनी

तेस्रो परिच्छेद : जीतमान राईको व्यक्तित्व

चौथो परिच्छेद : जीतमान राईको साहित्यिक यात्रा र साहित्य सिर्जना

पाँचौ परिच्छेद : शोध निष्कर्ष

## दोस्रो परिच्छेद
## जीतमान राईको जीवनी

### २.१ जन्म, जन्मस्थान र पारिवारिक पृष्ठभूमि

जीतमान राईको जन्म वि.सं. १९८७ जेठ ४ गते तदनुसार सन् १९३० जुन ३ तारिख सोमबारका दिन हालको पाकिस्तानको क्वेटामा भएको थियो । पिता राजबीर राई र माता धनलक्ष्मी राईका माइला सन्तानका रूपमा राई जन्मेका थिए । नेपालको सगरमाथा अञ्चलको पूर्वी पहाडी जिल्ला खोटाङको चुइचुम्मा गा.वि.स.बाट जीतमान राईका बाजे बाबा सानै हुँदा धरान सुनसरी बसाइँ सरेका थिए । उनका बाजे खोटाङ जिल्लाको चुइचुम्मा गा.वि.स.बाट सुगमताको खोजी गर्दै एक शताब्दी पहिले धरान झरेका थिए । उनका पिता राजवीर राई धरानमै हुर्की बढी ब्रिटिस लाहुरे भएका थिए । उनका मातापिताबाट सात जना दाजुबहिनीहरूको जन्म भएको थियो । चार भाइ छोराहरूमा जेठा थामबहादुर, माइला जीतमान, साइँला कृष्ण कुमार र कान्छा यामकुमार राई हुन् । त्यस्तै गरी छोरीहरूमा जेठी विन्द्रामाया, माइली बालकुमारी र कान्छी गङ्गादेवी राई हुन् ।

राईका बुबा ब्रिटिस आर्मी भए पनि त्यति बेलाको थोरै तलबका कारण परिवारको आर्थिक स्थिति कमजोर नै देखिन्छ । राईको परिवारले किरात र हिन्दू धर्म मान्ने गरेको पाइन्छ । हिन्दू धर्म परम्पराको दशैं र तिहार तथा किरात धर्म अनुसारको साकेला/साखेवा दुबै थरी पर्व मान्ने गरेको देखिन्छ । राईका आफ्नो पुरातन राई धर्म अनुसार परिवारमा विभिन्न संस्कारहरू गर्ने गरेको पाइन्छ र जीतमान राईभित्रको चाम्लिङ निनामजुङ होछेली बाछायामा थर (पाछा) भित्र पर्दछन् । जीतमानका बाबु ब्रिटिस आर्मी भएका कारण उनमा पनि त्यसैको प्रभाव पर्‍यो । उनका दाजु भाइहरू र उनी पनि बाबाको पेसालाई निरन्तरता दिँदै १० वर्षको कलिलो उमेरमा ब्रिटिस सेनामा भर्ती भए । २६ वर्षको उमेरमा उनले राई परम्परा अनुसार गङ्गासरी राईसँग बिवाह गरे ।

### २.२ नामकरण

जीतमान राईको न्वारानको नाम जीतमान नै हो । उनको नाम जीतमान भनी आमा बाबुले राखिदिएका थिए । उनी यही नामले परिचित भए । उनलाई आमाबाबु र दाजुभाइ दिदी बहिनी र छरछिमेकहरूले 'जमरुत' भनेर पनि बोलाउँथे । उनी विभिन्न साहित्यिक लेखनमा जमेको मान्छे भए पनि उनको बेग्लै साहित्यिक नाम पाँइदैन । उनलाई पल्टनमा भने ३४१५९ नम्बरले बोलाइन्थ्यो । यसरी उनलाई विभिन्न नाम र नम्बरले बोलाइए पनि दीर्घ र स्थायी रूपमा उनी जीतमान राईकै नामबाट नै परिचित बन्न पुगेका छन् ।

### २.३ बाल्यावस्था

जीतमान वि.सं. १९८७ सालमा पाकिस्तानमा जन्मे । दुई वर्षको उमेरमा उनलाई नेपालको धरान सुनसरी जिल्ला घरमा ल्याइयो । त्यसपछि उनको बाल्यकाल सामान्य रूपमा बित्न थाल्यो । उनी बाल्यकालमा खास गरी गट्टी, चुङ्गी, डन्डी बियो, गुच्चा खेल्न र चरा मार्न रूचाउँथे । जब अलि ठुलो हुँदै गए त्यसपछि धेरै दाजुभाइ भएका कारण दाजुभाइ मिली भालेगिद्द जुधाई खेल पनि खेल्थे भनेर उनका जेठा छोरा बताउँछन् । उनी गर्मीका मौसममा साथी भाइहरूसँग मिली पौडी खेल्न र माछा मार्न सर्दुखोला जान्थे भनेर उनका जेठा छोरा नगेन्द्र राई जानकारी दिन्छन् । तत्कालीन समयमा धरान सुनसरीमा स्कुल स्थापना भइ नसकेका कारण उनी स्कुलको वातावरणबाट टाढा थिए । त्यसकारण उनको बाल्यकाल सामान्य खेल, झगडा, गोठाला,

पानी भर्नुमा बितेको भनी छोरा जानकारी दिन्छन् । दश वर्षको उमेरमा उनी ब्वाइ भर्ती भएर पल्टन गइ हाल्छन् । यतिमै उनको बाल्यकाल बित्छ ।

### २.४ उपनयन संस्कार

हिन्दू संस्कृति अनुसार मानव जीवनका विभिन्न षोडस संस्कारहरूमध्ये महत्त्वपूर्ण संस्कारका रूपमा उपनयन संस्कारलाई मानिन्छ । उपनयनलाई व्रतबन्ध पनि भनिन्छ । हिन्दू आर्यहरूको मान्यता अनुसार लोग्ने मान्छेको व्रतबन्ध वा उपनयन गरेपछि कर्म चल्छ भन्ने मान्यता छ । यस्तो उपनयन संस्कार आठ वा बाह्र वर्षमा गर्ने चलन छ तर राई संस्कारमा उपनयन संस्कार भनेको छोरा मान्छेको कपाल मामाद्वारा पहिलो पटक काटिन्छ । यो संस्कार बालक तिन वर्ष पुगेपछि या पछिका विजोडी वर्षहरूमा गर्ने चलन छ । जीतमान राईको छेवर पाँच वर्षको उमेरमा राई परम्परा अनुसार गरिएको जानकारी पाइन्छ ।

### २.५ शिक्षा दिक्षा

जीतमान राई बाबुको पल्टनमा जन्मे । त्यसपछि उनलाई धरान सुनसरी ल्याइयो तर उनले त्यहाँ स्कुलको वातावरण पाएनन् र स्कुल पढ्न पाएनन् । जब उनी दश वर्षको उमेर पुगे 'ब्वाइ भर्ती' भए । पन्ध्र वर्षको उमेर पुग्दा सन् १९४५ मार्च एक तारिखका दिन पूर्ण रूपमा उनलाई सिपाहीँमा भर्ना गरियो । सिपाहीँको आवश्यक तालिमपश्चात राईलाई आर्मीको प्रशासनिक विभाग (आर्मी एजुकेसन कर्प) मा खटाइयो । त्यही पदमा रहँदा उनले पढ्ने मौका पाए र त्यहीँबाट उनले अङ्ग्रेजी विषयमा स्नातकसम्मको शिक्षा हासिल गरे । राईले 'पन्जाव विश्व विद्यालय' बाट वि.सं. २०२२ मा बी.ए. उत्तीर्ण गरे ।

सन् १९७३ (वि.सं. २०२९) मा पल्टनबाट अवकाश पाएपछि नेपाल आई आएको चार वर्षपछि वि.सं. २०३३ सालमा त्रिभुवन विश्व विद्यालयबाट अङ्ग्रेजी विषयमा स्नातकोत्तर उतीर्ण गरे । उनले विद्यालयमा प्रधानाध्यापक हुनाका लागि शिक्षाशास्त्र गर्नुपर्ने भएकाले वि.सं. २०३५ मा त्रिभुवन विश्व विद्यालयबाट एक वर्षे बी.एड. पनि गरे । यसरी बाल्यकालको पढ्ने उमेरमा विद्यालयको वातावरण नपाए पनि पढ्ने इच्छा भएका जीतमान राईलाई उमेरको हदले रोकेको छेकेको देखिँदैन । उनले उच्च शिक्षा हासिल गर्ने धोको पुरा गरेरै छोडेको देखिन्छ ।

### २.६ दाम्पत्य जीवन र सन्तान

जीतमान राईको विवाह धरान सुनसरी चौकीबारी निवासी श्यामलाल बान्तवा र मायारानी बान्तवाकी साहिँली छोरी गङ्गासरी राईसँग राई संस्कार अनुसार २०१३ सालमा भएको थियो । विवाह हुँदा उनको उमेर २६ वर्षको र श्रीमतीको उमेर १६ वर्षको थियो । उनकी श्रीमतीले भने विद्यालयको वातावरण पाएकी थिइनन् । उनले बिवाह लगतै श्रीमतीलाई पल्टनमा लगी अध्यापन कार्य गराएका थिए । उनको विवाह भएको दुई वर्षपछि जेठो सन्तानका रूपमा वि.सं. २०१५ पौष १ गतेका दिन नगेन्द्र राईको जन्म भयो । त्यसपछि क्रमश वि.सं. २०१९ असारमा जेठी छोरी शैलेजा, वि.सं. २०२४ भदौमा योगेन्द्र र वि.सं. २०३१ जेठमा सरोजाको जन्म भएको थियो । एक छोरीको चाहिँ सानै उमेरमा मृत्यु भएको थियो ।

उनका जेठा छोरा नगेन्द्र राई ब्रिटिस आर्मी हुन् । पल्टनबाट अवकाश पाएपछि उनी धरान बजारमा सानो कम्प्युटर सेन्टर सञ्चालन गरी बस्दै आएका छन् । उनले वाणिज्य शास्त्रमा स्नातक गरेका छन् । जेठी छोरी शैलेजा राई विगत १५ वर्षदेखि नेपाल टेलिकम अफिस भद्रकालीमा अधिकृत पदमा कार्यरत छिन् र उनले व्यवस्थापन सङ्कायमा एम.बी.एस. गरेकी

छिन् । कान्छा छोरा योगेन्द्र राई 'युनिसेफ अफिस केन्या' मा विगत केही वर्षदेखि कार्यरत छन् । उनले इन्जिनियर विषयमा स्नातक गरेका छन् र कम्प्युटर इन्जिनियर हुन् । कान्छी छोरी सरोजा 'नेपाल टेलिकम अफिस' धरान सुनसरीमा चौथो तहमा कार्यरत छिन् । उनका सबै छोराछोरीहरूको विवाह भइसकेको छ । यसरी लाहुरे बाबुका छोराछोरीहरू धेरै शिक्षित छन् र आ-आफ्नो भरमा बाँच्न सक्ने भएका छन् ।

## २.७ आर्थिक अवस्था

जीतमान राईको परिवार पूर्वार्द्ध चरणमा निम्न मध्यम वर्गीय र उतारार्द्ध चरणमा सामान्य मध्यम वर्गीय परिवार हो । जीतमान राईको परिवार सङ्ख्याका हिसाबले संयुक्त परिवार हो । चार दाजुभाइ र तीन दिदी बहिनी आमा बाबु गरी धेरै परिवार सङ्ख्या थियो । जग्गा जमिन वा पुर्ख्यौली सम्पतिको नाममा धरान देशी लाइनको घर, धरान चौकी बारीमा दुई बिगाहा बारी र मधेशमा एक बिगाहा जति खेत थियो । उनका जेठा दाजु र साइला भाइ पनि लाहुरे नै थिए । तर दाजु भाइले घरमा आर्थिक सहयोग गर्दैनथे । जसको कारण आफ्नो एक्लो कमाइले घर व्यवहार चलाउन अलिक गाह्रो परेको थियो । जे जस्तो भए पनि उनको मनमा भौतिक सम्पतिभन्दा शैक्षिक सम्पति ठुलो सम्पति हो; विद्यालाई कसैले चोर्न सक्तैन; दाजुभाइमा अंशबण्डा पनि लाग्दैन भनेर बेलैमा आफ्ना छोराछोरी पढाए; जागिरे बनाए; लाहुरे बनाए । जसको कारणले घरको आर्थिक अवस्था सम्पन्न बन्दै गयो । राई आफैमा पनि जागिरबाट अवकाश पाएपछि धरानका विभिन्न विद्यालयहरूमा शिक्षण गरे । त्यहाँबाट पनि उनलाई आर्थिक लाभ भएको देखिन्छ । यसरी उनको आर्थिक स्थिति पहिलेको भन्दा पछिल्ला चरणमा वृद्धि हुँदै गएको देखिन्छ ।

## २.८ बसोबास

जीतमान राई ब्रिटिस भारतीय सेनामा १० वर्षको कलिलो उमेरमा भर्ती भई ३२ वर्ष सेवा गरेपछि सुवेदार पदमा अवकाश पाई धरानमा स्थायी बसोबास गर्न थाले । उनका बाबा राजवीर राई पनि धरान ६ देशीलाइन सुनसरीमा बस्दै आएको त्यही घरलाई पुन निर्माण गरी बसेको पाइन्छ । उनमा शिक्षण पेसाप्रति आकर्षण भएको हुँदा उनले आफ्नो पुर्ख्यौली थलो दिक्तेल क्याम्पस खोटाङमा पनि शिक्षण गर्न पुगेको पाइन्छ ।

## २.९ व्यक्तिगत रुचि र स्वभाव

जीतमान राई एक निष्पक्ष सरल स्वाभिमानी, दयालु व्यक्ति र शिक्षाप्रेमी पनि थिए । साहित्य लेखन र अध्ययनमा बडो रुचि थियो । उनी अलिकति फुर्सद मिल्नासाथ समय खेर नफाली हातमा चुरोट समाती कथा, कविता संस्मरण लेख्न बसिहाल्थे । उनलाई राजनीतिमा रुचि थिएन तर कम्युनिस्ट विचार धाराप्रति चासो राख्थे । भ्रमण गर्नमा उनी खुब रमाउँथे । विशेष गरी पहाडी भू-भाग चिसो हावापानी मौसम भएको वातावरणमा रमाउन चाहन्थे । उनलाई पुरानो मधुरता युक्त गीत सङ्गीतमा उनको रुचि थियो । खास गरी नारायण गोपाल, भक्तराज आचार्य, अरूणा लामा र तारादेवीका गीतहरू उनी बढी सुन्थे । उनलाई बाजामा हारमोनियम बढी मन पर्थ्यो । राईलाई बढी मात्रामा विदेशी साहित्यकारहरूमा लियो टाल्सटाय, मोपाँसा, अनातोले फ्रान्स, ओ. हेन्री, गोर्की, अर्नेस्ट हेमिङ्वे, चेखोव, प्रेमचन्द्र र उनीहरूका कृतिको अध्ययन गर्न मन पराउँथे । नेपाली साहित्यकारहरूमा बालकृष्ण सम, भवानी भिक्षु, भीमनिधि तिवारी र राजेन्द्र यादव र उनीहरूका कृतिहरूको अध्ययन गर्न मनपराउँथे । (भूमिका: कथा सङ्ग्रह)

जीतमान राईलाई पोशाकमा साधारण पेन्ट, सर्ट, सुट, टाई मन पर्थ्यो । रङ्गमा कम चम्किलो मन पर्थ्यो । उनी समाज र परिवारमा घुलमेल भएर बस्न रूचाउँथे । उनीमा अलि

स्वभाव कडा थियो तर पनि उनको मन एकदमै सफा र पापरहित थियो । उनी आफूभन्दा ठूलालाई आदर गर्ने र सानालाई माया गर्ने, सम्पूर्ण परिवारको हेरचाह गर्ने र सक्दो परिवारका अन्य सदस्यहरूलाई सहयोग गर्ने स्वभावका थिए । लाहुरबाट छुट्टीमा घर आउँदा आफ्नो सबै कमाई आमाको हातमा दिने गर्थे भनेर छोरी शैलेजा राई जानकारी दिन्छिन् ।

## २.१० कार्यक्षेत्र

जीतमान राईको कार्यक्षेत्र भारतीय अङ्ग्रेज सेनामा बत्तीस वर्ष लामो अवधिसम्म स्थिर रह्यो । सेनाकालमै बी.ए.सम्मको अध्ययन गरेका उनले अवकाश पश्चात् नेपालमा आफ्नो शैक्षिक योग्यताका आधारमा विभिन्न स्कूलहरूमा शिक्षण गरे । यसरी उनले जीवनका सम्पूर्ण कार्यकाल बढीमा लाहुरे र बाँकी जीवन शिक्षण पेसामा रही ज्ञानको प्रचारमा कार्यरत भइरहे ।

## २.११ जागिरे जीवन

जीतमान राई आफ्नो तीक्ष्ण बुद्धिका कारण दशवर्षको बालक कालमै भारतीय अङ्ग्रेज सेनामा व्वाई भर्ती भएका थिए । उनलाई भर्ती भएको पाँच वर्षपछि १५ वर्षमा पूर्ण सिपाहीको दर्ज्यानी दिइएको थियो । सेनामा प्रवेशपछि आफ्नो सही प्रतिभा र कार्यसम्पादनको कारण पल्टनमा विस्तारै पदोन्नति हुँदै गएर बत्तीस वर्षपछि सुवेदार पदमा अवकाश लिइएको पाइन्छ । उनले लाहुरे जीवनबाट अवकाश भएपछि धरान सुनसरीमा 'सेकेन्डरी बोडिङ स्कूल' मा वि.सं. २०२९-३०सम्म दुईवर्ष अङ्ग्रेजी र भूगोल विषयको शिक्षण गरे । त्यहाँ पढाउँदा पढाउँदै उनले वि.एड. नगरेकाले प्रधानाध्यापक हुनबाट बञ्चित हुन परेकाले त्यो पीडालाई समाप्त पार्न उनी बुढेसकालमा एक वर्षे बी.एड गर्न काठमाडौं गएर उतीर्ण पनि गरे । त्यस पश्चात उनले 'श्री शिक्षा निकेतन हाइ स्कूल' धरानमा वि.सं. २०३१-३६ सालसम्म शिक्षण गरे । वि.सं. २०३५ सालमा प्रिन्सिपल भएर पनि शिक्षण गरे । त्यसपछि उनी आफ्नो पुर्ख्यौली थलो 'दिक्तेल क्याम्पस' दिक्तेल खोटाङ्मा शिक्षण गर्न गए । उनले त्यहाँ दुई वर्ष शिक्षण गरे । फेरि उनी 'होरेस क्याडुरी हाइ स्कूल'मा २०३९-४० दुई वर्ष शिक्षण गरे । त्यसपछि फेरी दिक्तेल क्याम्पस पढाउन गए र उनले मृत्युपर्यन्त त्यही शिक्षण गरे । क्याम्पसको वर्से बिदा मनाउन आफ्नो घर धरान झरेको बेलामा उच्च तनावका कारणले उनको मृत्यु भयो । पढ्न बसेको मान्छे बेहोस अवस्थामा परिवारजनले फेला पारी भारतका विभिन्न अस्पतालहरूमा उपचार गर्न लगे तर उनको बेहोस अवस्था मै वि.सं. २०४७ सालमा मृत्यु भयो भनी उनकी छोरी शैलेजा राई जानकारी दिन्छिन् । यसरी उनका सम्पूर्ण जीवन लीला र जागिर समाप्त भएको देखिन्छ ।

## २.१२ भ्रमण

मानिस स्वभावत भ्रमणशील प्राणी हो । अझ जीतमान राईको भ्रमणमा विशेष रुचि थियो । उनले विभिन्न स्वदेश तथा विदेशका भ्रमण गरेका छन् । उनले नागाल्यान्ड, लेन्ससडाउ, कलतत्ता, टिस्टा, सिक्किम, लखनउ, भुटान, क्वेटा आदि र नेपालका इलाम, पोखरा, भोजपुर, दिक्तेल आदि ठाउँका भ्रमण गरेका छन् । उनले यी विविध स्थानहरूबाट आफ्ना साहित्यिक विषय वस्तु र पात्रहरूको चयन गर्दै कथा कविता लेखेका छन् ।

## २.१३ साहित्यिक जीवन

जीतमान राईको साहित्यिक जीवन औपचारिक रूपमा वि.सं २०२४ सालमा 'परित्यक्ता' कथा सङ्ग्रहबाट सुरु भएको पाइन्छ । त्यसपछि उनले वि सं २०३३ सालमा 'तृषाल आत्मा बाँचिदिन्छ सधैँभरि 'कथा सङ्ग्रह प्रकाशन गरेका छन् । एक कविता सङ्ग्रह 'ओ काठमांडौ' (२०४८)

र 'अँध्यारो' (२०५७) चाहि उनका मृत्युपर्यन्त प्रकाशन गरिदिएका छन् (भूमिका : अँध्यारो तिर) । यसरी राईले लाहुरे जीवनका अध्ययन र्सावजनिक रूपमा वि .स २०२४ पछि साहित्य सिर्जना शुरु गरेका छन् ।

### २.१३.१ लेखनमा प्रेरणा र प्रभाव

जीतमान राईको पारिवारिक पृष्ठभूमिमा कोही पनि साहित्यिक व्यक्तित्व थिएन । त्यसबेला राई समुदायमा बढी लाहुर जाने चलन थियो । त्यस कारण उनी पनि दश वर्षको कलिलो उमेरमा नै भारतीय अङ्ग्रेज सेनामा भर्ती भए । उनले लेखन कलामा पारिवारिक व्यक्तित्वहरूबाट हौसला र प्रेरणा प्राप्त गरेका होइनन् । दश वर्षको कलिलो उमेरमा भर्ती भएका राईले आफ्नो सैनिक कर्तव्य अन्तर्गत 'आर्मी र एजुकेसन कर्प' मा रही उनले लगनशील भएर अध्ययन गरे । उनले पन्जाव विश्वविद्यालयबाट आई.ए.पास गरे । त्यस्तै गरी सौगार विश्व विद्यालयबाट स्नातक उत्तीर्ण गरे । उनको मूल विषय अङ्ग्रेजी हुनाले उनले पाश्चात्य साहित्य र साहित्यकारहरूको अध्ययन गर्ने मौका पाए । विशेष गरी राई टाल्सटाय, अनातोले फ्रान्स, ओ.हेनरी, मोपासाँ, गोर्की, चेखोव, समरसेट, अर्नेष्ट हेमिङ्गवे, प्रेमचन्द्र, सुदर्शन, अल्वर्ट कामु, सार्त्रे, फ्रायड, बालकृष्ण सम, भवानी भिक्षु र इन्द्रबहादुर राई आदि साहित्यकारका लेखन कलाबाट प्रभावित छन् ।

राईले आफूले पल्टनबाट घर जाँदा आउँदा बाटामा देखेका भोगेका दृश्यहरूलाई कलात्मक यथार्थका रूपमा आफ्ना कृतिहरूमा उतारेका छन् । आफ्नो पुर्ख्यौली थलोका गाउँले परिवेशमा ती गाउँलेहरूले दैवी प्रकोपका कारण भोगेका दु:ख र पीडाहरूलाई यथार्थ ढङ्गले प्रस्तुत गरेका छन् । उनले आफ्ना कृतिहरूमा अज्ञान, अशिक्षा, गरिबीका कारण मानव जीवनले भोगेका दयानीय अवस्थालाई बढी मात्रामा यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यसका साथै उनले यौन मनोविज्ञानमा आधारित कथाहरू पनि लेखेका छन् ।

यसरी राईले साहित्यक लेखनमा प्रेरणा र प्रभाव आफ्ना पारिवारिक पृष्ठभूमिबाट प्राप्त नगरी साहित्यिक सिद्धान्त, साहित्यिक कृतिहरूको अध्ययन र आफ्नो जन्मजात प्रतिभा, अभ्यास अनि प्राप्त वातावरण (व्युत्पत्ति) को कारणले साहित्यिक लेखन आरम्भ गरेको पाइन्छ ।

### २.१३.२ लेखन तथा प्रकाशनको आरम्भ

जीतमान राईको साहित्य लेखन धेरै पछाडि चौबिस पच्चिस वर्षको उमेरबाट सुरु भएको पाइन्छ । 'परित्यक्ता (२०२४)' कथा सङ्ग्रहका भूमिकामा वि.सं. २०११ सालबाट कथा लेखन सुरु भएको भनिएको छ । उनका २०११ सालबाट लेख्न सुरु गरिएका कथाहरू 'दियालो' 'सैनिक समाचार' 'पर्वते, ''नव प्रेरणा' जस्ता पत्रिकाहरूमा प्रकाशित भएका छन् । वि.सं. २०११ देखि वि.सं. २०२३ सम्मका कथाहरूलाई सङ्ग्रहित गरी पुस्तकाकार कृतिका रूपमा सर्वप्रथम २०२४ सालमा 'परित्यक्ता' कथा सङ्ग्रह प्रकाशित भएको हो ।

वि.सं. २०२४ पछि विभिन्न सात (७) कथाहरूलाई सङ्कलन गरी २०३३ सालमा 'तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि' कथा सङ्ग्रह प्रकाशित भएको छ । त्यस्तै गरी अङ्ग्रेजी भाषामा पनि उनको 'ओ काठमाण्डु' (२०४८) बीस ओटा फुटकर कविताहरूको सङ्ग्रह प्रकाशित भएको छ । उनको अन्तिम कथा सङ्ग्रह 'अँध्यारोतिर' (२०५७) मृत्युपर्यन्त उनका परिवारले प्रकाशित गरिदिएका छन् ।

यसरी नेपाली साहित्यमा छोटो समयमा परिमाणात्मक तथा गुणात्मक साहित्य सिर्जना गर्ने प्रतिभाका धनी जीतमान राई बहुमुखी सर्जक हुन् । जीतमान राई फौजी कथाकार हुन् । फौजी कथा नै बढी मात्रामा हामीलाई दिइएको देन हो । राइका प्रायः सबै कथाहरू मार्मिक र दुःखान्त प्रवृत्तिका लाग्छन् । प्रत्येक कथामा नायक वा नायिकाको दुखद मृत्यु हुन्छ । यसमा स्वभाविकता पनि छ । मानिसको समग्र जीवनलाई हेर्नुपऱ्यो भने राईको कथा पढे हुन्छ । कथाको अन्त्यमा मृत्यु हुन्छ किनकि जीवनको समग्रमा सम्पूर्णता मृत्यु हो ।

### २.१३.३ प्रकाशित पुस्तककार कृति

स्रष्टा जीतमान राईले आफूलाई फौजी जीवन, शिक्षकबाहेक नेपाली साहित्यको सिर्जनामा पनि समर्पित गरेका छन् । उनले नेपाली साहित्यका कथा, कविता जस्ता मुलविद्यामा कलम चलाएका छन् । अनि संस्मरण उपविधामा पनि कलम सक्रिय बनाएका छन् । उनका तीन कथा सङ्ग्रह 'परित्यत्ता', 'तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि' र अध्याँरोतिर प्रकाशित भएका छन् । उनका एक कविता सङ्ग्रह 'ओ काठमाण्डु' र केही संस्मरणहरू प्रकाशित भएका छन् । उनका सङ्ग्रह स्वरूपका पुस्तककार कृतिहरूको विवरण यसप्रकार छ :

- 'परित्यक्ता' (२०२४) कथा सङ्ग्रहमा सोह्र वटा कथा (१६)
- 'तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि' (२०३३) कथा सङ्ग्रहमा (७) सात वटा कथा
- 'ओ काठमाण्डु' (२०४२) कविता सङ्ग्रहमा बीस वटा कविता (२०)
- 'अँध्यारोतिर' (२०५७) कथा सङ्ग्रहमा दस वटा कथा (१०)

### २.१३.४ पुरस्कार तथा सम्मान

भाषा, साहित्य र समाजको सेवामा समर्पित त्यस समाज वा राष्ट्रले सम्मानित र पुरस्कृत गर्ने गर्छ । यस्तो सम्मान तथा पुरस्कार अमूल्य र अनमोल हुन्छ । चाहे त्यो एउटा सानो वस्तु किन नहोस, चाहे त्यो ठूलो रकम किन नहोस्, बस् यति मात्र फरक हुन्छ । त्यसको परिमाणमा धेरै थोरै तर सम्मान र पुरस्कारै हुन्छ, जुन परिमाण र आवश्यकतासँग दजाइँदैन । जीतमान राईलाई फौजी क्षेत्रमा कार्य गरेबापत जुन पदक पदवी सम्मान पुरस्कार त्यसबाहेक नेपाली साहित्यमा योगदान गरे वापत सम्मान पुरस्कार दिइएको छैन ।

राईलाई फौजी पल्टनमा भने विभिन्न पदकहरूबाट सम्मान गरिएको छ । उनलाई पदक प्रदान गरी सम्मान गरिएको छ ।

उनले पाएका विभिन्न पदक तथा पुरस्कारहरूको विवरण यसप्रकार छ :

- वार मेडल
- इन्ड मेडल
- गोरखा मेडल
- जेनेरल सर्भिस सम्मान
- सङ्ग्राम सम्मान
- नौ वर्षे सेवा सम्मान
- सिल्भर जुब्ली पदक
- सैन्य सेवा सम्मान

## २.१४ साहित्यिक मान्यता र जीवन दर्शन

मानव संसारका हरेक मानिस कुनै न कुनै मान्यता र दर्शनबाट सञ्चालित हुन्छन् । दर्शन र मान्यताले मानव जातिको पथ प्रर्दशकको काम पनि गर्छ । मान्छेले भोलिको दिनमा कहाँसम्म पुग्ने, पुग्नका लागि कस्तो बाटो अपनाउने, कता, कस्तो क्षेत्रमा कसरी जाने भन्ने कुराको ज्ञान दर्शनले दिने हुनाले यो अति महत्त्वपूर्ण र अपरिहार्य मानिन्छ । मान्छेको जीवन पनि यस्तै दर्शन द्वारा निर्देशित हुन्छ । जीतमान राई भने आज राम्रो कर्म गर भोलि त्यसै राम्रो हुनेछ भन्ने मान्यताका मान्छे थिए । उनी कर्ममा विश्वास गर्ने उद्देश्य जहिले पनि लिनुपर्छ भन्ने विचारका थिए । आज सुख छ भनेर मोज नगर्ने भोलिका दुःखका लागि पनि बचत गर्नुपर्छ भनेर उनी बारम्बार भन्थे । उनका जीवनभर नारा नै सेभ फर रेनी डेज थियो ।

राईमा स्वतन्त्रता, मातृत्व, समानता र आशावादी रहनु पर्ने विश्वास छ । भौतिक परिवर्तनमा द्वन्द्वात्मक भौतिक वादी दृष्टिकोणलाई प्राकृतिक सत्य तथ्यका रूपमा स्विकारेको पाइन्छ । उनका कृतिका अधिकांश पात्रहरू द्वन्द्व गर्छन् कर्ममा विश्वास गर्छन् । उनमा कर्ममा, परिश्रममा विश्वास गर्ने आशावादी विचार पाइन्छ । परिश्रम गर्न सक्नुपर्दछ फल अवश्य प्राप्त गर्न सकिन्छ भन्ने उनको जीवनदर्शन हो । उनी एक एक पल समयको ख्याल राख्ने व्यक्ति थिए । आफ्नो फौजी कर्तव्य र शिक्षणबाट फूर्सद मिल्नासाथ विभिन्न ज्ञान विज्ञानका साहित्यका पुस्तक पढ्ने र साहित्य सिर्जना गर्थे । यस धर्तीमा जन्म लिइ सकेपछि केही काम गरी नाम कीर्ति राखेर जानुपर्छ भन्ने अस्तित्व वादी विचारका वकालत गर्थे । दश वर्षको उमेरमा भर्ती भई बत्तीस वर्षसम्म नोकरी गरी फौजी जीवनमै स्नातकसम्मको अध्ययन गरे ।

उनमा कला र साहित्य जीवनमुखी हुनुपर्छ मात्र मनोरञ्जनको साधन नभई जीवन भोगाइका दुःःख सुख, मिलन विछोड, हाँसो आँशु, विरह व्यथा, आशा निराशा जस्ता सम्पूर्ण सापेक्षतामा हुनुपर्छ (भूमिका) साहित्यले समाजलाई पथ प्रदर्शन गर्नुपर्छ । साहित्यले जीवनका आदर्श पक्षको मात्र चित्रण नगरी बहु आयामको उद्घाटन गर्नुपर्छ । एक कृतिको सिर्जना गर्नुपरे दश कृतिहरूको अध्ययन गर्नुपर्छ भन्ने भनाइ रहेको छ । यसरी उनले साहित्य सिर्जनामा व्युत्पति तत्त्वका सर्वोपरितालाई स्विकारेका छन् ।

जीतमान राई कविताका विषयमा आफूलाई स्वछन्दता वादी प्रकृतिका पक्षपाती कविका रूपमा चिनाएका छन् । उनी सहरका कोलाहल, इर्ष्या, षड्यन्त्र, बनावटी सुन्दरता, जालझेल र यान्त्रिकता कतिपनि मन पराउदैन । प्रकृतिको स्वच्छता नै उनलाई बढी मनपर्छ उनी यसैमा रमाउन चाहन्छन् । प्रकृतिलाई साथी अभिभावक र सबै दुःख पीडालाई हरण गर्ने शक्ति केबल प्रकृतिमा छ त्यसकारण यसको सङ्गत गर्नुपर्ने विचारलाई कविले कवितामा व्यक्त गरेका छन् । राई आफ्नो अतीत्प्रतिको मोहलाई कवितामा व्यक्त गर्दछन् । आफ्नो बालककाल, बालककालको मुस्कान र मुस्कानमा झल्किने निर्दोषीपन उनलाई ज्यादै मनपर्छ । उनी कविताका कथ्य विषयहरूलाई प्रतीकात्मक रूपमा पनि प्रस्तुत गर्दछन् ।

यसरी राई विशेषगरी कथाहरूमा सामाजिक यथार्थ मनोवैज्ञानिक यथार्थ, दोस्रो विश्वयुद्धको युद्ध विभीषिकाले जन्माएको विसङ्गति शून्यवोध त्यसमा अस्तित्व खोजी गरिएको विषयलाई उनले प्रस्तुत गरेका छन् । कवितामा उनी पूर्णरूपमा स्वछन्दता वादी बन्न पुगेका छन् ।

## तेस्रो परिच्छेद


## जीतमान राईको व्यक्तित्व

### ३.१ पृष्ठभूमि

मानिसको जीवनका विभिन्न क्रियाकलाप नै उसको व्यक्तित्व निर्माणका आधार हुन् । उसको जीवनका घटना उत्तारचढाव सुख दुःख मोड उपमोड आदिले उसको पारिवारिक वातावरण, आर्थिक, सामाजिक र शैक्षिक परिवेश आदिले व्यक्तित्व निर्माणमा ठूलो भूमिका खेलेको हुन्छ । व्यक्तित्वको अर्थ एक रूपता वा अनुरूपताको निर्माण हो । वास्तवमा व्यक्तिको जीवनमा देखापरेका विविध पक्षमा निहित प्रतिभाले उसको व्यक्तित्वको परिचय दिन्छ । अतः व्यक्तित्व व्यक्तिको अनुभव, ज्ञान, आस्था, झुकाव शिक्षा दिक्षा मूलप्रवृति तथा आर्जित गुण र प्रवृतिको समूह हो र व्यत्तिले नै समाजलाई चिनाउँछ । समाजमा उसले देखेका विविध आचरण साथै उसका रुचि र स्वभावबाट व्यक्तित्वको प्रष्ट छाप परेको हुन्छ । व्यक्तिको यस्तो व्यक्तित्व निर्माणमा उसको परिवार, समाज, समकालीन सङ्गत, नातागोता, कुल कुटुम्ब, धर्म संस्कृति आदर्श र विचार दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । एकै व्यक्ति विविध क्षेत्रमा संलग्न हुँदा उसका व्यक्तित्वका बहु विधा पाटाहरूको निर्माण हुन्छ । यसरी निर्मित व्यक्तित्वलाई उसको आफ्नो सार्वजनिक र निजी गरी दुई आधारमा मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.२ जीतमान राईको व्यक्तित्वका पाटाहरू

जीतमान राईको वि .स (१९८७ -२०५७) बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले जीवनमा विभिन्न भूमिका , कर्तव्य र दायित्व निर्वाह गरेर आफ्नो बहुमुखी व्यक्तित्वका विकास गरेका छन् । उनका व्यक्तित्वका पाटाहरुलाई वृक्ष रेखामा देखाउन सकिन्छ ।




### ३.२.१ निजी व्यक्तित्व

व्यक्तिका निजी कुराहरूसँग सम्बन्धित विषयलाई निजी व्यक्तित्व भनिन्छ । व्यक्तिका निजी बानी व्यवहारसँग सम्बन्धित व्यक्तित्वका प्रभाव सामाजिक व्यक्तित्वमा पर्दछन् निजी व्यक्तित्वले व्यक्तिको बाहिरी अर्थात् शारीरिक पक्ष र भित्री तथा आन्तरिक पक्षको बोध गराउने भएकोले यसलाई दुई भागमा वर्गीकरण गरी अध्ययन गर्दा सजिलो हुने हुनाले यसै अनुरूप गरिएको छ ।

### ३.२.१.१ बाह्य व्यक्तित्व

व्यक्तिका शारीरिक बनावट नै उसको बाह्य व्यक्तित्व हो । यसै आधारमा जीतमान राईलाई चिनाउँदा उसको उचाई जिउडालको बनावट अनुसार पाँच फिट पाँच इन्च कद भएको गहुँगोरो, ठूलो निधार ठूला आँखा र बाक्लो आखीभौँ भएको, बाटुलो अनुहार र भएको गहकिलो व्यक्तित्वका धनी थिए । उनी सुन्दर हसिलो अनुहार जिज्ञासु स्वभाव, तीक्ष्ण दृष्टि र मिलेको ठूलो कान भएका, न दुब्लो न मोटो मध्यस्तरको शरीर भएका हेर्दा भद्र देखिने राई फूर्सद हुनासाथ समय खेर नफाली कथा र कविता लेखनमा व्यस्त हुन्थे ।

### ३.२.१.२ आन्तरिक व्यक्तित्व

मान्छेका आन्तारिक व्यक्तित्वमा उसका बानी व्यहोरा, स्वभाव आचरण आदि पर्दछन् । यस्तै आधारमा जीतमान राईको आन्तरिक व्यक्तित्व बुझ्दा उनी एक निष्पक्ष सरल स्वाभिमानी र दयालु स्वभावका व्यक्ति थिए । गम्भीर स्वभावको, शिक्षाप्रेमी र साहित्यमा बडो उनको रुचि थियो । उनी परिवार र समाजमा घुलमिल भएर बस्न रूचाउँथे । फौजी मान्छे भएको र बाबु पनि फौजी नै भएका कारणले होला स्वभावमा अलि कडा किसिमको थिए । स्वभावमा अलि कडा भएपनि मन भने एकदमै सफा र पापरहित मन भएको साहसी व्यक्तित्वका धनी जीतमान राई थिए । आन्तरिक वेदना कुण्ठा भएर पनि भित्रभित्रै दबाएर राख्ने, अरूको दुःख पीडालाई आफ्नै पीडा सम्झने राईका सहयोगी भावना तीव्र रूपमा पाइन्छ । कसैलाई ठूलो सानो जात धनी गरीब आदि जस्तो भेदभाव नगर्ने उनीमा सबैप्रति समान मित्रवत व्यवहार उनमा पाइन्छ ।

उनी विशेष रूपमा शिक्षा प्रचार प्रसार सहरमुखी मात्र नभई विकट पाखा भीर पहाराका खेताला गोठालाहरू तथा शिक्षाबाट बञ्चित भएका दुर्गम भेगबाट गर्नुपर्छ भन्ने सोचभएका व्यक्ति हुन् । किनभने बत्तीस वर्षको फौजी जीवनबाट अवकाश पश्चात सुविधा सम्पन्न ठाउँ धरान सुनसरीमा ढुक्क बस्न छाडेर बुढेशकालमा आफ्नो पुर्ख्यौली थलो खोटाङ दिक्तेलमा शिक्षण गर्न गएका थिए । उनका सिर्जनामा नेपाल र नेपालीहरूले आफ्नो अशिक्षाका कारण दुःख पाइरहेका छन् । त्यसकारण नेपालीहरूले आफ्नो शैक्षिक स्तरको विकास गर्नुपर्छ भन्ने विचार पाइन्छ ।

जीतमान राईको प्रसंशा गर्नुपर्ने स्वभाव भनेको कुनै कार्य गर्न लागेपछि त्यसलाई पुरा गर्न आजीवन धैर्यका साथ निरन्तर प्रयास गरिरहने धैर्यवान व्यक्ति हुन् । उद्देश्य प्राप्तिका लागि सदैव समर्पित भइरहने लगनशील व्यक्तित्व र 'भोलिका दुःखका दिनका लागि बचत गर्नुपर्छ' भन्ने दुरदर्शी व्यक्तित्व जीतमान राईमा पाइन्छ ।

### ३.२.२ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । समाज बिना उसको पृथक अस्तित्व छैन । समाजका हरेक क्रियाकलापमा उसको संलग्नता रहन्छ । समाजका लागि उसले गरेका सम्पूर्ण क्रियाकलापहरूका आधारमा उनको सार्वजनिक व्यक्तित्व निर्धारण गरिन्छ । जीतमान राईले साहित्यका अतिरिक्त साहित्येत्तर कामहरू पनि गरेका छन् । त्यसकारण उनको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर गरी दुई भागमा राखेर विश्लेषण गर्न सकिन्छ । जीतमान राईले निमा छिरिङ शेर्पाका अनुसार वि.सं. २०११ सालबाट कथा लेख्न सुरु गरेका थिए । (भूमिका २०२४) उनको औपचारिक कथा लेखन वि.सं. २०२४ बाट भएको देखिन्छ । उनको 'परित्यक्ता' (२०२४) कथा सङ्ग्रह प्रथम पुस्तककार कृति हो । यस कथा सङ्ग्रहका कथाहरूमा लाहुरे जीवनसँग सम्बन्धित विषय वस्तुलाई प्रस्तुत गरिएको छ । पात्रहरूको दयानीय अवस्थाको चित्रणले पाठकहरूलाई आँशुको सागरमा डुबाइदिएका छन् । पूर्वदीप्ति शैलीमा खण्ड खण्ड गरी बुनिएका घटनाहरूको समायोजन

सुव्यवस्थित छ अनि हृदयमा एउटा दिगो प्रभाव राखिदिएको छ । कतिपय संयोगान्त कथाहरूले स्वस्थ्य मनोरञ्जन पनि दिन सकेको छ ।

वि.सं. २०२४ पछि राईका कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । खास गरी 'दियालो' 'नवप्रेरणा' 'सैनिक समाचार' र 'पर्वत' मा प्रकाशित भएका छन् । उनका कथाहरूमा सामाजिक, मनोविज्ञान, विसङ्गति, अस्तित्व वादी र आयमिक विषयस्तु रहेको छ ।

उनका कविता सङ्ग्रह 'ओ काठमाण्डु' (२०४२) मा सहरीया नगर सभ्यताको विरोध प्राकृतिक ग्रामीण बस्तीको वातावरणको महत्त्वलाई प्रस्तुत गरेका छन् । सहरिया वातावरण सबै कृत्रिम बनावटी नक्कली आवरणले ढाकिएको खोलमात्र हो । ग्रामीण भेगमा सबै वस्तु जगत प्राकृतिक हुन्छ । सहरका कोलाहल, तनाव, षड्यन्त्र, प्रदुषणबाट मुक्त रहन प्राकृतिकतालाई रोज्नुपर्ने आग्रह राईले आफ्ना कवितामा गरेका छन् । उनले विश्वबन्धुत्व भाइचारा मानवता वादी विचारका वकालत गरेका छन् ।

### ३.२.२.१ कथाकार व्यक्तित्व

जीतमान राई वि.सं. २०११ सालदेखि छिट्फुट मात्रामा कथा लेख्न थालेको पाइन्छ । उनका कथा लेखनको सार्वजनिक यात्रा चाहिँ वि.सं. २०२४ सालमा प्रकाशित 'परित्यक्ता' कथा सङ्ग्रहबाट भएको हो । राईले २०११ बाट लेख्न सुरु गरिएको र वि.सं. २०२३सम्मका पाण्डुलिपिहरूलाई एकै ठाउँमा सङ्ग्रह गरी सोह्रवटा (१६) कथा 'परित्यक्ता' कथा सङ्ग्रहमा प्रकाशित गरेका छन् । उनका विभिन्न पत्रपत्रिका 'दियालो' नवप्रेरणा र 'सैनिक समाचार'मा प्रकाशित कथाहरूलाई सङ्कलन गरेर सातवटा कथाहरूको सङ्ग्रह 'तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि' (२०३३) प्रकाशित गरेका छन् । त्यसपछि उनले बीसवटा (२०) अङ्ग्रेजी फूटकर कविताहरूको सङ्ग्रह 'ओ काठमाण्डु' (२०४८) प्रकाशित गरेका छन् । उनका अन्तिम कथा सङ्ग्रह 'अँध्यारोतिर' (२०५७) उनको मृत्युपर्यन्त प्रकाशित कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा विभिन्न पत्रिकाहरू 'रूपरेखा' 'चन्द्रमासी' 'उत्थान' साहित्यलोक, 'कल्पना' र फेवा आदिमा प्रकाशित गरिएका दशवटा (१०) कथाहरूलाई सङ्ग्रहीत गरिएको छ ।

राईको समग्र कथा लेखनका सार्वजनिक यात्रा यिनै कथाहरूको माध्यमबाट भएको हो । उनले आफ्ना कथाहरूमा आफ्नो विचार चिन्तन मार्फत जीवनलाई गहिरो रूपबाट हेरेका छन् । उनले व्यवहारमा मसिना अनुभूतिलाई आफ्नो कथाको विषय वस्तुका रूपमा लिएका छन् । वास्तवमा जीवन जटिल, निस्सार र कटु छ । मान्छे आफू बाँच्ने क्रममा कति लाचार र दुःखी छ अनि आफू बाँच्न अरू माथि कति शोषण र दमन गर्छन् भन्ने यी कुराहरूमा उनेर चिन्तन गर्ने सामाजिक चेत भएका कथाकारका रूपमा जीतमान राई रहेका छन् । उनी आफ्नो विचार चिन्तन सोचाईलाई यथार्थ जीवन प्रक्रियासँग सम्बद्ध गर्दै युगीन यथार्थको पुरै झल्को दिने कथाकार हुन् । आजका मान्छेहरू आदर्श र नैतिकताका घुम्टो ओढेर बाहिरी ईश्वरका रूप र भित्र राक्षसी रूप लिएर हिड्ने बहुरूपी प्रवृत्तिका छन् । जबसम्म यस प्रवृतिको अन्त्य हुदैन तबसम्म द्वन्द्व रोग भोक, शोक र शोषणरहित स्वस्थ्य समाज राष्ट्र र विश्वको निर्माण हुन सक्दैन भन्ने सार उनका कथाहरूमा पाइन्छ ।

राई फौजी (लाहुरे) कथाकार भएका कारणले आफू र आफूजस्तै हजारौं नेपाली दाजुभाइहरूका गरिबी र बाध्यताहरूलाई कथामा विषय वस्तुका रूपमा प्रस्तुत गरेका छन् । कतिपय नेपालीहरू अज्ञानता अशिक्षा र साथीभाइहरूका लहै लहैमा लागेर विदेशी भीर, पहरा, समुन्द्र, मरूभूमि र विदेशीहरूका गल्लीमा कुहिनु परेको तीतो यथार्थलाई पनि उनले आफ्ना

कथामा समावेश गरेका छन् । नेपाली दाजु भाइहरू जटिल र जोखिम र कठिन कार्यहरू गर्दछन् । केवल आफ्नो आत्मालाई विदेशी डलरहरूमा बेच्छन् । तरपनि उनीहरूमा विलासीपन हराउँदैन । यस कारण पनि राईका कथाका पात्रहरूका जीवन दुर्घटित हुने कारण बनेका छन् । आफ्नो घर परिवारका छोराछोरीहरू, श्रीमान, बाबु परदेश रहँदा बस्न र परदेशका व्यक्तिहरूका मनमा उत्पन्न हुने गाउँघरका माया ममता सम्झनाहरूलाई पनि उनले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । युद्व, हत्या, हिंसा, बम बारूद र कमाण्डरको आदेशलाई स्वीकार गर्नुपर्ने सैनिक विवशताहरूलाई पनि उनले विभिन्न पात्रहरूका माध्यमबाट प्रस्तुत गरेका छन् । उनले जीवनका एक पाटालाई मात्र नभई अनेक आयामलाई प्रस्तुत गरेका छन् । राईका कथाहरूका परिवेश फौजी जीवनका परिवेश, मानवीय कुण्ठित मनस्थिति, सामाजिक विसङ्गत परिस्थिति रहेका छन् । उनका कथाहरूमा स्वभाविक रूपमा शीर्षक चयन, वस्तुविधान, चरित्र चित्रण, पात्रानुकुल विभिन्न स्रोतका भाषाभाषिकाहरूका प्रयोग भएको छ ।

यसरी उनका कथाहरू आधुनिक कथा मान्यता अनुरूप राष्ट्रिय अन्तर्राष्ट्रिय पृष्ठभूमिमा आफूले भोगेका, देखेका, अनुभव गरेका र सम्पूर्ण कुराहरूका तथ्य बोधका आधारमा कथा सिर्जना गरेका छन् । उनले सामाजिक यथार्थ, मानवीय प्राकृतिक यौन चाहना, कुण्ठा आदिको मनोवैज्ञानिक चिरफार गर्नुका साथै विकृति विसङ्गत र अस्तित्वको उद्घाटन गर्दै मानवीय सर्वआयामिक तथ्यको विषयलाई कथामा स्थान दिएका छन् । यसरी समग्रमा उनका कथाकार व्यक्तित्व नेपाली कथा विधाका क्षेत्रमा महत्त्वपूर्ण रहेको छ ।

### ३.२.२.२ कवि व्यक्तित्व

जीतमान राईको कविता लेखनको पहिलो प्रयास स्वरूप वि.सं. २०२६ सालदेखि २०४७ सालसम्मका फूटकर कविताहरूलाई सङ्ग्रह गरी अङ्ग्रेजी भाषामा ‘ओ काठमाण्डु’ (२०४८) प्रकाशन भएको छ । यस कविता सङ्ग्रहमा बीस फूटकर कविताहरू सङ्ग्रहीत भएका छन् । यी कविताहरूमा प्रकृति सुन्दरता, प्रकृतिप्रेम, नागर सभ्यताप्रतिको विरोध, प्रगतिशीलता र भावुकता कोमलता जस्ता विशेषताहरू पाइन्छ ।

उनका उपर्युक्त कविता सङग्रहमा सङ्ग्रहीत कविताहरू मार्फत काठमाण्डौं सहरका विकृति, विसङ्गति, कृत्रिमता, गरीब दुःखीहरूका वेदना, ग्रामीण परिवेशका प्राकृतिकता, मानवता वादी स्वर, प्राकृतिक सुन्दरता र मायाप्रेमका भावहरू यत्रतत्र व्यक्त भएका छन् । उनका कवितामा बौद्धिकता, भावनात्मकता, कोमलता, कल्पनाशीलता लामा लामा वाक्य विन्यास, सहरिया परिवेशको कृतिमताप्रति वितृष्णा र ग्रामीण सभ्यताप्रति समर्थन पाइन्छ । उनले सहरिया वातावरणलाई कतिपनि मन पराएका छैनन् । काठमाण्डुका ज्यापुहरूप्रति र दुःखी गरिबहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । ग्रामीण परिवेशमा मात्र पाउन सकिन्छ भन्ने उनका कवितात्मक सार बनेको छ । उनले अन्तराष्ट्रिय परिवेशमा कविता सिर्जना गरेका छन् । जस्तै : ‘अ वर्ड टु साउथ अफ्रिकन ब्रोदर’ कवितामा अफ्रिकाली काला जातिहरू गोराहरूको विभेदलाई सहनु परेको बाध्यतालाई प्रस्तुत गरिएको छ ।

वास्तवमा उनका सम्पूर्ण कविताहरू कल्पनाशीलता र यथार्थमा आधारित रहेका छन् । कविताहरूभित्र भावना, कल्पना, हार्दिकता, प्रगतिशीलता, अतीतप्रतिको मोह पाइन्छ । कविताहरू प्रकृतिका काखमा बसेर सिर्जिएका छन् । प्रकृतिलाई ज्ञानका भण्डारका रूपमा स्वीकार गरी कविता सिर्जिएका छन् । यसरी राई एक स्वछन्दता वादी प्रगति वादी कविका रूपमा चिनिन्छन् । उनको भाव भाषाशैलीमा सरलता पाइन्छ ।

### ३.२.२.३ संस्मरणकार व्यक्तित्व

जीवनका गतिहरूको स्मृति साक्षार्थ अङ्क गरिने कामको नाम सस्मरण हो । यसमा निजात्मक संवेदना हुन्छ । वितेका प्रसङ्गलाई वर्तमानमा ल्याएर लेखकले पाठकलाई बाँडिदिन्छ । यसबाट निबन्धबाट वैशिष्ट प्रबल रूपमा रहन्छ । यो व्यक्ति, विषय, घटना, स्थान यात्रा आदिलाई स्मृतिमा जागृत बनेर तयार गरिन्छ र यात्राको स्मरण चाहिँ यात्रा वरित बनेर उपस्थित भएको हुन्छ (सुवेदी, २०६२ : पृ.१२) । वास्तवमा संस्मरण भनेको व्यक्तिले आत्मापरक शैलीमा आफूले विगत गरेको भ्रमण अवलोकन बारेमा वर्तमानमा व्यक्त गर्दै पाठकलाई सँगै यात्रा गराउनु हो ।

संस्मरणकार जीतमान राईले पनि आफ्नो लाहुरे जीवनमा विश्वका विभिन्न स्थान, देश विदेशका भ्रमण गरेका छन् । आफ्ना फौजी कर्तव्यका क्रममा भारतका विभिन्न स्थान, मलायाका विभिन्न, र पल्टनबाट जाँदा आउँदा बाटोमा विभिन्न स्थान अनि वस्तुहरूका अवलोकन गरेका छन् । तात्कालीन यात्राका क्रममा देखेका, भोगेका र अवलोकन गरेका विषयलाई अतीतको सम्झना गर्दै वर्तमानमा संस्मरण गरेका छन् । यस कारण उनको संस्मरणकार व्यक्तित्वको विकास भएको छ । उनका संस्मरण कृतिहरूमा छाम्पाहारीको छायाँमा दुम्फेनाको दुइरात, विस्मृतिको धूलोभित्र, मेरो मुलुकको मान्छे, तीन घुम्ती काटेपछि र मेरो अतीत रहेको छ । राईको दुम्फेनाको दुई रात दार्जिलिङदेखि भुटान गएर त्यहाँ गरेका भ्रमणमा आधारित रहेको छ । भुटानका दुम्फेना भन्ने ठाउँका डुक्पाहरूसँग गरेका चिनजान, उनीहरूका सोझोपन, उनीहरूका जीवनशैली, व्यवहारहरूलाई संस्मरण गरेर आत्मा वर्णनात्मक शैली प्रस्तुत गरेका छन् । 'विस्मृतिको धुलोभित्र' संस्मरणमा राईले आफ्नो पल्टनका एक साथी अजीतकुमार बनर्जीको व्यवहारलाई सम्झना गर्दै लेखेका छन् । 'तीन घुम्ती काटेपछि' मा राईले भारतको गढवाल राइफल रेजिमेन्टल सेन्टरमा रहँदाको आत्मा कथालाई संस्मरण रूप दिएका छन् । उनले त्यहाँका प्राकृतिक भूगोल र सुन्दरतालाई नेपालका कञ्चनजङ्घा क्षेत्रसाग तुलना गर्दै लेखेका छन् । मेरो मुलुकको मान्छे संस्मरणमा नेपालीहरू जोगबनी कटिहार क्षेत्र पुगेपछि त्यहाँका ठगहरूबाट ठगिएको विषयलाई स्मरण गर्दै संस्मरण कृति सिर्जना गरेका छन् ।

यसरी जीतमान राईले जीवनका विभिन्न क्षणमा गरेका भ्रमण र यात्राबाट प्रभावित भई उनले ती घटनाहरूका व्यवहारबाट प्रभावित भई आत्मापरक शैलीमा संस्मरण सिर्जना गरेका छन् र उनका संस्मरणहरूले पाठकहरूलाई पनि सँगै डुलाएका छन् ।

### ३.२.२. साहित्येतर व्यक्तित्व

साहित्य भन्दा बाहिर अन्य कार्यसँग सम्बद्ध व्यक्तित्व नै साहित्येतर व्यक्तित्व हो । साहित्येतर व्यक्तित्वहरूमा जीतमान राई लाहुरे, शिक्षक र अभिभावक व्यक्तित्वका रूपमा रहेका छन् । उनको यसै व्यक्तित्वका चर्चा निम्न प्रकारले गरिएको छ ।

### ३.२.२.१ लाहुरे व्यक्तित्व

समाज, राष्ट्र अन्तराष्ट्र सम्बन्धी विविध कार्यमा आफूलाई संलग्नता गराएर त्यही सम्बद्ध नियम कानुनको परिपालना गर्दै विकासात्मक एवम् रचनात्मक कार्यमा लाग्नु मानवीय दायित्व र कर्तव्य हो । राष्ट्रिय र अन्तराष्ट्रिय हितका लागि कल्याणकारी कार्य गर्दै जाँदा मान्छेको सामाजिक व्यक्तित्व बन्दै जान्छ । राईको लाहुरे व्यक्तित्व विशेषगरी भारतीय अङ्ग्रेज शासनको नीति, नियम, कुटनीति विकासात्मक तथा रचनात्मक कार्यको परिपालना गर्ने क्रममा निर्माण भएको थियो । राईको पिता राजवीर राई पनि ब्रिटिस लाहुरे भएका कारण राई पनि दश वर्षको उमेरमा नै ब्वाई भर्ती भएका थिए । उनलाई पाँच वर्षका उमेरमा पूर्ण सिपाहीको पदमा नियुक्त गरिएको

थियो । त्यसपछि उनी क्रमिक रूपले पदोन्नति हुँदै अठ्ठाइस वर्षपछि सुवेदार पदमा अवकाश पाएका थिए । राईलाई आफ्नो पल्टनमा प्रशासनिक क्षेत्रमा खटाइएका थिए । उनले युद्ध गस्ती लडाँइमा जानु नपर्ने युद्ध तथा सैनिकहरूका लागि आवश्यक बन्दोबस्तीका सरसामानहरूका व्यवस्था गरिदिनुपर्ने कर्तव्यमा थिए । फौजी जीवनमा उनले युद्ध आदिमा जानु नपर्ने भएकाले उनले आर्मी एजुकेसन कर्बमा रहेर स्नातकसम्मको शिक्षा पनि हासिल गरे राई पल्टनमा रहँदा आफूभन्दा माथिका अफिसरहरूका आज्ञा आदेशलाई पालना गर्ने र आफू सरह र आफू भन्दा तल्ला दर्जाका सिपाहीहरूलाई उचित सल्लाह सुझाव दिन्थे । त्यसैले उनलाई पल्टनमा ३४१५९ अर्थात् जीतमान राई भनेपछि साथीभाइ तथा ठूलाहरूका प्यारो व्यक्ति बनेका थिए ।

उनले लाहुरे जीवनमा विभिन्न पद, सम्मान, कदरपत्र र पुरस्कारहरू पाएका थिए । उनले दश वर्षको उमेरमा लाहुरेको छोरो लाहुरे भएर धेरै वर्षसम्म भारतीय अङ्ग्रेज सेनामा भएर सेवा गरे । आफू पल्टनको उच्च ओहदा पद सुवेदारसम्म भए । यो एउटा गोरखालीको कुरा पनि हो । जो कोही पनि दश वर्षको उमेरमा भर्ती भएको भन्दा नपत्याउने कुरा पनि हो । उनले सहज रूपमा लामो समयसम्म लाहुरे जीवन बिताए । आफ्नो पूर्खाहरूको बहादुरीलाई निरन्तरता दिए । साहित्यिकार जीतमान राई आफूलाई साहित्यिक व्यक्तित्वका रूपमा आफूलाई स्थापित गर्नु पूर्व लाहुरे व्यक्तित्वका रूपमा परिचित भएका छन् । वास्तवमा उनको सम्पूर्ण व्यक्तित्व लाहुरे व्यक्तित्वको आधारमा बनेको छ । यसरी राईको लाहुरे व्यक्तित्व महत्त्वपूर्ण रहेको छ ।

### ३.२.२.२ शिक्षक व्यक्तित्व

मान्छेले जब आफूले कुनै औपचारिक र अनौपचारिक शिक्षण संस्थाहरूबाट जानेका, बुझेका, सिकेका, ज्ञान विज्ञान र समाजका कुराहरू औपचारिक रूपमा प्रसारण गर्छ तब ऊ शिक्षक बन्न पुग्दछ । शिक्षणका लागि आवश्यक ज्ञान, सीप, प्रविधि र शैक्षिक मनोविज्ञानको ज्ञानले शिक्षकको व्यक्तित्व र शिक्षण क्रियाकलाप बढी प्रभावकारी बन्न जान्छ । राईले पनि पल्टनमा आर्मी एजुकेसन कर्बसँगै भाषा साहित्यमा भारतको पन्जाव विश्वविद्यालय र सौगार विश्वविद्यालयबाट स्नातक तहसम्मको अध्ययन पुरा गरे । फौजी जीवनबाट अवकाश पाएपछि नेपालको त्रिभुवान विश्व विद्यालयबाट एक वर्षे बी.एड. एम.ए तहसम्मको अध्ययन पुरा गरेका थिए ।राईको शिक्षक व्यक्तित्व वि.सं. २०२९ सालबाट विकास हुन पुगेको देखिन्छ । सर्वप्रथम उनले वि.सं. २०२९-३० दुई वर्षसम्म धरान सुनसरीको सेकेन्डरी बोर्डिङ स्कूलमा शिक्षण गरेका थिए । त्यसपछि उनले क्रमश शिक्षा निकेतन हाइ स्कूल धरान सुनसरीमा वि.सं. २०३१-२०३६सम्म दिक्तेल क्याम्पस खोटाङ दिक्तेलमा वि.सं. २०३६-३८सम्म, होरेस कादुरी हाइ स्कूल धरान सुनसरीमा वि.सं. २०३९-२०४०सम्म र अन्तमा दिक्तेल क्याम्पस खोटाङ दिक्तेलमा वि.सं. २०४० देखि २०४७ सम्म मृत्युपर्यन्त प्रान्त शिक्षण गरेका थिए ।

राई लाहुरे जीवनबाट अवकाश पाएपछि पूर्ण रूपमा शिक्षण पेशामा सक्रिय भएको देखिन्छ । उनी कक्षा कोठामा आफ्नो लाहुरे जीवनका अनुशासन झल्काउँथे । उनले जहाँ जहाँ शिक्षण गरेका थिए त्यहाँ त्यहाँ आज पनि सबै विद्यार्थीहरूले जीतमान सर भनेर चिन्दछन् । आज पनि उनका समकालीन साथीभाइहरूले जीतमान सर राम्रो सर भनेर तारिफ गर्छन् ।राई एक असल र योग्य सक्षम शिक्षक थिए । उनी कडा अनुशासित वातावरणमा धेरै मेहनतका साथ शिक्षण गराउँथे । विद्यार्थीहरूले गल्ती गरेमा नपढेमा कडा सजाय दिन्थे उनी सजायमा खास गरी टोक्सिङग (हातका औँला खुम्चाएर टाउकोमा हिर्काउने) दिन्थे । कक्षा कोठामा जीतमान सर भनेपछि डरले विद्यार्थीहरू थुर थुर काम्थे र राम्रो पढ्थे भनेर उसका छोरी शैलेजा राई जानकारी

दिन्छन् । राईले शिक्षणका क्रममा विशद्ध शिक्षण मात्र नगरी प्रधानाध्यापकको जिम्मेवारी पनि सम्हाल्दै शिक्षण गरेका थिए । यसरी उनले लाहुरे व्यक्तित्व पछि शिक्षक व्यक्तित्वका विकास गरेका थिए । उनले परम्परागत व्यवहार वादी शिक्षण गरे तापनि उनमा असल शिक्षकमा हुनुपर्ने गुण थियो । उनको शिक्षक व्यक्तित्व प्रशंसानीय र उदाहरणीय नै रहेको देखिन्छ ।

### ३.२.२.३ अभिभावक व्यक्तित्व

जीतमान राई एक कुशल अभिभावक गुण सम्पन्न व्यक्तित्व पनि हुन् । उनी अठ्ठाइस वर्षको उमेरमा बाबु बनेका थिए । उमेर, शिक्षा र जागिरका हिसाबले पनि योग्य व्यक्ति थिए । उनी चार जनाका बाबु थिए । उनी आफ्ना परिवारका छोराछोरी तथा दाजुभाइ र इष्टमित्र छरछिमेकीका लागि पनि इमान्दार, जिम्मेवारीपूर्ण अभिभावक थिए भनेर उनका छोरी शैलेजा जानकारी दिन्छिन् । राई सँधै आफ्ना छोराछोरीहरूलाई राम्ररी पढ्नु पर्छ नत्र दुःख पाइन्छ । आजको दिनमा मेहनत साथ पढे भोलि जागिरे बनेर सुख पाइन्छ । आज भौतिक विलास मोज मज्जामा भूले भोलिका दिन कष्टमय दुःखदायी हुन्छ । त्यसका लागि भोलिका दुःखका दिनका लागि बचत पनि गर्नुपर्छ भनेर उनी भन्थे भनेर उनका छोरी जानकारी दिन्छिन् । उनी आफ्ना छोराछोरीहरूलाई साथै ज्ञान विज्ञान र शान्तिका पाठ सिकाउँथे । हामी एक आपसमा झगडारहित वातावरणमा मिलेर बस्नुपर्छ भन्थे । उनी आफ्नो फौजी अनुशासनलाई जीवनभर कायम गर्दै आफ्ना परिवारमा अनुशासनको वातावरण कायम गर्थे । उनको छोरी शैलेजा राई बाबुको उचित अभिभावकत्वले गर्दा हामी चारैजना छोराछोरीहरू आ-आफ्ना खुट्टामा उभिएर बाँच्न सकेका छौं भनेर गर्व गर्छिन् ।यसरी जीतमान राईमा साहित्य व्यक्तित्व, लाहुरे, शिक्षक जस्तै अभिभावक व्यक्तित्व पनि सही रहेको पाइन्छ ।

### ३.२.२.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनबिच अन्तरसम्बन्ध

जीतमान राईको छ दशक लामो जीवन अवधिमा उनको पूर्व बाल्यकाल आर्थिक सङ्कटले सामान्य रूपमा समस्या परेपनि दश वर्षको उमेरमा व्वाई भर्ती पश्चात खाना लाउनाका लागि सहज रहेको देखिन्छ । दशवर्षको नाबालक उमेरमा व्वाई भर्ती भएपनि उचित शैक्षिक वातावरण सैनिक अनुशासन र आफ्नो लगनशीलताका कारण उनले पल्टनजबाटै स्नातक तहसम्मको शिक्षा पनि हासिल गरे । पल्टनमै रहँदा बस्दा पढ्दादेखि नै कथा, कविता र संस्मरण लेखनमा सक्रिय भए । उनमा अङ्ग्रेजहरूले भारतमा छोडी राखेको स्वतन्त्र सामाजिक संस्कार, पल्टनका युद्धहरूका कथा, घर परिवारबाट टाढा भएर बस्नुपर्दाका मनका पीडा, पल्टनबाट घरसम्मका घटनाहरू र घरबाट पल्टनसम्मका घटनाहरूमा आफ्नो प्रत्यक्ष भोगाइ अनुभूति र अप्रत्यक्ष घटनाहरूमा उनको संलग्नता थियो । यही जीवनका भोगाइका तीता मिठा यथार्थले उनलाई धेरै पाठ सिकायो । यही तीता मिठा अनुभूति र यथार्थलाई उनले साहित्यिक रूप दिएर साहित्यिकार भए ।

भारतीय अङ्ग्रेज सेनामा बत्तीस वर्षसम्म कार्यरत भएका राईले सैनिक जीवनबाहेक विभिन्न शैक्षिक संस्थाहरूमा काम गरेको देखिन्छ । उनी एक सफल विद्यार्थी पनि भए । उनको नाम जीतमान राई भनेर चिनिनुमा उनको जीवनका सङ्घर्ष, मेहनत, सहनशीलता, दुरदर्शीता र निष्ठावान चरित्रका कारणले गर्दा भन्ने बुझिन्छ । उनको लेखनमा जीवन भोगाइका कटु यथार्थको विभिन्न अनुभव सामाजिक विकृति, विसङ्गति, रूढिवादी परम्पराको विरोध, मानवता वादी स्वर, प्रकृति चित्रण, प्रकृतिप्रतिको मोह र प्रगतिशीलताजस्ता पक्षहरू पाइन्छन् । जीवनका घात प्रतिघात, आन्तरिक तथा बाह्य वातावरणबाट उनका साहित्यिक व्यक्तित्वमा कथाकार कवि र

संस्मरणकार आदि रहेका छन् भने प्रमुख कथाकार व्यक्तित्व नै सवल पक्ष रहेको छ । साहित्यिक रचनामा उनले अति न्यून बिम्ब र प्रतीकको प्रयोग गरेका छन् । उनको जीवन भोगाइको अवस्था र लेखन अभिव्यक्तिको प्रस्तुतिमा विविधता रहेको छ । किनकि उनले सामाजिक, मनोवैज्ञानिक, विसङ्गति वादी, आयामिक लेखन, स्वछन्दता वादी कुराबाट प्रभावित भई आफ्नो लेखन कार्य प्रारम्भ गरेका थिए । सामाजिक जीवनमा घटेका घटना र आफूले देखेभोगेका लाहुरे जीवनका पुरा अधुरा विसङ्गतिले उनको कथामा ठूलो प्रभाव पारेको छ ।

जीतमान राईको स्रष्ट्रा व्यक्तित्वका विभिन्न पाटाहरू हेर्दा कथाकारका रूपमा सबैभन्दा बढी लगनशील र प्रगतिशील बनेका छन् । पहिला पहिला छिट्फुट कथा लेखन गरेका राई वि.सं. २०२४ पश्चात सार्वजनिक रूपमा देखा परेका हुन् । राईका कथाहरूमा विविधता पाउन सकिन्छ । कथाकारले समाजमा देखेभोगेका यथार्थ भोगाइका कुरा, उनको आफ्नो व्यक्तिगत कुरा र आफ्ना साथी सङ्गतिका सङ्गतका कुरा साथै पारिवारिक कुराहरूलाई कथाको विषय वस्तु बनाएर कथा लेखेका छन् । कतै कतै त कथाभित्रको पात्र उनी आफै रहेको कुरा प्रष्टिन्छ । यिनै रूपले कथाका विषय वस्तुमा आफ्नो पारिवारिक अवस्था, जागिरे अवस्था साथी सङ्गीको सङगत, शैक्षिक स्तर र रुचि आदि परिवेशलाई आफ्नो रचनाको विषय वस्तु बनाएका छन् । उनले आफ्नो कथाको केन्द्रीय विषय वस्तु समाजबाटै लिएका हुनाले उनी मूलत सामाजिक कथाकारका रूपमा देखिन्छन् । उनले समाजमा विद्यमान धर्म, संस्कृति, रूढी परम्परा र अन्धविश्वास, गरिबी, बाध्यता, विवशता र जीवन शैलीका यथार्थ चित्रण गरेका छन् । जीतमान राईका जीवनी व्यक्तित्व र साहित्य लेखन बिचको सम्बन्धलाई हेर्दा जीतमान राईलाई नेपाली दाजुभाइका पीडा ब्यथामा आधारित भएर लेख्ने कथाकारका रूपमा चिनाउन सकिन्छ । उनका कथाहरुमा आफ्नो जीवन, तन्नेरी अवस्थामा रहँदा यौनिक चाहना र बुढेसकालले छुँदै जाँदा आफ्ना वैंशका घटनाहरुलाई सम्झेर उत्पन्न हुने अतीतप्रतिको मोहलाई पनि कथाका कथ्य बनाएका छन् । राईले अझ आफ्नो 'ओ काठमान्डू' कविता सङ्ग्रहका कविताहरुमा आफ्नो प्रथम ग्रामीण क्षेत्रका भ्रमण अनुभवका कुराहरुलाई व्यक्त गरेका छन् । राईले बाल्यकालदेखि करिब साढे चार दशक जीवन सहर बजारमा बिताएका थिए । उनले जब पैतालिस छयालिस बर्षको उमेरमा ग्रामीण वातावरणको प्राकृतिक सौन्दर्य र ग्रामीण मानवीय जीवन व्यवहारलाई अवलोकन गर्ने अवसर पाए तब उनले त्यही परिवेशमा आधारित भएर साहित्यिक सिर्जना गरे । यसरी यस तथ्यबाट के बुझ्न सकिन्छ भने राई समाज, मानव व्यवहार र प्राप्त परिवेशबाट अलग हुन सकेनन् । यही नै वास्तवमा जीतमान राईको जीवनी, व्यक्तित्व र साहित्य लेखन बिचको अन्तर सम्वन्ध हो ।

राईको साहित्यिक परिवेशप्रतिको झुकावले साहित्यिकार व्यक्तित्व निर्माण भएको छ । यस्तो व्यक्तित्व निर्माणमा तत्कालीन बाहिरी समाजको मूल्य र मान्यताले पनि गहन भूमिका खेलेको छ । समाजको सिङ्गो प्रभाव साहित्यमा परेको हुन्छ । सामाजिक र साहित्यिक परिवेशले राईलाई साहित्य सेवक र सामाजिक व्यक्तित्वको रूपमा विकास गराएको छ । उनी उदार तथा कोमल मन भएका सहृदयी लेखक मुलतः कथाकार बन्न पुगेका छन् । उनले लाहुरे जीवनमा भोगेका अनुभव; शिक्षक जीवनमा भोगेका यथार्थ र अरूले सहन बाध्य हुनुपरेका दु:ख र पीडाको कारक तत्त्वहरूप्रति आफ्नो लेखनी चलाएका छन् । गद्य साहित्य सिर्जनामा बाहिरी लाहुरे जीवनमा देखापरेका बाध्यताहरू पनि उनका कथामा प्रस्तुत गरिएको छ । बाल्यकालदेखि साहित्यकारहरूका सामीप्यता नभए तापनि आफ्नो लाहुरे जीवनका अनुभवका साथै अध्ययनका क्रममा पाश्चात्य तथा नेपाली विद्वानहरूका साहित्यिक पुस्तकहरूसँगको प्रत्यक्ष अध्ययनले साहित्य लेखनमा प्रोत्साहित भई साहित्यको फाँटमा उदाएका राई एक प्रभावशाली साहित्यकारका रूपमा स्थापित भएका छन् ।

# चौथो परिच्छेद

# जीतमान राईको साहित्यिक यात्रा र साहित्य सिर्जना

## ४.१ जीतमान राईको साहित्यिक यात्रा चरण र प्रवृत्तिहरू

जीतमान राई बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन । उनले आफ्नो साहित्यिक कलमद्वारा कथा, फुटकर कविता र संस्मरणहरू पनि सिर्जना गरेका छन् । उनले आफ्नो लाहुरे जीवनसँगै साथी भाइहरूको देखासिकीमा २०११ तिरबाट कथा लेख्न सुरु गरेको देखिन्छ । राई उमेरका हिसाबले पच्चीस बसन्त पार गर्दै गरेको देखिन्छ । उनले उमेरको परिपक्वतासँगै साहित्य सिर्जना गर्नु सुरु गरेको राईले साहित्य सिर्जना वि.स. २०११ बाट सुरु भएर वि.स. २०४६ सालसम्म निरन्तररूपमा चलिरहेको देखिन्छ । यही समयावधिमा उनले विविध प्रवृत्ति, विधा परिवर्तन, आफ्ना लेखनका परिपक्वता र दर्शनका अध्ययनले आफ्ना लेखनमा विविधता ल्याएका छन् । यही आधारमा उनको साहित्यिक यात्रालाई तिन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### ४.१.१. पहिलो चरण

वि.स. (२०११-२०२३ ) जीतमान राईको साहित्यिक लेखन, यात्रा वि.स. २०११ बाट सुरु भएको देखिन्छ । 'परित्यक्ता' कथा सङ्ग्रह (२०२४) का भूमिका निमा छिरिङ्गशेर्पाले लेखेको भूमिकाबाट प्रस्ट हुन्छ । उनले भनेका छन् राईले कथा लेखन सुरु गर्नुमा आफ्ना लाहुरे साथीहरूको देखासिकीको प्रभाव रहेको छ । राईका 'परित्यक्त्ता', कथा सङ्गह (२०२४) लाई हेर्दा पनि यस सङ्ग्रह (२०२४) लाई हेर्दा पनि यस सङ्ग्रहका कथाहरूका परिपक्वतालाई अध्ययन गर्दा राईले वि.स. २०२४ पूर्व कथा लेखनमा अध्ययन गर्न थालिसकेको पुष्टि हुन्छ । वास्तवमा वि.स. २०११-२०२३ को बिचका कथा लेखनका प्रयासका उपज नै 'परित्यक्ता' कथा सङ्ग्रह (२०२४) मान्न सकिन्छ । यही आधारमा उनका पछिल्ला साहित्य यात्रालाई अध्ययन पनि गरिन्छ ।

### ४.१.२. दोस्रो चरण

वि.स. २०२४-२०३५सम्म दोस्रो चरण 'परित्यक्ता' कथा सङ्ग्रहको प्रकाशनसँगै विकास भएको देखिन्छ । उनको अभ्यासिक कथा लेखनले पूर्णता प्रकाशन हुने अवसर पाएको देखिन्छ । यस समयावधिमा 'तृषालु आत्मा बाँचिदिन्छ सधैंभरि' (२०३३ ) अर्को कथा सङ्ग्रह पनि प्रकाशित गरेको देखिन्छ । यस समयवधिमा उनले विविध कथाहरू सिर्जना गरेका छन् । उनका कथाहरूका अध्ययनबाट विभिन्न सामाजिक यथार्थ, मनोवैज्ञानिक यथार्थ, विसङ्गति वादी अस्तित्व वादी र आयामिक चेतना पाइन्छ । राईका सामाजिक यथार्थ वादी कथाहरूमा नेपाली समाज र प्रवासी नेपाली सामाजमा गरिबी अशिक्षा असानता र विकृति विसङ्गति जस्ता पक्षहरूलाई प्रस्तुत गरिएको छ । यस्ता यस्ता कथाहरूमा 'बेइमान', 'खुड्छामा', शोभाश्री र एक हजार कथाहरू टुङगिएको रात रहेको छ । मनोवैज्ञानिक यथार्थवदी कथाहरूमा समाज मनोविज्ञान बालमनोविज्ञान, यौन मनोविज्ञानका विषयमा आधारित भई उनले कथाहरू सिर्जना गरेका छन् । यस्ता कथाहरू माइली, सिम्मा, सपना-विपनापछि, मूल्याङ्कन रहेको छ । उनले यौनका शिष्ट, आवेशिक पक्षहरूलाई चित्रण गरेका छन् । उनका बढी कथाहरूमा पात्रहरूले यथार्थिक धरातलमा भोग्नु परेका विसङ्गति र अस्तित्व वादी विषयहरूलाई प्रस्तुत गरिएको छ । उनले पात्रहरूले

भोग्नु परेका निस्सार निरर्थक दयनीय अवस्थाहरूको चित्रण गरेका छन् । युद्ध हत्या हिंसा र वैदेशिक यात्राले उत्पन्न गएको नैराश्यतालाई कथाकारले आफ्नो कथावस्तु बनाएका छन् ।

राई फौजी कथाकार भएका कारण उनले डायास्पोरिक चेतना सम्बद्ध कथाहरू पनि सिर्जना गरेका छन् । उनले 'पोखराकी पुतली लखनउनको गल्लीमा', 'मदन' र 'शेरमान' जस्ता कथाहरूमा नेपाली पात्रहरूले विदेशी भूमिमा नेपाली भूमिको सम्फनामा बाँच्नु परेको बाध्यतलाई प्रस्तुत गरेको छन् । राईले आफ्ना कथाहरूमा जीवन विविध आयामहरूलाई प्रस्तुत गरेका छन् । उनले जीवनका हाँसो दुःख र भव्यदेखि तुच्छ पक्षसमेतको प्रस्तुतिमा जोड दिएका छन् । यस्ता कथाहरूमा 'सिसिफस र ढुङ्गा', 'प्रारब्ध' कथा रहेको छ । यसरी राईको दोस्रो चरणमा कथासिर्जना बढी विकसित भएको छ । उनका कथाहरूमा सामाजिक, मनौवैज्ञानिक, विसङ्गति वादी, अस्तित्व वादी, आयामिक र डायास्पोरिक चेतना रहेको पाइन्छ ।

### ४.१.३ तेस्रो चरण २०३६-२०४७ सम्म

जीतमान राईको साहित्य यात्राको तेस्रो चरण २०३६ सालमा प्रकाशित अङ्ग्रेजी कविता सङ्ग्रह 'ओ काठमाण्डु' बाट भएको पाइन्छ । सहरमा जन्मेर हुर्केका ग्रामीण प्राकृतिक परिवेशका यात्रा र अनुभव नगरेका राईले २०३६ सालमा खोटाङ दिक्तेलमा क्याम्पसमा शिक्षण गर्न पुगेका र पहाडी प्राकृतिक सौन्दर्यबाट मोहित भएर स्वछन्दता वादी प्रगति वादी फुटकार कविताहरू सिर्जना गरेका छन् । उनका कवितामा पूर्णरूपमा स्वछन्दता वादी सौन्दर्य पाइन्छ । ग्रामीण भेगका प्राकृतिक सौन्दर्य, जीवनशैली, मानवता वादी सोच आदिबाट राई पूर्णरूपमा प्रभावित भएर कविताहरू सिर्जना गरेको छन् ।

ग्रामीण क्षेत्रका प्रकृतिप्रति आकर्षण र सहरीया क्षेत्रका कृत्रिमताप्रति उनले वितृष्णा जनाएका छन् । उनले यस समयवधिमा फूटकर कविता साथै कथा लेखनलाई निरन्तरता दिइरहेका देखिन्छ । उनले यस समयमा दशवटा कथाहरू सिर्जना गरेका छन् । जुन 'अँध्यारोतिर' कथा सङ्ग्रह (२०५७) मृत्युपर्यन्त उनको परिवारहरूले प्रकाशन कथाहरूमा आफ्ना लाहुरे जीवनमा सम्फाना आफ्ना जीवन भोगाइका तीता मीठा अनुभव आदि विषय पाइन्छ । यस समयावधिमा उनले कथाहरूमा भाषिक परिष्कार, कवितात्मक भाषाको विकास गरेका छन् । यसरी राईका यस चरणका कृतिहरुमा जिन्दगीका अनुभवहरूले खारिएका विषय वस्तुहरुले स्थान पाएका छन् । उमेरका हिसाबले पनि एकातिर मृत्युसँग लडिरहेका अवस्था अर्कोतिर साहित्य सिर्जनाको निरन्तरता रहेको देखिन्छ । यसर्थ उनले यस चरणमा आफूलाई परिपक्क सर्जकका रूपमा चिनाएका छन् ।

## ४.२ जीतमान राईको कृतित्वको विश्लेषण

जीतमान राईको वि.सं. २०४७ पूर्वको जीवन यात्रालाई हेर्दा विभिन्न क्षेत्रमा संलग्न रहेको देखिन्छ । बाल्यकालदेखि नै देश विदेशकोयात्रा, अनुभव, निराशा कुण्ठा र सुखदःखबाट उनको जीवन निकै सङ्घर्षमय देखिन्छ । उनका यिनै जीवन भोगाइका कटु यथार्थ र अनुभवहरूको पृष्ठभूमिमा आफ्ना रचनाहरू सिर्जना गरेका छन् । उनले जीवन भोगाइका यिनै तीतामीठा अनुभव, घातप्रतिघात एवं तत्कालीन राष्ट्रिय अन्त राष्ट्रिय राजनीतिक, सामाजिक, आर्थिक परिवेशबाट परेको प्रभावबाट उनको आन्तरिक र बाह्य व्यक्तित्व निर्माण भएको छ । साहित्यिक व्यक्तित्वमा कथाकार, कवि र संस्कारणकार आदिको निर्माण उनको प्रतिभा चिन्तन, उनको गहन

अध्ययन परिश्रम र अनवरत लेखनबाट भएको छ । उनको साहित्य लेखनमा रचनागत परिवर्तन, कृतिहरूको गुणस्तर, धारागत परिवर्तन कृतिगत प्रकाशन, वैदिक तार्किक पक्षको विकास जस्ता आधारहरूलाई लिएर उनले साहित्यक यात्रा अन्तर्गतको कथा तथा कविता विधाको अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ 'परित्यक्ता' कथा सङ्ग्रहका कथाको विश्लेषण

जीतमान राईद्वारा लिखित परित्यक्ता (२०२४) कथा सङ्ग्रह प्रथम कथा सङ्ग्रह हो । राईले यस कथा सङ्ग्रहमा जम्मा स्रोह वटा कथाहरु समावेश गरेका छन् । यस कथा सङ्ग्रहभित्र सामाजिक यथार्थ वादी, मनोवैज्ञानिक यथार्थ वादी र विसङ्गति वादी अस्तित्व वादी कथाहरु समावेश रहेका छन् । राईका यी कथाहरुलाई आधुनिक कथा सिद्धान्तका आधारमा तल विश्लेषण गरिन्छ ।

साहित्यका अनेक विधाहरूमध्ये कथा पनि एक अलग र आफ्नै सैद्धान्तिक ढाँचामा निर्मित लोकप्रिय आख्यान विधाको उपविधा हो । साहित्यका अन्य विधा जस्तै कथाको पनि आफ्नै आवश्यक सम्पूर्ण तत्त्वहरूको सयोजनबाट निर्माण भएको हुन्छ र कथा यस्तै तत्त्वहरूको संयोजन मात्र नभएर सिर्जनात्मक कार्य पनि हो (बराल र घिमिरे २०६१ : ३) । कथा वास्तवमा विचार तथा भावना सञ्चारण गर्ने एउटा यस्तो कला हो, जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ (श्रेष्ठ, २०६७ : ८) । कथाको संरचानात्मक तत्त्वहरूका यहाँ संक्षेपमा तिनको उल्लेख गर्दै कथाको विश्लेषण गरिएको छ ।

**कथानक**

कुनै पनि कथाको एउटा निश्चित विषय वस्तु हुन्छ । त्यही विषय विस्तुभित्र निश्चित कथावस्तु हुन्छ जुन प्रस्तुतिको क्रममा देखा पर्ने घटना क्रमहरूको योजनाबद्ध सन्दर्भमा आउने आकस्मिक घटनाहरूको अनुक्रमाणात्मक व्यवस्थापन हो । कथामा व्यक्त मानवीय कार्य व्यापरलाई बोध गराउने माध्यम तथा कथाको गतिको आरम्भदेखि अन्त्यसम्मको चालको रूपरेखा हो । तसर्थ कथानक विचार प्रस्तुतीकरणका लागि घटना र चरित्रमार्फन क्रियाशील हुने गति र कथाको समग्र संरचनालाई जोड्ने कडी हो (बराल र घिमिरे २०६१:४) । कथानक हुन घटना कथावस्तु क्रियाकलापको आवश्यक पर्छ; परिवेश र चरित्रको विन्यास हुनुपर्छ । कथाभित्र यी सबै तत्त्वहरू क्रमबद्ध छन् भन्ने कुरा देखाउने तत्त्वका नाममा संयोजन भएर बस्ने गुण नै कथानक हो (राई १९७३ : १५) । अतः कथाको सिलसिलेवार प्रस्तुतीकरण र रोचक प्रसङ्गहरु गासिएको कथाको एक मुख्य तत्वलाई कथानकका रुपमा पुष्ट्याउन सकिन्छ । यसले कथालाई अगाडि लिएर जान्छ ।

**चरित्र चित्रण**

कथाको विषय वस्तुलाई क्रमिक रूपमा अगाडि बढाउने मानव या मानवेत्तर प्राणीलाई पात्र र चरित्र भनिन्छ (बराल र एटम २०५८ : ३०) । कथा वस्तुभित्र सम्बद्ध विविध कथा र उपकथालाई गति दिने माध्यम नै पात्र हो जसले कथाको सारतत्त्व तथा लेखकको वैचारिक सम्बन्ध कार्यव्यापारमा मात्र सीमित नरहेर सिङ्गो संरचना पक्षसहित रहेको हुन्छ (बराल र घिमिरे २०६१ : ३) । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चरित्र पनि चरित्रले नै उतार्ने गर्दछ (सुवेदी २०६४ : २३) । यी भनाइका आधारमा चरित्र भनेको कथालाई गति प्रदान गर्न आफ्नो भूमिका लिएर देखा पर्ने सजीव निर्जीव मानवीय मानवेत्तर पात्र हो भन्न सकिन्छ ।

**सारवस्तु**

कथामा रहेका प्रमुख विचारलाई सार वस्तु भनिन्छ । कथाले दिने निष्कर्ष नै सार वस्तु हो । जसको सम्बन्ध कथाको उद्देश्यसित हुन्छ (बराल र घिमिरे २०६१ : ५) । कुनै कथा कृतिको अध्ययन पछि समग्रमा पाइने अभिप्राय नै सार वस्तु हो (श्रेष्ठ २०६७ : १२) । कथामा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सार वस्तु भनिन्छ । कथाको उद्भवको बीज परिणति नै सारवस्तु हो (बराल र एटम, २०५८ : ४१) । समग्रमा कथा पाठपछि निस्कने प्रमुख भाव, सन्देश वा उद्देश्यलाई नै सारवस्तु भनिन्छ । यो कथाका प्रमुख रुपमा रहन्छ ।

**दृष्टिविन्दु**

कथा, उपन्यास वा आख्यानमा कथायितले बस्न खोजेको ठाउँ दृष्टिविन्दु हो (बराल र एटम २०५८ : ३९) । यसले कथाको संरचनालाई पूर्ण दिने काम गर्छ । अथार्त कथाकार र पाठक वर्ग बिचको सम्बन्ध नै दृष्टिविन्दु हो । कथा कसरी भनिएको छ भन्दा पनि कथा कसले भन्दैछ भन्ने कुरासित दृष्टिविन्दु गाँसिएको हुन्छ । तसर्थ कथावाचक उभिने ठाउँ हो (घिमिरे र बराल २०६१ : ५) । कथात्मक दृष्टिविन्दु भनेको पात्रको मनभित्रको डुबुल्की लगाई पनि हो (श्रेष्ठ २०६७ ) । खास गरी कथाका पात्रहरुको प्रस्तुतीकरणको शैली नै दृष्टिविन्दु हो । माथि उल्लेख भएजस्तै यो आन्तरिक र बाह्य अथवा प्रथम पुरुषीय तथा तृतीय पुरुषीय शैलीमा रहन्छ ।

**भाषा**

भाषा मानव बिच अनुभूति र अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । कथामा प्रयोग गरिने भाषालाई सहि तरिकाले संयोजन भएन भने कथा अस्पष्ट दिन खोजेको कुरा दिन नसक्ने र उद्देश्य विमुख बन्न जान्छ शैली निर्माण भाषाकै माध्यमबाट गरिने भएकोले शैलीलाई जोडने तन्तु भाषा हो । (बराल र घिमिरे २०६१ : ६) शैली लक्षित अर्थबोध गराउनुका लागि प्रत्यक्षमा अँगालिने एउटा माध्यम हो (श्रेष्ठ २०६७ : १३) । कथालाई प्रस्तुत गर्ने प्रमुख माध्यमका रुपमा भाषा भनिन्छ । यसले विचार, भाव आदिको सम्प्रेषण गर्दछ । यसैको माध्यमबाट कुनै पनि कृतिहरुको बोध गर्न सकिन्छ ।

उपर्युक्त तत्त्वहरूमध्ये पनि कथानक, चरित्र चित्रण, सारतत्तव, दृष्टिविन्दु र भाषाशैली कथाका प्रमुख तत्तवहरू हुन् भने पर्यावरण, लय र गति, प्रतीक र बिम्ब सहायक तत्तवहरू हुन् (बराल र घिमिरे २०६१ :३) । कथाका प्रमुख तत्त्वहरूमा शीर्षक र परिवेश थपेर त्यसैका आधारमा जीतमान राईका कथाहरूको विश्लेषण गरिएको छ ।

### ४.२.१ 'माइली' कथाको विश्लेषण

#### ४.२.१.१ शीर्षक

'परित्यक्क्ता' (२०२४) कथा सङ्ग्रहभित्र सङ्गृहीत 'माइली' कथा उनको साहित्यिक यात्राको प्रारम्भिक चरणको कथा हो । यस कथाले माइली पात्रकी यौवनावस्थाका विपरीत लिङ्गप्रतिको आकर्षण, मनमा उत्पन्न चाहना र आफ्नो मनको राजकुमार आकस्मिक प्राप्तिको विषयलाई प्रस्तुत गरेको छ । कथामा पूर्णरूपमा माइलीका किशोर अवस्थाका इच्छा, आकाङ्क्षा, उत्सुकता, कुण्ठा, डर चिन्ताजस्ता संवेगहरूलाई स्थान दिइएको कारण कथाको शीर्षक विषय वस्तुको आधारमा सार्थक रहेको छ ।

### ४.२.१.२ कथानक

कुनै पनि कथाको एउटा निश्चित विषय वस्तु हुन्छ । त्यही विषय वस्तुभित्र निश्चित कथावस्तु हुन्छ जुन प्रस्तुतिको क्रममा देखा पर्ने घटना क्रमहरूको योजनाबद्ध सन्दर्भमा आउने आकस्मिक घटनाहरूको अनुक्रमाणात्मक व्यवस्थापन हो । कथामा व्यक्त मानवीय कार्य व्यापारलाई बोध गराउने माध्यम तथा कथाको गतिको आरम्भदेखि अन्त्यसम्मको चालको रूपरेखा हो । तसर्थ कथानक विचार प्रस्तुतीकरणको लागि घटना र चरित्र मार्फत क्रियाशील हुने गति र कथाको समग्र संरचनालाई जोड्ने कडी हो (बराल र घिमिरे २०६१:४) । कथानक हुन घटना, कथावस्तु क्रियाकलापको आश्यकता पर्छ , परिवेश र चरित्रको विन्यास हुनुपर्छ कथाभित्र यी सबै तत्त्वहरू क्रमबद्ध छन् भन्ने कुरा देखाउने तत्त्वका नाममा संयोजन भएर बस्ने गुण नै कथानक हो (राई १९७३ : १५) ।

प्रस्तुत कथामा माइली र लाहुरे बिच पहिलो भेटमै अङ्कुरित प्रणयप्रेमले पछिल्लो दिनमा आश्चर्यजनक ढंगमा संयोगवश मिलन हुने अवसर पाएको छ । माइली विहानी पख घामको झुल्कोसित पानी भर्न पाधेरोमा जान्छिन् । त्यही बाटो गरेर एक जना लाहुरे पनि छुट्टीमा घर आउदै गरेको हुन्छ । दुई पात्र बिच एक आपसमा बोलचाल नभए पनि नयनी भाषामा कुरा हुन्छ । माइलीको षोडसी मनमा लाहुरे छाप पर्न जान्छ । लाहुरे आफ्नो बाटो लाग्छ तर माइलीका मनमा भने एक खालको तरङ्ग ल्याएर जान्छ महिना दिन बित्दा लाहुरे आफ्ना बुढापाकाहरूसहित माइलीलाई माग्न आउछन् । माइलीको बा-आमाले बिवाहका तिथिमितिसहित मञ्जुरी दिन्छन् । माइली जन्म घरबाट पराइघरको यात्रा गर्छिन लाहुरेको घरमा विधि पूर्वक भित्र्याइन्छ । तर माइलीलाई लाग्छ के भने म कुनै अपरिचित र अदृश्य ठाउँमा आएको छु जस्तो लाग्छ उनीलाई आमाबाबुको निर्णयप्रति असन्तोष पनि लाग्छ दिनभरिको लामो हिडाइको कारण उनी केही नखाई सुत्छिन र त्यतिकैमा निदाउँछिन । भोलिपल्ट चेतनामा आउँदा उनीलाई कसैसँग सुतिरहेकी पाउँछिन् । आँखा खोली हेर्दा आफ्नो पूर्व प्रेमीलाई साथमा पाउँछिन् । उनी खुसीका सीमा पार गर्दै स्वप्न लोकमा विचरण गर्न पुग्छिन् यही सुखान्तमा कथा वस्तु टुङ्गिन्छ ।

माइली र लाहुरे बिच पानीमा पधेरो देखादेख हुनु , लाहुरे आफ्नो बाटो लागेपछि माइलीका मनमा मानसिक छटपटी हुनु कथावस्तुको चिनारी भाग हो । महिना दिनपछि माइलीलाई उनका बाबुआमाले बिहेको तयारी गरीदिनु, माइलाई बिहे गरी लाहुरेले आफ्नो घरमा भित्राउनु कथानकको मध्य भाग हो र एक्ली निदाएकी माइलीले ब्युझँदा आफूले चाहेकी सुन्दर युवक लाहुरेलाई साथमा पाउनु कथानकको अन्त्य भाग हो । यसरी कथानक विकासमा आदि, मध्य र अन्त्यको रैखिक विकास भएको पाइन्छ ।

### ४.२.१.३ चरित्र चित्रण

कथाको विषय वस्तुलाई क्रमिक रूपमा अगाडि बढाउने मानव या मानवेतर प्राणीलाई पात्र र चरित्र भनिन्छ (बराल र एटम २०५८ : ३०) । कथा वस्तुभित्र सम्बद्ध विविध कथा र उपकथालाई गति दिने माध्यम नै पात्र हो जसले कथाको सारतत्त्व तथा लेखकको वैचारिक सम्बन्ध कार्यव्यापारमा मात्र सीमित नरहेर सिङ्गो संरचना पक्ष रहेको हुन्छ (बराल र घिमिरे २०६१ : ४) । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चरित्र पनि चरित्रले नै उतार्ने गर्दछ (सुवेदी २०६४ : २३) ।

माइली यस कथाकी प्रमुख नारी पात्र हुन् । उमेरका हिसावले षोडसी पार गर्दै गरेकी रूप र बैंसले भरिभराउ भएकी छिन् । आफ्ना हितैषीहरू भन्दा राम्री र शील स्वभावकी रूपमा उनी

चित्रित छन् । उनी आफ्नो जीवन आफ्नो रोजाइ र चाहना अनुरूप जिउनुपर्छ भन्ने स्वतन्त्र विचार राख्दछिन् तर पनि अन्त्यमा बाबुआमाको कुरालाई स्वीकार गर्दै बिहे गर्न बाध्य हुन्छिन । उनीले सामाजिक परम्परालाई निरन्तरता पनि दिएकी छन् ।

लाहुरे प्रमुख पुरूष पात्रका रूपमा आएको छ । ऊ ब्रिटिस आर्मी रूप रङ्ग जिउडाल मिलेको यौवनावस्थाका किशोरीहरूको मन जित्न सक्ने गुण भएको पात्रका रूपमा चित्रण भएको छ र जसले गर्दा पहिलो भेटमा नै माइलीका मनमा वास गर्न सफल हुन्छ । अन्त्यमा उ माइलीलाई जीवन साथीका रूपमा सम्हाल्न पुग्छन् उनमा पनि अनुकूल स्थिर सत चरित्र गुण पाइन्छ । कथामा माइलीका आमाबाबु, लाहुरेका आमाबाबु र छरछिमेकी गाउँलेहरू सहायक र गौण भूमिकामा आएका छन् ।

### ४.२.१.४ सारवस्तु

कथामा रहेको प्रमुख विचारलाई सारवस्तु भनिन्छ । कथाले दिने निष्कर्ष नै सारवस्तु हो र जसको सम्बन्ध कथाको उद्देश्यसित हुन्छ (बराल र घिमिरे २०६१ : ५) । कुनै कथाकृतिको अध्ययनपछि समग्रमा पाइने अभिप्राय नै सारवस्तु हो (श्रेष्ठ २०६७ : १२) । कथामा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । कथाको उद्‌भवको बीज परिणति नै सारवस्तु हो (बराल र एटम, २०५८ : ४१) ।

'माइली' कथाले माइली पात्रमा यौवनावस्थाका बेलामा उत्पन्न रतिरागात्मक चाहनाको अङ्कन गर्ने उद्देश्य राखेको छ । एउटी षोडसी कन्याका मनमा एउटा लक्का जवान देख्दा जुन किसिमको छटपटी, संयोग र मिलनको चाहना हुन्छ । त्यही तथ्यलाई कथाले प्रस्तुत गर्ने उद्देश्य राखेको छ । मनोविज्ञानका भाषामा उत्तेजनाप्रति प्रतिक्रियाको सम्बन्ध भनिन्छ । यौवनावस्थाका बेलामा स्वाभाविक रूपमा विपरीत लिङ्गप्रति आकर्षण हुन्छ जसको बेलामै मनौवैज्ञानिक उपचार हुनुपर्छ नत्र मानसिक विकृति उत्पन्न भई व्यक्ति मनोरोगी बन्न जान्छ भन्ने सार यस कथामा प्रस्तुत भएको छ । व्यक्तिले आफ्नो आकाङ्क्षा पुरा नहुँदा र रोजाइको वस्तु नहुँदा मनोरोगी बन्न जान्छ आफूले चाहेको वस्तु पाउँदा व्यक्ति स्वस्थ्य खुसी जीवन बाँच्न सक्छ भन्ने शाश्वत सारवस्तु प्रस्तुत कथाले प्रकट गरेको छ ।

### ४.२.१.५ दृष्टिविन्दु

कथा, उपन्यास वा आख्यानमा कथायिताले बस्न खोजेको ठाउँ दृष्टिविन्दु हो (बराल र एटम २०५८ : ३९) । यसले कथाको संरचनालाई पूर्णता दिने काम गर्छ । कथाकार र पाठक वर्ग बिचको सम्बन्ध नै दृष्टिविन्दु हो । कुन कथा कसरी भनिएको छ भन्दा पनि कथा कसले भन्दैछ भन्ने कुरासित दृष्टिविन्दु गाँसिएको हुन्छ । तसर्थ कथावाचक उभिने ठाँउ हो (घिमिरे र बराल २०६१ : ५) । कथात्मक दृष्टिविन्दु भनेको पात्रको मनभित्रको डुबुल्की लगाइ पनि हो (श्रेष्ठ, २०६७ ) ।

प्रस्तुत कथा दृष्टिविन्दुका हिसावले बाह्य सीमित तृतीय दृष्टिविन्दुमा आधारित छ । कथाकारले माइली पात्रलाई प्रमुख स्थानमा राखेर कथावस्तुलाई प्रस्तुत गरेका छन् । माइली पात्रका भाव संवेग पीडा उत्सुकता र नैराश्यको प्रकाशनमा कथाले बढी जोड दिएको छ ।

### ४.२.१.६ भाषाशैली

भाषा मानव बिच अनुभूति र अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । कथामा प्रयोग गरिने भाषाको सही तरिकाले संयोजन भएन भने कथा अस्पष्ट दिन खोजेको कुरा दिन नसक्ने र उद्देश्य विमुख बन्न जान्छ । शैली निर्माण भाषाकै माध्यमबाट गरिने भएकोले शैलीलाई जोडने तन्तु भाषा हो (बराल र घिमिरे २०६१ : ६) । शैली लक्षित अर्थबोध गराउनुका लागि अँगालिने एउटा माध्यम हो (श्रेष्ठ २०६७ : १३) ।

प्रस्तुत कथामा वर्णनात्मक ठेट नेपाली शब्दहरूको प्रयोग भएको छन् । उखान र टुक्काले भाषिक प्रयोगलाई सजीव बनाएको छ पूर्वेली भषिकाको गोर्खाली उप-भाषिकाको प्रयोग बढी मात्रामा भएको छ । चाम्लिङ राई भाषाका शब्दहरूको प्रयोग भएको छ । खोटाङ तथा भोजपुर क्षेत्रका ग्रामीण अशिक्षित वक्ताहरूले प्रगोग गर्ने भाषिक संवादहरूको सरल भाषिक प्रयोग भएको छ जस्तै हो, तरुनी बरुनी भएर जुनेली रात हेर्नु हुदैन् , अगुलठोले झोसुङ तेरो थुतुना आदि ।

## ४.२.२ 'बेइमान' कथाको विश्लेषण

### ४.२.२.१. शीर्षक

'परित्यक्ता' (२०२४) कथा सङ्ग्रहभित्र संग्रहित 'बेइमान' महत्त्वपूर्ण कथा हो । यो कथा जीतमान राईको साहित्यिक यात्राको प्रारम्भिक चरणको कथा हो । यस कथामा 'म' पात्रले आफ्नो रेलयात्राको कहानी गरिरँहदा सुटेट बुटेड जेन्टलम्यान पात्र र एक जना नौ दश वर्षे ठिटोको बिचको आपसी कार्यकलापको प्रसङ्ग आउँछ । जेन्टलम्यान एक सभ्य धनी ब्रुजुक देखिन्छ भने बालक आफूभन्दा सम्पन्न वर्गका जुत्ता पालिस गरेर आफ्नो जीवनगुजारा गर्छ । बालकले जेन्टल म्यानको जुत्ता पालिस गरे बापत चार रूपियाँ पाउँछ । तर जेन्टल म्यानले चार रूपियाँको चानचुने नभएको कारण पाँच रूपियाँको नोट दिई बालकसगँ एक रूपियाँ फिर्ता माग्छ । र बालकसँग पनि फिर्ता दिने पैसा नभएको कारण बालक पाँच रूपियाँको खुद्रा बनाउन रेल बाहिर जान्छ । बालक ठिटो १०-१५ मिनेटसम्मपनि नफर्कंदा रेल आफ्नो बाटो लाग्न थाल्छ । यही समयमा जेन्टल म्यानले रिसको आवेगमा आएर बालकप्रति बेइमानको आरोप लगाउँछ । यसरी जेन्टल म्यानले बालकको व्यवहारप्रति गाली गरेको मुख्य सन्दर्भ भएबाट यस कथाको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.२.२ कथानक

म पात्र रेलभित्र बसी सक्नु, रेलभित्र कोही पात्रहरू पत्रिका पढ्नुमा व्यस्त रहनु, कोही गफ गर्नमा व्यस्त रहनु, जेन्टल म्यान पात्र पनि म पात्रको छेउमा आएर बस्नु, अनि एउटा नौ दश वर्षे ठिटो बुटपालिस भन्दै रेलभित्र पस्नु र सुटेट बुटेड जेन्टलम्यानको बुट पालिस गरिदिनु सम्मको घटना कथानकको चिनारी माग हो । जेन्टल म्यानले ठिटोको पारिश्रमिक चार रूपियाँ दिनुपर्नेमा पाँच रूपियाँको नोट दिई एक रूपियाँ फिर्ता माग्नु, ठिटो चानचुने पैसाको खोजीमा बाहिर निस्कनु, ठिटो नफर्कनु र जेन्टल म्यानले ठिटोलाई बेइमान भनी गाली गर्नुसम्म कथानकको मध्य भाग हो ।रेलले चानचुने पैसा बोकी फर्किंदै गरेको ठिटोलाई किचेर सडकमा मारिदिनु कथानकको चरमोत्कर्ष हो । त्यसपछि घटना स्थलमा भएका गन्थनसँगै म पात्रका मनमा बेइमान शब्द गुञ्जी रहनु, रेलले आफ्नो यात्रा गर्नु कथानकको अन्तिम भाग हो ।

### ४.२.२.३ चरित्र चित्रण

प्रस्तुत 'बेइमान' कथामा १० वर्षे ठिटो प्रमुख पात्र हो । कथामा मुख्य रूपमा ठिटोको केन्द्रीयतामा कथानकले गति लिएको छ । अन्य पात्रमा जेन्टल म्यान प्रमुख प्रतिकूल पात्रका रूपमा आएका छन् । 'म' पात्र कथा वाचकका रूपमा आएका छन् । रेलका अन्य यात्रीहरू गौण पात्रका रूपमा आएका छन् । दश वर्षे ठिटो एक खाते आमा बिहीन बालकहरूको प्रतिनिधि पात्रका रूपमा आएको छ । ऊ आफ्नो रोजी रोटिका लागि रेलका यात्रुहरूको र फुटपातका मान्छेहरूका जुत्तामा पालिस गरी त्यसबाट पारिश्रमिक लिई आफ्नो जीवन गुजारा गर्ने पात्रका रूपमा चित्रित भएको छ । यसरी ठिटो सत् चरित्रको रूपमा आएको छ । जेन्टल म्यान चाहिँ रेलका यात्री जो धनाढ्य पात्रका रूपमा चित्रित छर ऊ हावभावयुक्त घमण्डी पात्रका रूपमा प्रस्तुत छ । ऊ एक खाते बालकलाई एक रूपियाँ पनि दिन नसक्ने निर्दयी पात्रका रूपमा रहेको छ । किनभने उसले एक रूपियाँ ठिटोलाई नछोडदिदा ठिटोले ज्यान गुमाउनु परेको छ । म पात्र सहायक पात्रका रूपमा आएका छन् । अन्य पात्रहरू गौण पात्र हुन् ।

### ४.२.२.४ सारवस्तु

प्रस्तुत कथामा वास्ताविक यथार्थ जगत्मा भएका चरित्रहरूका माध्यमबाट मानवीय विसङ्गति र दुर्गति चित्रण गर्ने उद्देश्य रहेको छ । यथार्थ धरातलमा मालिक, नोकर हुने खाने, हुँदा खाने चरित्रहरू छन् । यिनीहरू बिच आपसी समन्वय हुनु जरूरी छ । यी पात्रहरू बिच एक आपसमा मेलमिलाप नहुँदा विनासको वातावरण सिर्जना हुन जान्छ । मानवले आफ्नो मानवीय नियम पालना गर्नुपर्छ पैसा ऐस आराम नै सम्पूर्ण चीज मान्नु हुदैन मान्छेले आफ्नो निजी स्वार्थ भन्दा पनि मानवता वाद तर्फ ध्यान जानु पर्छ भन्ने यस कथाको सार वस्तु रहेको छ ।

### ४.२.२.५ दृष्टिविन्दु

प्रस्तुत 'बेइमान' कथा आन्तारिक परिधीय दृष्टिविन्दुमा आधारित छ । 'म' पात्रले खास गरी बालकको विवशता बाध्यता र आफ्ना पेटका लागि आफै निर्भर पर्नु परेको घटनाहरूलाई वर्णन गरेका छन् । विचरो नाबालक आफ्नो पेटका लागि जुत्ता पालिस गर्छ र त्यही पेसाले अन्त्यमा उसको ज्यान जान्छ । जहाँ जेन्टल म्यान जस्ता पात्रहरूको निर्दयताका कारण भएको छ । यसरी 'म' पात्रले घटनामा बालकलाई केन्द्रमा राखेर घटना विस्तार गरेका हुनाले कथा आन्तरिक दृष्टिविन्दुमा आधारित छ

### ४.२.२.६ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली अति संक्षिप्त, सरल, स्वाभाविक र सम्प्रेषणीय भाषाको प्रयोग गरिएको छ । पात्रहरू बिच संवादपनि थोरै स्थानमा भएका छन् । 'म' पात्रले घटनाको वर्णन गरेकोले यसलाई वर्णनात्मक शैलीको कथा भन्न सकिन्छ । कथाकारले अङ्ग्रेजी, हिन्दी, ठेट नेपाली अशिक्षित ग्रामीण शव्द र अनुकरणात्मक शव्दहरूको प्रयोग गरेका छन् ।

## ४.२.३.शोभाश्री कथाको विश्लेषण

### ४.२.३.१ शीर्षक

प्रस्तुत कथा शोभाश्री नामकी मुख्य पात्रका जीवनका उतारचढावको सम्पूर्ण क्रियाकलापमा आधारित भएको कारण कथाको शीर्षक सार्थक छ । शोभाश्री नामकी नायिका

पात्रको बाल्यकाल, जवानी र गृहिनीसम्मका उसका सुख दुःख घरव्यवहार र पश्चातापका घटनाहरूलाई कथामा शृङ्खलित रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.३.२. कथानक

प्रस्तुत कथाको पात्र शोभाले बाबु सुवेदार र माताका साथमा पल्टनमा बाल्यकाल बिताउँदै गर्दा बाबुको पेन्सनपछि नेपालको भोजपुर जिल्लामा बाँकी बाल्यकाल बिताउँदै बाबुको निधन हुनु बाबुको निधन पछि आमाको संरक्षणमा जवानी हुँदै शोभाले गाउँले युवकसँग विवाह बन्धनमा बाँधिनुसम्मको घटना कथानकको चिनारी आदि भागको रूपमा रहेको छ । शोभाले विवाह गरि सकेपछि उनको एक छोरीको जन्म हुनु । आफ्नो आमालाई पनि आफ्नो घरमा पाल्नु सुख दुःख जीवन गुजारा गर्नुसम्मको घटना कथानकको सङ्घर्ष विकासका रूपमा रहेको छ । दुःख सुख आफ्नै ढङ्गले चलिरहेको शोभाको जीवनमा श्रीमती र आफ्नी आमाको मृत्युले आफुलाई एक्ली बनाएर जाँदा घटना र बाँकी जीवन बारे अत्तालिन शोभाले श्रीमानको मृत्यु पश्चात आत्माहत्याको बाटो रोज्न खोज्नु तर आफ्नो नाबालकलाई सम्झेर आत्माहत्या गर्न नसक्नुसम्मको घटना कथानकको चरमोत्कर्षका रूपमा आएको छ ।

वि.सं. २००७ सालपछिको देशको राजनीतिक परिवर्तनका कारण शैक्षिक संस्थाहरूका स्थापना हुनु र शोभाले शिक्षकको रोजगारी पाउनु, बच्चालाई राम्ररी पठनपाठन गराउनुसम्मको घटना कथानकको सङ्घर्षहरूका रूपमा रहेको छ । शोभाले आफ्ना बच्चालाई पाठ कण्ठस्थ गर्न नसक्दा बेसरी पिट्नु र आफूलाई पिटेको आत्माग्लानि गर्नु आदि कथानकको अन्तिमरूप हो । यसरी कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा टुङ्गिन्छ ।

### ४.२.३.३ चरित्र चित्रण

यस कथामा मुख्य पात्रको भूमिकामा शोभा नामकी नारी पात्रलाई प्रस्तुत गरिएको छ । कथामा सहायक र गौण पात्रहरूको पनि प्रयोग गरिएको छ । यस कथामा बालपात्रको पनि चित्रण गरिएको छ । चरित्रहरूको प्रयोगले कथानकको गतिशीलतालाई स्वाभाविक बनाएको छ । यस कथामा 'शोभाश्री' नारी प्रमुख ममताले पुलपुलिएकी पात्रका रूपमा चित्रित गरिएको छ । बाबुको पेन्सन पश्चात विकट गाउँमा हुर्किएकी छ । शोभाश्री बाबुको मृत्यु पश्चात दुःखको भुमरीमा बाँचेकी छिन् । किशोर उमेरसँगै गाउँको ठिटोसँग विवाह बन्धनमा बाँधिएकी छिन् । विवाह भएको केही वर्षमै विधवासमेत बन्न पुगेकी छिन्, त्यसैको कारण उनले धेरै दुःख भोग्न विवश भएकी छिन् र पतिको मुत्यु पश्चात आत्माहत्याको बाटोसमेत खोज्न पुगेकी छिन् । तर आफ्नो नाबालिकको भविष्यलाई समेत मृत्युको बाटो त्याग्ने दुरदर्शी पात्रका रूपमा चित्रित छिन् । कथाको सुरु सुरुमा आज्ञाकारी नभएपनि पछि समय र व्यवहारले समात्दै जाँदा आफूलाई परिवर्तन गर्न सक्ने गतिशील चरित्रका रूपमा चित्रित छिन् । पछाडिका दिनमा आफूलाई परिपक्क आमाका रूपमा परिवर्तनसमेत गर्न पुग्छन् र आफूलाई जिम्मेवारी शिक्षिका रूपमा रूपान्तरित गर्न पुग्छन् । उनीलाई सत् चरित्रका रूपमा चित्रण गरिएको छ ।कथामा सहायक पात्रका भूमिकामा शोभाका बाबु आमा, श्रीमान, छोरी गीता र अन्य शिक्षकहरूलाई चित्रण गरिएको छ । यी पात्रहरू सत र आफ्ना कर्तव्यमा अडिगसमेत रहेका छन् । कथामा गौण पात्रका भूमिकामा शोभाका गाउँ पञ्चायतका मानिसहरू र उसका गाउँले छरछिमेकीहरू आएका छन् ।

### ४.२.३.४. सारवस्तु

प्रस्तुत कथामा मान्छे बढी माया ममताका कारण पनि बिग्रिन्न सक्छ । मान्छे बच्चा उमेरमा स्वाभाविक रूपमा अपरिपक्क हुन्छ । समय परिस्थिति र बाध्यताले मान्छेलाई परिवक्क

हुन सिकाउँछ । बालकलाई सानै उमेरमा अभिभावकले उचित नियन्त्रित वातावरणमा हुर्काउनु पर्छ । नत्र बालबच्चाहरू भविष्यमा अव्यवहारिक बन्न जान्छ भन्ने सारवस्तु यस कथामा प्रस्तुत गर्न खोजिएको छ ।वास्तवमा मान्छेको आफ्नो शत्रु आफै हुन्छ भन्ने सार चरित्र शोभाका जीवनबाट प्रस्तुत गर्न खोजिएको छ । बालक सही र योग्य नागरिक बन्न उचित अभिभावकत्व र वातावरणको आवश्यकता पर्छ भन्ने सार कथामा प्रष्टिएको छ ।

### ४.२.३.५ देश काल र वातावरण

यस कथामा दोस्रो विश्वयुद्व पूर्वका समय र उपनिवेशमुक्त हुन पूर्वका समयलाई चित्रण गरिएको छ । तत्कालीन समयको नेपालका शैक्षिक आर्थिक स्थितिलाई प्रस्तुत गरिएको छ । स्थानीय रूपमा शोभाको बाबु सुवेदार धनवीरले सेवा गरेको पल्टन धनवीर पेन्सन भएपछिको उसको गाउँ नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरका ग्रामीण भेगका स्थानको चित्रण गरिएको छ । प्रासाङ्गिक रूपमा धनकुटा धरान जस्ता स्थानको पनि प्रसङ्ग आएको छ । प्रस्तुत कथाले पाठकमा त्रास करूणा र थोरै मात्रामा हास्य रस प्रदान गर्न सकेका छन् । यसरी कथामा देशकाल वातावरणले कथालाई बोध्य ग्राह्य बनाएको छ ।

### ४.२.३.६ भाषा

यस कथामा सुवेदार धनवीरको पल्टनको चर्चा भए पनि पल्टने भाषाको त्यति प्रयोग भएको पाइदैन कथामा बालभाषाको बढी प्रयोग भएको पाइन्छ । कथामा भोजपुर जिल्ला आसपास क्षेत्रमा दोस्रो भाषीले नेपाली उच्चारण गने कथ्य नेपाली भाष प्रयोग भएको छ ।कथामा सकुल मोटर गाडी बङ्गला बी.ए. मेट्रिक, पुस्तक नेत्रि, वात्सल्य पाठशाला जस्ता आगन्तुक तथा तत्सम शब्दहरूको प्रयोग भएको छ । बाल भाषामा गोट्टी, कोरी टुकुमुकु ढुकुढुक जसता शब्दवलीको प्रयोग भएको छ । बढी मात्रामा वर्णनात्मक भाषाको प्रयोग भएको छ ।

### ४.२.३.७ दृष्टिविन्दु

प्रस्तुत कथा बाह्य सीमित दृष्टिविन्दुमा आधारित रहेको छ । कथायिताले घटित कथावस्तु प्रत्यक्ष भाग नलिई कार्यव्यापारका बारेमा पर बसेर घटनाका वर्णन गर्दै विषय वस्तुलाई अगाडि बढाएका छन् । कथानकले ऊ पात्र शोभाश्रीका जीवनका उतार चढावका बारेमा राम्ररी वर्णन गरेका छन् । उनको बाल्यकालका बालहदलाई प्रस्तुत गर्दै त्यही बालहठका कारण पछिल्ला दिनमा भोग्नु परेका दुःख र त्यही दुःखसँग सङ्घर्ष गर्दा उनलाई मिलेको सुखी जिवनका बारेमा कथाकार प्रत्यक्षदर्शी भएर वर्णन गरेका छन् । कथा पूर्णरूपमा बाह्य सीमित दृष्टिविन्दुमा आधारित रहेको छ ।

### ४.२.४.'खुङ्छामा' कथाको विश्लेषण

### ४.२.४.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक राई बान्तावा भाषाको शव्दबाट राखिएको छ । 'खुङ्छा' भन्नाले बान्तावा राईहरूको धेरै पाछा (थर) हरूमध्ये एक थर हो । खुङ्छामा भन्नाले खुङ्छा थरको स्त्रीलिङ्गी बोधक शब्द बुझिन्छ । यो कथा सम्पूर्ण रूपमा 'खुङ्छामा' प्रमुख नारी पात्रको कार्यगतिविधिमा आधारित भएको हुनाले कथाको शीर्षक उपयुक्त देखिन्छ ।

### ४.२.४.२ कथानक

'खुङ्छामा' कथा खुङ्छामा पात्रले कार्तिक महिनामा बारीमा तोरी उखेल्न लाग्दा छिमेकी साथीहरू पनि तोरी उखेल्न आउनु र दिनभरि गफ गर्दै तोरी उखेल्नुको घटनाबाट सुरु हुन्छ ।

उनी दिनभरिको कामबाट फर्की खुङ्छामाले खाना तयार गरी आफू र आफ्ना सासूलाई पनि खुवाउछिन । त्यसपछि खुङ्छामा निदाउन नसकी विगतका जीवनका घटनाहरू स्मरण गर्न पुग्छन् । उनका स्मरणमा भोजपुरको रानीबासबाट व्यापारका लागि साथमा घरेलु वस्तुहरू बोकी धरान बजार झर्नु, चौकी बारीको माइला साङ्पाङ सँग चिनाजान हुनु र अन्त्यमा विवाह हुनु । वैवाहिक दाम्पत्य जीवन चलिरहँदा खुङ्छामाको श्रीमानको मृत्यु हुनु जस्ता घटनालाई खुङ्छामाले सम्झन्छिन । यसरी कथानकले व्यतिक्रमिकताको गतिलिन्छ । यहीसम्मको कथावस्तु कथानकको चिनारी वा आदि भाग हो । खुङ्छामाले श्रीमानको मृत्यु पश्चात पनि आफ्नी बुढी सासुको हेरचाह र घरव्यवहारमा केही वर्ष विताउनु र अन्तमा हर्कमान लोहोरोङका माया जालमा परी दोस्रो विवाह गरी घरजम गर्नुसम्मको घटना कथानकको मध्य भाग हो र विवाह गरी घरजम गरेकी खुङ्छामा केही समयपछि औलो ज्वरोका कारण मर्नु कथानकको अन्त्य भाग हो । यसरी कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा बुनिएको छ ।

### ४.२.४.३ चरित्र चित्रण

प्रस्तुत कथामा प्रमुख रूपमा खुङ्छामा प्रमुख नारी पात्रका रूपमा आएकी छिन् । सहायक पात्रमा जेठीमा आएकी छिन भने अन्य पात्रहरू गौण पात्रहरूका रूपमा आएका छन् । कथाका सम्पूर्ण पात्रहरू सामाजिक र सतगुण युक्त रहेका छन् । कथाका सम्पूर्ण कथावस्तु खुङ्छामाका वरिपरि रहेकाले खुङ्छामाका चरित्रलाई मात्र चित्रण गरिन्छ ।

खुङ्छामा बीस बाइस वर्षकी व्यापार बजारका क्रममा भोजपुरबाट धरान सुनसरी बजार झरेकी सोझी रूपवती शीलस्वभावकी प्रमुख नारी पात्र हुन् । एकदिनको छोटो चिनजान पश्चात धरानका माइला साङपाङ विवाह बन्धनमा बाँधिन्छिन तर दुर्भाग्य एक वर्षको समयमा विधवा बन्न पुग्छिन् र श्रीमानको मृत्यु भएपनि घरव्यवहार सासुको राम्रै हेरविचार पुऱ्याउँछिन् सधैँभरि विधवा बस्न नसक्ने निधो गरी अन्तमा हर्कमान सँग नयाँ घरजम गर्छिन र अन्तमा आफूपनि औलो ज्वरोका कारण मर्छिन् । यसरी उनी जीवनमा विविध समस्या भोग्न बाध्य विवस पात्र बनेकी छिन् । उनी बाँचुञ्जेल रमाइलो गरी जीवन जिउन चाहने नारी हुन् । उनी मेलापात घाँस दाउरा गर्दा विभिन्न गोठाले लोकगीतहरू गाएर अरूलाई हसाउने भाबुक बनाउने काम पनि गर्छिन् । उनीमा बोली बचनले प्रभाव पार्न सक्ने सत गुण पनि पाइन्छ ।

### ४.२.४.४ सारवस्तु

प्रस्तुत कथा मार्फत कथाकारले नेपाली समाजको मानिसहरूको यथार्थ चित्रण गर्दै उनीहरूको विसङ्गतिलाई प्रस्तुत गर्ने उद्देश्य राखेका छन् । मान्छे कति निरीह विवस छन् । उनले जीवनमा भाग्य नियति द्वारा ठगिनु परेको छ । बाँच्नका लागि हरेक दुःख गर्छ, समस्या समाधानका उपाय रोज्छ तर पनि अन्त्यमा आफूलाई नै समाप्त गर्न पुग्छ भन्ने सार कथामा प्रस्तुत भएको छ । एक अबोध नारीका जीवनका अनेक विसङ्गतीहरू मार्फत कथाकारले सम्पूर्ण मानव जातिका समस्याहरू प्रस्तुत गरेका छन् । खुङ्छामा बाँच्नका लागि व्यापार गर्छ, विवाह गर्छ, श्रीमानको मृत्यु हुन्छ तरपनि उनी विचलित हुदैन तर अन्तमा आफ्नो पनि जिजीविषा समाप्त गर्न पुग्छिन् ।

### ४.२.४.५ परिवेश

प्रस्तुत कथाले पूर्वी नेपालको भोजपुर र सुनसरी जिल्लालाई आफ्नो परिवेश बनाएको छ । खास गरी सुनसरी जिल्लाको धरानलाई पात्रहरूले आफ्नो कार्य पीठिका बनाएका छन् । भोजपुर रानीबास, हतुवा लिम्खिम जस्ता ठाउँ सुचनात्मक रूपमा मात्र आएका छन् । कालिक हिसाबले

कथाले चारपाँच वर्षको समयावधिलाई ओगटेको छ । दशैतिहार, राई जातिमा प्रचलित रीत प्रथाको समय तोरी छर्ने फुल्ने काट्ने समय आदि कालमा कथावस्तु विस्तार भएको छ । कथ्य विषयको अध्ययनले पाठक मनमा पात्रहरूमाथि सहानुभूति भाव उत्पन्न गर्छ । कथाको अन्त्यमा पाठकहरूलाई आशुँ बगाउने क्षणमा पुऱ्याएको छ । कथामा ठाउँ ठाउँमा प्रस्तुत गीतहरूले कथालाई रमाइलो पनि गराएको छ ।

### ४.२.४.६ दृष्टिविन्दु

प्रस्तुत कथा बाह्य सीमित दृष्टिविन्दुमा आधारित रहेको छ । कथाकारले घटित घटना व्यापार भन्दा बाहिर बसेर घटनाहरूका बारेमा वर्णन गरेका छन् । कथाकी प्रमुख नारी पात्र खुड्छामा बारेमा उनीलाई केन्द्रमा राखेर कथाकारले कथा प्रस्तुत गरेका छन् । जसकारण कथा बाह्य सीमित दृष्टिविन्दुमा आधारित छ ।

### ४.२.४.७ भाषा शैली

प्रस्तुत कथाको भाषाशैली वर्णनात्मक रहेको छ । कथाको भाषा आलाङ्कारिक बोध्य खालको छ । कथामा राई बान्तावा भाषा वाक्याँशहरूको प्रयोग भएको छ । जस्तै : 'आनचिया ओयाकिनङ तोरी छोटोमुसी वानाङसा' (पृष्ठ-३) वानाची न मलोक छोटेमुङ -ऐ.पृ.) हतुवा लिम्खिम रानीबास, मायाले गर्दा बनिबास र सानोमा सानो कुसुमे रूपमाल धोइदिने कोही छैन, विरानो देशमा मै मरिजाउँला रोइदिने कोही छैन जस्ता गीतहरूका पनि प्रयोग भएको छ । कथा संवृत रूपविन्यासमा आधारित रहेको छ । समग्रमा कथाको भाषाशैली सरल सरस र बोध्य बनेको छ ।

### ४.२.५. 'पोखराकी पुतली' कथाको विश्लेषण

### ४.२.५.१ शीर्षक

प्रस्तुत कथा एक सोझी निश्चल 'पुतली' नामकी नारी पात्रले लखनऊको गल्लीमा एक मुसलमानको पुतली बन्न परेको घटनालाई प्रस्तुत गरेको छ । 'पुतली' नेपालको पोखरा सहरकी नारी उनले लखनऊमा गएर पुतली बन्नु परेकोले 'पोखराकी पुतली लखनऊको गल्ली' कथा शीर्षक सार्थक बनेको छ ।

### ४.२.५.२ कथानक

प्रस्तुत कथा लखनऊको बजारको वातावरणसँगै सुरु भएको छ । लखनऊको एक सागुरो गल्लीमा बन्दी भएर बसेकी पुतली पात्रको छट्पटी पीडा व्यथा विगतका आफ्ना जन्मस्थानको सम्झनाले सताउँदाको क्षणबाट कथानकले गति प्राप्त गरेको छ । पुतलीका मनमा उत्पन्न आफ्नो मातृभूमिप्रतिको सम्झनामा पुतलीका बाल्यकालको स्मृति, साथी, सङ्गति, वनजङ्गल, खोलानालामा खेलेको स्मृति हुन्छ । त्यसपछि पुतलीले आफ्ना जवानी कालका प्रथम प्रहारहरूको स्मरण गर्न पुग्छे । त्यस दिन पुतली विहानै गाग्री लिएर पानी भर्न पँधेरोमा पुगेकी हुन्छे । उनीले पँधेरोमा नयाँ नौलो जवानलाई भेट्छ । उनीहरू बिचमा सामान्य बोलचाल मात्र हुन्छ । पुतली र सुन्दर युवकका बिच पानी पँधेरोमा भेट्ने क्रम करिब एक महिनासम्म जारी रह्यो । एक महिना दिनसम्मको बीचमा पुतली र युवक बिच आपस मित्रता बढिसकेको हुन्छ । अन्तिम समयमा युवक लाहुर फर्किन लाग्दाको वरवत पुतलीले आफ्नो माया युवकप्रति व्यक्त गर्छे । युवकले पनि पुतलीलाई साथमा लगेर जान्छ । युवकले पुतलीलाई लखनऊको मुसफ मुसलमानसँग बेचिदिन्छ ।

यहाँसम्मको घटना कथानकको चिनारी आदि भागको रूपमा रहेको छ । जब पुतलीलाई आफु लखनऊका बेचिएको थाहा पाउँछे तब उनका मनमा तनमा विभिन्न तनावहरू सुरु हुन्छ । उनी बन्द कोठामा कराउँछे, रून्छे, गुहार माग्छे तर उनको समस्याको समाधान हुन सक्दैन । पुतली कोठामा थुनिएको केही घण्टा पश्चात युसफ मुसलमान उनको कोठामा प्रवेश गरी पुतलीलाई शारारिक आक्रमण गर्छ । उनको देह व्यापार गर्छ पुतलीले धेरै आपाति विपति विमति जनाउँछे तर उनी असफल हुन्छ । यहाँसम्मको घटना कथानकको मध्य भाग हो । चरमोत्कर्षको भाग पनि यही हो । जब पुतली विस्तारै आफूलाई देह व्यापारमा अभ्यास बनाउँदै जान्छे तब आफूलाई आफ्नो कर्म भाग्य नै यही रहेछ भन्ने लाग्छ । उनी कृत्रिम पुतली भएर ग्राहकहरूको सन्तुष्टिमा लागिरहन्छ । युसफ र उनका ग्राहकहरूका स्वागतमा निरन्तर लागिरहेको घटनामा कथानकको अन्त्य हुन्छ । यसरी कथानकले रैखिक गति भन्दा पनि व्यक्ति क्रमिकताको गतिलाई बहन गरेको छ । कथानकले अन्त्यबाट सुरु भई अन्त्यमा गएर टुङ्गिएको छ ।

### ४.२.५.३ चरित्र चित्रण

यस कथामा प्रमुख गौण पात्रहरूको समायोजन गरिएको छ । प्रमुख पात्रको भूमिकामा पुतली र युवक पात्र प्रस्तुत भएका छन् । सहायक पात्रमा युसफ मुसलमान आएका छन भने गौण पात्रहरूका भूमिकामा पुतलीका साथी भाइ, आमा र युसफ मुसलमानका साथीहरू छन् । 'पुतली' यस कथाका प्रमुख नारी हुन् । कथामा उनका भूमिका सुरुदेखि अन्त्यसम्म आएको छ । उनी एक सोझी निश्चल राम्री लज्जालु स्वभावकी सत पात्र हुन् । उनी एक सुन्दर युवककी माया जालमा परि लखनऊमा बेचिएकी पात्र हुन् । बेचिएकी नारी पात्र हुन् । पुतली एक नेपालबाट दलालहरूबाट फकाइफुलाई बेचिने नारीहरूका प्रतिनिधि एक पात्र पनि हुन् ।

युवक एक प्रमुख पुरूष पात्र हुन् । पुतलीलाई आफ्नो मायाजालमा फसाएर बेच्ने पात्र हुन् । उनको भूमिका असत प्रवृतिको रहेको छ । उनले पुतली जस्ती सोझी निश्चल केटीलाई युसफ जस्ता मानव बेचविखन गर्ने पात्रलाई सहयोग गर्छ । पुतली जस्ता पात्रहरूका भविष्य विगार्नमा उनको ठूलो हात छ । ऊ कथाको सुरु भागमा एक इमानदार पात्रको रूपमा प्रस्तुत भएपनि पछि असत पात्रका भूमिकामा आएका छन् । युसफ यस कथाको सहायक भुमिकामा आएका छन् । ऊ मानव देहव्यापारमा लागेका धनादय पात्र हुन् । उनी हेर्दा डर लाग्दा, ठूला जीउडाल भएको छ । उनको भूमिका असत पात्रका रूपमा आएको छ । अन्य पात्रहरू गौण भूमिकामा आएका छन् ।

### ४.२.५.४ सारवस्तु

यस कथाको सारवस्तु मानिसले मानिसलाई विश्वास गर्ने आधार कम मात्रामा पाएको छैन । एक मानिसले अर्को मानिसलाई जवानीको रूपमा मोहित भएर विश्वास गर्दा भविष्य अन्धकार बन्न जान्छ । त्यसैले मानवले मानवलाई छोटो समयमा विश्वास गर्न हुने सार यस कथामा पाइन्छ । कथाका पात्रले पुतलीले सुन्दर युवक पात्रलाई महिना दिनको बीचमा विश्वास गर्दा उनी लखनऊको बेश्यालयमा पशुवत जीवन बिताउन बाध्य भएकी छिन् । मान्छेले धन, ऐस, आराम बिलासिताका लागि मान्छेनै प्रयोग गर्छन भन्ने तथ्यलाई प्रस्तुत गरेको छ ।

### ४.२.५.५ भाषाशैली

यस कथामा बढी मात्रमा स्तरिय नेपाली भाषाका प्रयोग भएका छन् । पात्रहरूले गर्ने संवादमा हिन्दी, मुसलमानी र ठेट नेपाली शव्दहरूको प्रयोग भएको छ । कथामा आगन्तुक तत्सम तदभव जस्ता शव्दवलीहरूको प्रयोग भएको छ । भाषा प्रयोगका हिसाबले कथा स्वाभाविक नै

रहेको छ । पिता श्रद्धा जस्ता तत्सम होटेल, मरकरी स्टेसन प्ले, लाहुरे जस्ता आगन्तुक शव्दहरूको प्रयोग भएको छ ।

#### ४.२.५.६ देशकाल वातावरण

कथाले नेपालको पोखरा भारतको लखनऊ देहरादुन जस्ता स्थानहरूको आधार पाएको छ । कथा करिब १०-१२ वर्षसम्मको काललाई ओगटेको छ । कथाको समयले पोखरा सहरको अल्प शिक्षित काल र लखनऊको देहव्यापारको समयलाई जनाएको छ । भारत स्वतन्त्र हुनु पूर्वको समयलाई पनि कथाले संकेत गरेको छ । कथा पढी रहँदा भावुक मनमा शृङ्गार माय क्रोध करूण घृणा दया भावहरू उत्पन्न हुन पुग्छन् ।

#### ४.२.५.७ दृष्टिविन्दु

प्रस्तुत कथा बाह्य तृतीय सर्वदर्शी दृष्टिविन्दुको प्रयोगमा आधारित छ । कथाकारले कथाका प्रमुख तथा सहायक पात्रहरूका भावना प्रतिक्रिया विचार आदिहरूको चिनारी दिएका छन् । त्यसकारण कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा आधारित छ ।

### ४.२.६ 'शेरमान' कथाको विश्लेषण

#### ४.२.६.१ शीर्षक

'शेरमान' कथा हवलदार शेरमानको लाहुरे जीवनसँग सुरुदेखि अन्तसम्म भएको कारणले कथाको शीर्षक शेरमान राखिनु उपयुक्त छ । हवलदार शेरमान आफ्नो बल बुद्धिका चातुर्य, युद्ध कौशल र वीरताका कारणले तीन पल्टनका युद्ध नायक भएर शत्रुहरूको अड्डामा आक्रमण गर्न पुग्छ । युद्धमा सफल विजयी पनि बन्छ । तर युद्धमा आफ्नो जीवन लीलालाई पनि समाप्त पार्छ र कथा समाप्त हुन्छ । यसकारण कथाको कथावस्तु पूर्णरूपम शेरमानको पछाडि बगेको हुनाले कथाको शीर्षक शेरमान रहनु सार्थक रहेको छ ।

#### ४.२.६.२ कथानक

प्रस्तुत कथाको कथावस्तु वृताकारीय रूपमा अगाडि बढेको छ । युद्धमा होमिएको हवलदार शेरमानको जीवन लीलाको अन्तिम चित्कार 'अया पानी......।' बाट सुरु भएको छ । शेरमान शत्रुहरूको मेसिनगन राइफलको गोलीले भुइमा रगताम्य भएर ढलेको छ । उसको स्मरण शक्ति विस्तारै लुप्त हुँदै जादैछ । ऊ साहस बटुलेर उठेर हिड्न खोज्छ तर सक्दैन । ऊ चारैतिर अन्धकार र निस्तव्ध वातावरणमा पानी माग्छ तर उसलाई त्यस अप्ठयारो क्षणमा पनि पानी दिने कोही हुदैन । त्यसपछि कथावस्तु पूर्व कार्यव्यापारतर्फ अगाडि बढ्छ । हवल्दार शेरमान आफ्ना प्लाटुनका सिपाहीहरूलाई शत्रुहरूको अड्डामा आक्रमण गर्दा शत्रुहरूको 'एटेक' सम्बन्धी लेक्चर दिन थाल्छ । आजसम्म हाम्रा पुर्खाहरूले युद्धभूमिबाट पिठ्यु फर्काएर भागेका छैनन् 'कायर हुनु भन्दा त मर्नु निको हो' आफ्नो बाउबाजेको नाम सुवासलाई थप्नुपर्छ । कि मरिन्छ कि शत्रुहरूलाई मारिन्छ भन्ने तथ्यलाई मूलमन्त्र बनाएर शत्रुहरूको किल्लामा आक्रमण गर्नुपर्छ विजय अवश्य गरिन्छ भन्ने आत्माविश्वास हवल्दार शेरमानले सिपाहीहरूलाई दिन्छ । अगाडि भन्छ युद्धमा बलको भन्दा बुद्धिको धेरै भूमिका रहन्छ भन्ने भनाइ पनि प्रस्तुत गर्छ । अनि शत्रुहरूको अड्डामा ठीक आद आक्रमण गर्ने सयम तोक्छ यहाँसम्मको घटना वस्तुले कथानकको आदि भागलाई सङ्केत गर्छ । जब उनीहरू शत्रुहरूको अड्डामा आक्रमणका लागि गोलाबारूद बन्दुक, राइफल स्टेट गन लिई शत्रुहरूका क्याम्पमा आक्रमण गर्छन् । उनीहरू पनि सबै मर्छन शत्रुहरूको क्याम्पलाई ध्वस्त गर्छन् । यहाँसम्मको घटनाले कथानकलाई चरमोत्कर्षमा पुऱ्याउँछ । शत्रुहरूलाई

खुकुरीले मूला काटेझैं छप्काएका शेरमान पनि अन्तमा आफूलाई पनि गोलीले क्षतविक्षत भएको अवस्थामा समाप्त गर्दा कथानकले अन्तिम गति प्राप्त गर्छ ।

### ४.२.६.३ चरित्र चित्रण

प्रस्तुत कथामा धेरै पात्रहरूको प्रयोग गरिएको छ । शेरमान यस कथाको प्रमुख नायक हो । उसैको केन्द्रीयतामा कथावस्तु विकसित भएको छ जसकारण कथा चरित्रप्रधान कथा पनि हो । यहाँ शेरमानको चरित्रलाई मात्र चिनाउन सकिन्छ । शेरमान यस कथाको प्रमुख नायक पात्र हो । ऊ पल्टनको सेक्सन कमाण्डर हो । उसमा पर्याप्त मात्रमा नेतृत्वदायी गुण पाउन सकिन्छ । उनमा युद्ध कौशल र युद्ध सम्वन्धी धेरै ज्ञान रहेको छ । उसमा युद्ध गर्नु र युद्धमा जीत हासिल गर्नु आफ्नो सर्वोच्च ठहर्छ भन्ने मान्यता छ । उनले धेरै युद्धमा जीत हासिल पनि गरेको छ । युद्ध बलले मात्र नभएर बुद्धिले पनि गरिने खेल हो भन्ने मान्यता शेरमानमा छ । वास्तवमा ऊ शुरवीर साहसी गोर्खाली लाहुरे योद्धा हो । उसले गोर्खाली नेपालीहरूको नाम राख्न सकेको छ । ऊ जस्तै धेरै नेपालीहरूले ब्रिटिस र भारतीय सेनामा बहादुरी देखाएका छन् । ऊ कथाको प्रमुख भूमिकामा देखिएको पात्र हो ।

### ४.२.६.४ सारवस्तु

प्रस्तुत कथा मार्फत कथाकारले गोर्खाली नेपाली लाहुरेहरूले आफ्नो बहादुरीका नाममा, आफ्नो आर्थिक स्थिति सुधार्ने नाममा, विदेशी भूमिमा भाडाको सिपाही बन्नु परेको यथार्थलाई प्रस्तुत गर्ने उद्देश्य राखेका छन् । कथामा शेरमान पात्रले आफ्नो बहादुरीका लागि आफ्ना नेतृत्वका सिपाहीहरूलाई विभिन्न उत्तेजित भनाइहरूका साथ लडाइमा लडाउँछ । शत्रुहरूलाई समाप्त पार्छ र अन्तमा आफू र आफ्ना सिपाहीहरूलाई पनि समाप्त पार्छ । अन्तमा विदेशी भूमिमा विदेशीका लागि पानी पानी भन्दै मर्छ । यसरी कथाकारले युद्धले फाइदा मानवहित गर्दैन त्यसमा कथाकारले युद्धले फाइदा मानवहित गर्दैन त्यसमा पनि अरूका स्वार्थका लागि लड्नु व्यर्थ छ भन्ने सारलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् । युद्धले जीवनलाई नै उजाड निस्सार शून्य अवस्थामा पुऱ्याउँछ भन्ने निष्कर्ष कथामा पाइन्छ ।

### ४.२.६.५ परिवेश

प्रस्तुत कथामा औपनिवेशिक विस्तार वादी युद्धकालीन देशकालको परिवेश आएको छ । ब्रिटिस औपनिवेश तर्फबाट गोर्खाली नेपालीहरूले लड्नु परेको समयावधिलाई कथाले सङ्केत गरेको छ । कथामा युद्ध रणमैदानमा शत्रुहरूका क्याम्प र, गोर्खालीहरूका क्याम्प र युद्ध पछिका हतहात भएका रणमैदानका परिवेश आएको छ । खास गरी दोस्रो विश्वयुद्धकालीन समयलाई कथाले सङ्केत गरेको छ । विश्वयुद्धका समयमा नेपाली मतवाली जातिहरूले आफ्नो पुर्खाहरूको इज्जतका खातिर त्यहाँका शासकहरूलाई खुसी पार्नका लागि खुकुरी र बन्दुकको भरमा बहादुरी देखाउन जानु पर्ने समयलाई कथावस्तुले सङ्केत गरेको छ । यस कथाका विषय वस्तुले पाठकका मनमा डर त्रास करूण घृणा र वीर रसलाई प्रतिपादन गरेको छ । कथामा घटित परिवेशले पाठकहरूलाई जिज्ञासा पैदा गर्दै अन्तमा दुःखद स्थितिमा पुऱ्याएको छ ।

### ४.२.६.६ दृष्टिविन्दु

प्रस्तुत कथा बाह्य सीमित दृष्टिविन्दुमा आधारित रहेको छ । कथायिताले सम्बन्धित घटित घटना भन्दा बाहिर बसेर कथा वस्तुका वर्णन गरेका छन् । कथाका प्रमुख पात्र शेरमानलाई मुख्य केन्द्रमा राखेर उनका क्रियाकलापहरूलाई प्रस्तुत गरेका छन् । शेरमानका पछि घटनावस्तु

बुनिएको छ त्यही घटनाहरूलाई कथयिताले प्रस्तुत गरेका छन् । कथाकारले एक पात्र शेरमानको आचार विचार व्यवहार हाउभाउलाई मात्र सीमित दृष्टिविन्दुमा आधारित रहेको छ ।

### ४.२.६.७ भाषाशैली

यस कथाको भाषा शैली वर्णनात्मक शैलीमा आएको छ । विषय वस्तुका वर्णनका क्रममा अङ्ग्रेजी भाषाका परिभाषिक शव्दावलीहरूका बढी प्रयोग भएको छ । जस्तै : एटेक, लेक्चर, पोष्ट, सेक्सन कमाण्डर, बुट, मेसिनगन, टु इन्च मारटर, ग्रिनेड, स्टेटगन, बुलेट र छुम छुम, टुक्रुक्क, किलिक किलिक घुर्लुप्प फुत्रुक्क जस्ता अनुकरणात्मक शव्दहरूको पनि प्रयोग भएको छ । चित्कार, करूण मर्मभेरी निर्जन, निस्तव्ध, कौशल, सन्नाटा जस्ता तत्समशव्दहरूको प्रयोग पनि भएको छ ।

### ४.२.७ 'मदन' कथाको विश्लेषण

### ४.२.७.१ शीर्षक

प्रस्तुत कथा सम्पूर्ण रूपमा चरित्र मदनको क्रियाकलापमा केन्द्रीत रहेको छ । आमा बाबु विहीन मदनको जीवनका उत्तार चढावमा कथाको कथावस्तु अडेको छ । कथाको कथानक चरित्र मदनको पछाडि गति प्राप्त गरेको छ । त्यसकारण यस कथाको शीर्षक चरित्र मदनको नामबाट राख्नु अभिधात्मक रूपमा सार्थक रहेको छ ।

### ४.२.७.२ कथानक

यस कथाको कथावस्तु सुचनात्मक विवरण दिएबाट सुरु हुन्छ । मदन आफू बसगाडीमा क्लिनरको काम गर्छ । कथाकारसँग उसको राम्रो चिनजान छ । कथाकारसँग आफूपनि लाहुरे हुने रहर व्यक्त गर्छ । तर उसको उमेर कलिलो हुनाले दुई वर्षपछि मात्र लाहुरे हुन सक्ने यथार्थ कथाकारले बताउँछ । मदनमा पनि लाहुरे भएर पैसा कमाउने चाहना छ । लाहुरे भएर आफ्नो गरिबीको अन्त गर्न चाहन्छ । यहीसम्मको कथावस्तु कथानकको आदिभाग चिनारी भाग हो । कथाकारले मदनलाई धेरैदिनसम्म नभेटेपछि एकदिन उसको ड्राइभरलाई भेटेर मदनको बारेमा सोधपुछ गर्छ । ड्राइभरले मदन बसको ठक्करबाट घाइते भएर हस्पिटल भर्ना भएको सूचना दिन्छ । त्यसपछि कथाकार मदनलाई भेट्न जाँदा मदन हस्पिटलको खाटमा आफ्नो एउटा खुट्टा गुमाएर पल्टिरहेको पाउँछ र कथाकार मदन बिच घटनाका बारेमा कुराकानी चल्छ यहाँसम्मको कथावस्तु कथानकको मध्य भाग हो । कथाकारले मदनलाई हस्पिटलमा घाइते अवस्थामा भेट्नु कथानकको चरमोत्कर्ष खण्ड हो । कथाकारले मदनको घटनाबाट दुःखी हुनु र सहानुभूति व्यक्त गर्नु मदनले आफू लाहुरे हुन नसक्ने विचार व्यक्त गर्दा कथावस्तुले अन्तिम गति प्राप्त गर्छ । यही संगै कथानकको अन्त्य हुन्छ । यसरी यस कथाको कथावस्तु कथानक आदि मध्य अन्त्यको शृङ्खलामा समाप्त भएको छ ।

### ४.२.७.३ चरित्र चित्रण

यस कथामा प्रमुख सहायक गौण पात्रहरूको भूमिका रहेकोछ । कथाको प्रमुख पात्रका रूप टुहुरो पात्र मदन आएको छ । सहायक पात्रका भूमिका 'म' पात्र आएको छ भने गौण पात्रका भूमिकामा मदनको ड्राइभर आएको छ ।मदन यस कथामा प्रमुख पुरूष पात्रको भूमिकामा उभिएको छ । ऊ उमेरको हिसाबले १३ वर्षे टुहुरो किशोर हो । ऊ बसगाडीमा क्लिनरको काम गर्छ । ऊ अति मिलनसार, हसिलो गफाडी र आफ्नो एक्लोपन मा दुःखी नहुने स्वभाव भएका पात्र हुन् । मदन व्यवहारिक हिसाबले प्रौढ भइसकेका छन् । उनका मनमा पाप स्वार्थ भन्ने केहीपनि

पाउन सकिदैन । ऊ सतपात्र हो । उसका स्वभावमा गतिशीलता पाउन सकिदैन । मदनमा अन्तमा गाडीको ठक्करबाट आफ्नो एउटा खुट्टा गुमाउन पुगेका दुखि पात्र हुन् । 'म' पात्र यस कथामा सहायक पात्रका भूमिका आएको छन् । 'म' कथाको सुरुदेखि अन्तसम्म पात्र छन् । मानिसको सुख दुःखमा साथ दिने मानव वादी पात्र हुन् । 'म' मदनबाट प्रभावित पात्र हुन किनभने आफूलाई दिक्क लागेको समयमा मदन कहाँ गएर आफ्नो नैराश्यताको बोधलाई सहज पारी यस कथामा मदन पात्रको चरित्रलाई प्रष्टाउनमा उनको भूमिका देखापरेका छन् । उनका पनि मानवीय गुण छनी उनमा पनि मानवीय गुण पाउन सकिन्छ । उनी असत पात्र होइन ।

### ४.२.७.४ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु मानवीय संसारमा विविध स्वभावका मानिसहरू पाउन सकिन्छ । कोही आफू यस संसारमा परिवार विहीन भएर पनि यस संसारमा हाँसी खुसी बाँचेको छन् । कोही आफ्ना कर्तव्यमा अडिग एकात्रित हुन सक्दैन् । जसका कारण अरूका भविष्यलाई पुग्छन् भन्ने सार यस कथामा रहेको छ । देशकाल वातावरण यस कथामा देशकालको स्पष्ट संकेत छन् । तर पनि उपचार गर्ने हरिचदल भएको तथ्यबाट कालका हिसाबले विकासित सयमलाई जनाउने कथाले पाठकमा खुसी दुःखी भावको अनुभूति गराउन सकेको छ ।

### ४.२.७.५ भाषाशैली

प्रस्तुत कथामा वर्णनात्मक शैली अपनाइएको छ । कथामा पात्रहरूले ठाउँ ठाउँमा संवादात्मक भाषाशैली प्रयोग गरिएको छ । कथा आगन्तुक तदभव, तत्सम र अनुकरणात्मक ठेट नेपाली शव्दहरूले गरिपूर्ण छ । बस, स्पीड, हस्पिटल, बेन्डेज, टावर, तनखा जस्ता आगन्तुक शव्द र निर्वेविध, राशि, ऋतु र पाषणजस्ता संस्कृत मूलका शव्दहरू प्रयोग गरिएको छ । पुलुक्क, मुस्कानजस्ता अनुकरणात्मक शव्दहरू आलङ्कारिक भाषा प्रतीकात्मक प्रयोग भएको छ ।

### ४.२.७.६ दृष्टिविन्दु

प्रस्तुत कथा आन्तरिक परिधिय दृष्टिविन्दुमा आधारित रहेको छ । यस कथा 'म' पात्रले मदन पात्रका बारेमा उनका चरित्र व्यवहारहरूले प्रस्ट्याउने कार्य गरेका छन् । म पात्र मदन यात्रका बिचमा संवादात्मक कार्यकलाप भएका छन् । कथामा म पात्र भन्दा मदन पात्रका बारेमा चरित्र उद्घाटनमा केन्द्रित भएका कारण कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा आधारित छ ।

## ४.२.८ 'ऊ कहाँ गयो होला' कथाको विश्लेषण

### ४.२.८.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक वाक्यात्मक संरचना । 'ऊ कहाँ गयो होला....। रहेको छ । 'म पात्रले एक समयमा पासाङ नामको कथाको मुख्य पात्र साथीत्वको साइनो जोडेको हुन्छ । 'म पात्र आफ्नाो जागिरको शिलशिलामा भारतको विभिन्न स्थानमा जाँदै आउँदै गर्ने गर्छ । म पात्र केही वर्षको दौडानमा पासाङबाट टाढा रहेको हुन्छ पछि रङ्पो देखि सिङ्तोमसम्म जाँदा बीचबाटोमा पासाङ् र पासाङ्को कटेरो म पात्रले पाउँदैन र म पात्रले विस्मयबोधक वाक्य 'ऊ कहाँ गयो होला....। भन्ने मनमनै प्रश्न गर्छ । यही मै कथावस्तु समाप्त हुन्छ । यसरी कथाको शीर्षक कथावस्तुका आधारमा सार्थक नै छ ।

### ४.२.८.२ कथानक

प्रस्तुत कथा 'म' पात्रले आफ्नो लाहुरे जीवनमा सिक्किमको बर्दाङ्ग क्याम्पमा आफ्नो ड्युटीको क्रममा नेपाली पासाङ शेर्पालाई भेटेपछि सुरु हुन्छ । म पात्र आफ्नो ड्युटीबाट फुर्सद

पाएपछि क्याम्प वरिपरि घुम्न निस्कदा भारतमा बसी कुल्ली काम गर्ने नेपाली पासाङ शेर्पालाई भेट्छ । उसका बारेमा सोधी खोजी गर्छ । पासाङ शेर्पा पनि नेपाली र 'म' पात्र पनि नेपाली लाहुरे भएको कारण म पात्र पासाङसँग बेला बेलामा भेटेर दुःख सुखका कुरा गर्छ । यहाँसम्मको कथावस्तु कथानकको चिनारी भाग हो । यसरी धेरै दिनको चिनारी पश्चात पासाङ शेर्पाले 'म' पात्र लाहुरेलाई आफ्नो कटेरोमा जान अनुरोध गर्छ । पासाङले आफ्नो क्षमता अनुसारको चिया पिलाउँछ । उनी बिच पासाङ र उनका परिवारका दुःख सुखका कुराकानी चल्छ । म पात्रले पासाङलाई घर जाने कुरा सोध्छ तर पासाङ हतपत्त घर नजाने कुरा गर्छ । यसरी म पात्र र पासाङबीच विविध गफगाफ पश्चात बिदा हुन्छ । यसै रीत धेरैदिनसम्म चल्छ यहाँसम्मको कथावस्तु कथानकको मध्य भाग हो । म पात्र आफ्नो पल्टनबाट सर्ने हुन्छ । पल्टनबाट बिदा भएर गाडीमा चढेर नेपाल जाँदा म पात्रलाई देखेर हात हल्लाई बिदा गर्छ । यहाँ कथानकले चरमोत्कर्ष प्राप्त गर्छ । 'म' अब पासाङसँग भेट हुदैन होला भन्ने मनमा शंका राख्दै बिदा हुन्छ । दुई वर्ष पछि फेरि 'म' पात्रको पोस्टिङ सिक्किममा नै हुन्छ । तर 'म' पात्रले नत पासाङलाई भेट्छ नत पासाङको कटेरोलाई देख्छ । त्यसपछि 'म' पात्रको मनमा 'ऊ कहाँ गयो होला....। भन्ने विस्मय उत्पन्न हुँदा कथावस्तु समाप्त हुन्छ ।

### ४.२.८.३ सारवस्तु

प्रस्तुत कथाको सारवस्तु प्रवासमा कुल्ली गर्ने नेपाली पासाङ शेर्पाको जीवनका प्रवासका दुःख सुखका चित्रण गर्दै मानवीय जीवनका बाह्यता विवस्ताहरूका चित्रण गर्नु हो । पात्र पासाङ शेर्पा आफ्नो दाजु लाहुरे भएपनि आफ्नो जीवन गुजाराका लागि भारतका टिस्टा नदी छेउछाउ काठ बोक्ने कामगरी प्राप्त ज्यालाले आफ्नो गाँस बासका व्यवस्था गर्दछन् । पासाङ आफ्नो कर्ममा विश्वास गर्दछन् । पासाङ शेर्पाका जीवन चर्चाबाट अधिकांश नेपालीहरूको दरिद्रताको चित्रण गर्नु यस कथाको उद्देश्य हो । म पात्रका कर्तव्यबाट तल्लो तहका सिपाहीहरूले माथिल्लो तहका क्याप्टेनहरूको बाध्यताको चित्रण गरेको छ ।वास्तवमा भन्ने हो भने झुपडीमा ईश्वरको बास छ गरीव झुपडीहरूमा मानवता र साँचो मानवीय धर्म छ भन्ने तथ्य कथामा रहेको छ ।

### ४.२.८.४ दृष्टिविन्दु

प्रस्तुत कथा प्रथम पुरूष परिधीय दृष्टिविन्दुमा आधारित छ । यस कथाको कथावस्तुलाई 'म' पात्रले तिमी पात्र पासाङ शेर्पालाई केन्द्रमा राखेर अगाडि बढाएको हुनाले प्रथम पुरूष दृष्टिविन्दुमा आधारित छ । कथामा पासाङ शेर्पाको मुख्य भूमिका रहेको छ । कथावस्तु पासाङ शेर्पाको केन्द्रियतामा वरिपरी घुमेको छ । कथा पासाङ शेर्पाको चरित्राङ्कनमा केन्द्रित रहेको छ ।

### ४.२.८.५ चरित्र चित्रण

यस कथा सीमित पात्र प्रयोगमा संरचित छ । कथामा पासाङ शेर्पाको मुख्य भूमिका रहेको छ भने कथाकार 'म' पात्रको सहायक भूमिका रहेको छ । पासाङका साथी इलामेली ठिटोको चाहि गौण भूमिका रहेको छ । कथामा नेपथ्य पात्रहरूको प्रयोग गरिएको छ । पासाङ शेर्पा यस कथाका प्रमुख नायक पात्र हो । उमेरका हिसाबले २२ वर्षे युवक हो । ऊ साथी भाइको लहै लहैमा नेपालबाट भारतको सिक्किममा कामको सिलसिलामा छिरेको व्यक्ति हो । ऊ सिक्किम दिनभरि दुई अढाई रूपैयाँका लागि आफ्नो ज्यानको माया मारी काठ बोक्ने काम गर्छ । उसमा इमानदारिता मानवीयता छ । उसमा मिलन सारिता धर्म छ कि त उसले म पात्रलाई आफ्नो कटेरोमा लगेर चिया समेत खुवाउँछ । ऊ दिनानुदिन साहुको ऋण तिर्न भनी भोलिको आफ्नो सुखद भविष्यका लागि परदेशमा गएर दुःख गर्ने अधिकांश नेपालीहरूको प्रतिनिधित्व गर्ने वर्गीय

पात्र पनि हुन् । म पात्र पनि यस कथाको सहायक भूमिकामा रहेको छ । म पात्र पनि आफ्नो सुखद भविष्यको कल्पना गर्दै ब्रिटिस सेनामा नोकरी गर्ने लाहुरे पात्र हुन् । उनमा नेपाली र प्रवासमा नेपाली दाजुभाइ भेट्दा उनीहरूका बारेमा बडो चासो राख्छ । उसमा पनि सत चारित्रिक गुण छ । गरिब अनाथहरूप्रति सहानुभूति राख्छ । यसरी कथामा प्रमुख सहायकबाहेक अन्य गौण र नेपथ्य पात्रहरू पनि रहेका छन् । कथामा चरित्र चित्रणमा वर्णनात्मक शैली अपनाइएको छ । पात्रहरू बढी आफ्ना जीवनका दुःख सुख बाध्यता विवसतासँग जुध्न परेको छ । यही द्वन्द्वमा कथा केन्द्रित बनेको छ ।

### ४.२.८.६ परिवेश

प्रस्तुत कथामा प्रत्यक्ष रूपमा कथाका चरित्रहरूले भारतका विभिन्न सिक्किम सिङ्ताम, टिस्टा, रङ्पो, बर्ढाड र नेफालाई आफ्नो आधारभूमि बनाएका छन् । अप्रत्यक्ष सूचनात्मक रूपमा नेपालको दुई नम्बर र इलामको परिवेश आएको छ । कालिक हिसाबले वि.सं. २०१७ वरिपरिको समयलाई संकेत गरेको छ । कथा वस्तु २/३ वर्षसम्मको समयावधिमा फैलिएको छ । २०१७ अघिपछि नेपालको गरिबी अशिक्षालाई पनि पासाङ शेर्पा जस्ता नेपाली युवकहरूको अशिक्षाबाट संकेत गर्छ । यस कथाले पाठक मनमा दया सहानुभूति र हास्यको भाव आस्वाद गराउन सकेको छ ।

### ४.२.८.७ भाषाशैली

कथामा बढी वर्णनात्मक शैलीमा पात्रानुकुल भाषाको प्रयोग भएको छ । कथामा पात्रहरूले ठाउँ ठाउँमा संवाद पनि गरेका छन् । संवादमा अस्तरीय नेपाली भाषाहरूको प्रयोग भएको छ । कथ्य नेपाली भाषाको पनि प्रयोग भएको छ । कथामा व्यङ्ग्यात्मक भाषाको पनि प्रयोग भएको छ ।युनिट, क्याम्प टर्निङ, हाफपाइन्ट, डिस्टिलरी, पोस्टिङ जस्ता आगन्तुक शव्दहरू र मुसुक्क, चरचरी, खुरूखुरू जस्ता अनुकरणात्मक शव्दको प्रयोग भएको छ । कटेरो, भुटुन, झोलेडि तिहुन, पनेलो जस्ता ठेट नेपाली शव्दहरूको प्रयोग भएको छ ।

### ४.२.९. 'सपना-विपनापछि' कथाको विश्लेषण

### ४.२.९.१ शीर्षक

प्रस्तुत कथा 'सपना विपनापछि' कथाको पात्र रनधोजका जीवनका सुखद तथा दुःखद क्षणका घटनाहरूमा आधारित रहेको छ । ऊ आफ्नो श्रीमतीको दुःखद मृत्युपछि आफ्नो छोराछोरीको स्याहार संरक्षणका लागि खटिरहन्छ । एकदिन ऊ रातको समयमा एक्कासि श्रीमतीको सम्झनामा सपनामाझैं बरालिन थाल्छ । ऊ अचेत अवस्थामा पुग्न गई रून कराउन थाल्छ । ऊसको यो अवस्थादेखि छोरी उसलाई झकझकाउन थाल्छ । छोरीको झकझकाईले उ चेत विपना अवस्थामा आउँछ । यसरी कथाको कथावस्तु रनधोजको सपना विपनापछि जस्तै भएकोले कथाको शीर्षक 'सपना विपनापछि' सार्थक बन्न पुगेको छ ।

### ४.२.९.२ कथानक

प्रस्तुत कथा पात्र रनधोजका टुहुरो बाल्यकालबाट सुरु हुन्छ । बाल्यकालमै आमाबाबु विहिन हुन पुगेका रनधोज आफूलाई थाहा पाउँदा भाँडा माझ्ने र अरूको जुठोमा हुर्केको पाउँछ । जबपछि ठूलो र बुद्धि आएपछि गतिलो कामको खोजीमा मुग्लान पुग्छ । दश वर्षे मुग्लान बसाइपछि ऊ फेरी औलो ज्वरोका डरले नेपालको धरानमा फर्किन्छ । त्यही एउटा साहुको बारी अधिया कमाउन थाल्छ । बासका लागि कटेरो बनाउँछ । आफू जस्तै अवला अनाथलाई जीवन

सहयात्रीका रूपमा विवाह गर्छ । त्यसपछिको दुई जना पाँच वर्षको अवधिमा एक छोरी एक छोराका बाबाआमा बन्छन् । जसोतसो उनीहरूका जीवन घामपानी खपेर चलिरहेको हुन्छ । एक दिन अचानक रनधोजका श्रीमतीलाई कालले च्यापेर लगिदिन्छ । त्यसपछि एक्कासि रनधोजका जीवनमा छोराछोरीको अभिभारा आइलाग्छ । यहाँसम्मको कथावस्तु कथानकको चिनारी भाग हो ।

रनधोज आफ्नो श्रीमतीको मृत्यु पश्चात छोराछोरीको गाँसवास कपासका लागि साहुको बारी जोत्नुको अलवा जङ्गलमा दाउरा काटेर बजारमा बेच्न पनि थाल्यो । एकदिनको कुरा हो । रनधोज विहानै उठेर छोराछोरीलाई खोलेफाडो ख्वाएर दाउरा काट्न भनी जङ्गल गए । दिनभरिमा जसोतसो एक भारीमा पु¥याएर साँझ पर्दा बजार पुग्यो । दाउराको भारी बेच्न उनी धरान बजारको चोक गल्ली गल्ली चाहारे अन्तमा बल्लतल्ल दुई रूपैयाँ भारिको दाउरा एक रूपयाँमा बेच्न सफल भए । त्यही एक रूपैयाले एक माना चामल किनेर आफ्नो छाप्रो तर्फ हानियो । आफ्नो छाप्रोमा पुग्दा छोराछोरी जाडोले काप्दै एककुनामा सुतिरहेका हुन्छन् । रनधोजका मनमा झल्यास श्रीमतीको सम्झना आउँछ । किनभने श्रीमती जिउँदो रहदा रनधोज कामबाट थाकेर आएको बेला भात तरकारी तयारी हुन्थ्यो । उसका आँखामा आसुका थोपा आउँछ थोपालाई पुछ्दै छोराछोरीलाई फकाउदै भात पकाउन थाल्छ । भात पकाएर खुवाएर रनधोज छोराछोरीलाई सुताउँछ । छोराछोरीहरू तातो भात खाना पाएर निदाइहाल्थ्यो तर रनधोज निदाउन सकेन । उनका मनमा छोराछोरी भविष्यका चिन्ताले अन्तदर्वन्द्व चलिरह्यो । उ आँखा चिम्लेर सोच्छ आँखा खोलेर हेर्छ । चारैतिर अध्याँरो चकमन्न देख्छ । त्यतिकैमा उनका चेतन अचेतनमा बदलिन पुग्छ । उसले सुतिरहेका छोराछोरीलाई हेर्छ केही देख्दैन । ढोका बाहिर हेर्छ पर क्षितिजमा धुँवाको मुस्लो जस्तो अन्धकारले विस्तार विस्तार यस दुनियालाई निल्दै आएको देख्छ हेर्दा हेर्दै धुवाँको मुश्लो जस्तो उनको सानो छाप्रोलाई स्वात निल्छ । ऊ निसासिन्छ छटपटाउन थाल्छ । घाटीमा कसैले समातेको जस्तो हुन्छ । ऊ आत्तिएर एक्कासि छोराछोरीलाई छामछुम गर्न थाल्छ । उसले भेट्न सक्दैन अझ आतिन्छ उसको बुद्धिले चक्कर खान्छ र भगवान पुकार्न थाल्छ । ऊ बेसरी छटपटाउँछ, कहालिन पुग्छ र रून थाल्छ । मुटुको स्पन्दन नै बन्द भएजस्तो रनधोज भएभरको शक्ति बटुलेर चिच्याउँछ । जब उसलाई छोरीले झक्झकाउँछ तब ऊ झसङ्ग बिउँझन्छ । यहाँसम्मको कथावस्तु कथानकको मध्यभाग हो । यही कथानकले चरमोत्कर्ष प्राप्त गर्छ । रनधोज जुरूक्क उठ्छ छक्क पर्दै चारैतिर हेर्छ मिरमिर उज्यालो हुन लागेको हुन्छ । छोरा निन्द्रामा सुतिरहेको हुन्छ । छोरी चाहिँ विस्मय र आश्चर्य भई काप्दै रहेको हुन्छ । छोरीको टाउको मुसार्दै मायालु बोलीमा सुत भन्छ र मुसुक्क हाँसिदिन्छ । एक पछि छोरी पनि निदाउँछ । विहानी पखको मिठो निन्द्रामा छोराछोरी सुतिरहेको पाउँदा रनधोज साह्रै खुसी हुन्छ । यही कथावस्तुको अन्त्य हुन्छ ।

### ४.२.९.३ चरित्र चित्रण

प्रस्तुत कथामा प्रमुख लगायत विविध पात्रहरूको समयोजन गरिएको छ । कथामा रनधोज पुरूष पात्रको प्रमुख भूमिका रहेको छ । रनधोजका श्रीमती लगायत उनका छोराछोरीको सहायक भूमिका रहेको छ भने बजारका यसले बाटोमा हिडडुल गर्ने अन्य पात्रहरूको सहायक भूमिका रहेको छ । रनधोज यस कथाको प्रमुख पुरूष पात्र हो । उ कथाको सुरुदेखि अन्त्यसम्मको भूमिका रहेको छ । रनधोज आफ्नो बुद्धि आएदेखि टुहुरा भएका छन् पछि धनकमाउनका लागि मुग्लान भासिएका र त्यहाँका औलो ज्वरोका डरले पछि धरान फर्कि घरजम गरी बसेको पात्र हुन् । विवाह गरेको केही वर्षमै आफ्नो श्रीमती गुमाउन पुगेका दुःखी पात्रसमेत हुन् । श्रीमतीका मृत्यु पश्चात साना नाबालक छोराछोरीका जिम्मेवारी बोक्न योग्य अभिभावकसमेत हुन् । उसका गरी खाने

खेतबारी छैन आफ्ना गाँस कपासका लागि उ दिनभरि जङ्गलमा दाउरा काटी बजारमा बेचेर जीवन गुजारा गर्ने गरिब पात्र हुन् । ऊ सोझो निस्वार्थी आफ्नो परिश्रममा विश्वास गर्ने पात्र हुन् । उसमा सतगुण छ छलकपट गर्न जान्दैनन् । रनधोज गरी खाने श्रमिक गरीवहरूको प्रतिनिधि पात्र हुन् । उनी जस्तै धेरै गरीव परिश्रमी श्रमिकहरू हाम्रा समाजमा छन् । रनधोजका श्रीमती यस कथाका सहायक नारी पात्र हुन् । उनी पनि गरिब अनाथ नारी हुन् । पति भक्तिगुण सम्पन्न सत पात्र हुन् । रनधोजका छोरी सानु तिन वर्षे बाल पात्र हुन् । उनमा आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्नुपर्ने भावना छ । टेकु रनधोजका १ वर्षे बालक छोरा हो । ऊ अबोध छ उसलाई खाना र खेल्न भए पुग्ने उमेरको छ । पसले ग्राहक बजारका ठिटाठिटीहरू गाडीका यात्रुहरू गौण भूमिका रहेका छन् । कथा सम्पूर्ण रूपमा रनधोजका पछि बगेको हुनाले कथा चरित्र प्रधान रहेको छ । कथामा चरित्रहरूको चरित्राङ्कन वर्णनात्मक पद्दतिमा गरिएको छ ।

### ४.२.९.४ सारवस्तु

प्रस्तुत कथाको उद्देश्य एक गरिब पात्र रनधोजका जीवनका आपत्तिविपत्ति दुःख सुखको चित्रण गर्नु लक्ष्य रहेको छ । रनधोज जस्ता टुहुरा, श्रीमती विहीन, गरिब पात्र हाम्रा समाजमा धेरै छन् । उनीहरूले आफ्नो जीवन गुजाराका अनेकन दुःख गर्छन तर उनीहरूको सुखको दिन कहिल्यै आउने दखिदैन । वास्तवमा हुने खानेहरू विलासितामा जिवन बिताइ दिन्छन तर रनधोज जस्ता पात्रहरू आफ्नो उचित पारिश्रमिक पाउन सक्दैन । पसलेहरू ग्राहकहरूलाई सुविधा प्रदान गर्ने बहानामा उल्टै लुट्ने गरेको यथार्थ यस कथामा पाइन्छ ।

यसरी कथाले सामाजिक यथार्थको अङ्कन गर्ने उद्देश्य राखेको छ । गरिब दुःखीहरूले दुःख नै पाइरहन्छ । बजारे धनीहरू आफ्नो जीवनलाई विलासितामा विताउँछन् भन्ने यस कथाको सारवस्तु रहेको छ ।

### ४.२.९.५ दृष्टिविन्दु

प्रस्तुत कथा तृतीय बाह्य सीमित दृष्टिविन्दुमा आधारित छ । कथामा ऊ पात्र रनधोजका चरित्र उद्घाटन प्रमुख रूपमा भएको छ । कथाकारले बाहिरी भागमा बसेर रनधोजका जीवनका घटनाहरूलाई वर्णनात्मक रूपमा प्रस्तुत गरेका छन् । कथामा सीमित एक पात्र रनधोजलाई केन्द्रमा राखेर कथाकारले कथावस्तुलाई निश्चित संरचना दिएका छन् । त्यसकारण कथामा तृतीय बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.२.९.६ परिवेश

प्रस्तुत कथाले व्यापक देशलाई ओगटेको छ । कथाले मुख्य रूपमा नेपालको पूर्वी सुनसरी जिल्लाको धरान बजारलाई आफ्नो कार्यपीठिका बनाएको छ । कथामा सहायक कार्यपीठिकाका रूपमा मुग्लान, सिलगढी, कटिहार, सिक्किम दार्जिलिङ आदि स्थान आएको छ । कालका हिसावले कथाले धेरै समय ओगटेको छ । रनधोज जन्मदेखि ऊ बाबु बनेर अभिभावक बहन गर्न सकेको समयसम्मलाई ओगटेको छ । कथा पठनको समयमा पाठकमा सहानुभूति, शृङ्गारिकता, करूण र त्रास जस्ता अनुभूतिको अनुभव हुन पुग्दछन् ।

### ४.२.९.७ भाषाशैली

कथामा पात्रहरूले स्वाभाविक संवाद गरेका छन् । भाषा प्रयोगका दृष्टिले दुबेहीय नभई बोध्य नै रहेको छ । हाफपेन्ट बस स्टेण्ड, क्यारेमबोर्ड जस्ता आगन्तुक शव्दहरू र बालक्रीडा, तनमय, सङ्गिनी, तृप्ति, निस्तब्धता सन्नाटा, स्पन्दन जस्ता तत्सम शव्दहरू सुरुसुरु, लुगलुगी,

कुट्कुटी, झ्याउँ झ्याउँ, झुरूम्म, झल्यास्स, भुतभुती, मुसुक्क जस्ता अनुकरणात्मक शव्दहरूको समायोजन भएको छ ।

## ४.२.१०. 'तीन सालको कमाइ' कथाको विश्लेषण

### ४.२.१०.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक तीन सालको कमाइ तीनवटा शव्दहरू मिलेर बनेको छ । कथाका प्रमुख पात्र 'म' तीन वर्ष पल्टनमा ड्युटी गरेर एकसय असी दिनको छुट्टीमा घर (नेपाल) फर्कदा रेलमा एक नेपालीलाई भेट्छ । उसको बाटोमा एकअर्का बिच कुराकानी चल्छ र कुराकानीका क्रम पश्चात 'म' पात्र रेलमै निदाउन पुग्छ । 'म' पात्र निदाएको मौका पारी सँगैको यात्रीले उसको तिन सालको कमाइले घर परिवारका लागि किनेको लत्ता कपडा र पैसाको बाकस नै चोरिदिन्छ । 'म' पात्र तन्द्रामा व्युँझिदा उसका साथको यात्री पनि हुदैन उसको तीन सालको कमाईको बाकस पनि हुदैन । उसको भोक तिर्खा निद्रा सबै हराउँछ । मुखबाट अनायसै शव्दहरू निस्कन्छ तीन सालको कमाइ यसरी विषय वस्तुका आधारमा कथाको शीर्षक सार्थक बनेको छ ।

### ४.२.१०. २ कथानक

प्रस्तुत कथा 'म' लाहुरे तीन वर्ष पल्टनमा ड्युटी गरी एक सय असी दिनको छुट्टीमा आफ्नो प्यारो मातृभूमि नेपाल जानभनी रेलवे स्टेसन लखनऊ पुग्छ । 'म' पात्र रेल चढ्छ रेलभित्र विभिन्न प्रवृतिका मान्छेहरू हुन्छन् । उसका छेऊमा एकजना मङ्गोलियन रूपरङ्गको मैलो नेपाली पनि सिट माग्दै आउँछ म पात्रले छेउमा बस्न स्वीकारोक्ति दिन्छ । रेलयात्राको क्रममा बिच बाटोमा दुईपात्रहरू बिच कुराकानी चल्छ । उक्त नेपालीले आफ्नो घर परिवार, आफ्नो भ्रमणको विषयको बारेमा बेलीविस्तार लगाउँछ र यति गफ चल्दै 'म' पात्रलाई गहिरो निद्रा लाग्छ र निदाउँछ । यहाँसम्म कथावस्तुको कथानक चिनारी हुन्छ ।

'म' पात्र गोरखपुर स्टेसनमा व्युझन्छ र त्यसपछि आफू सँगैको मान्छेलाई खोज्छ तर देख्दैन । आफ्नो तीनसालको कमाइ स्टिलको रेङ्क हेर्छ । टेङ्क देख्दैन र झस्किन्छ । रेलका अरू यात्रीलाई सोध्दा एकै सिटमा बस्ने मान्छे अगाडि नै उत्रेको र साथमा स्टिलको टेङ्क पनि लगेको जानकारी दिन्छ । यति सुनेपछि 'म' पात्र छाँगाबाट खसे जस्तै हुन्छ । यहाँसम्मको कथावस्तु कथानकको महत्त्व भाग हो । यही आएर कथानकले चरमोत्कर्ष प्राप्त गर्छ । त्यसपछि 'म' पात्र रूनु न हाँस्नु भएर रिङ्गटा चल्न खोजेर सिटमा ध्याच्च बसेर मुखबाट अनायसै तीनवटा शव्दहरू 'तीन सालको कमाइ' निस्कँदा कथानकले अन्तिम गति लिन्छ ।

### ४.२.१०. ३ चरित्र चित्रण

प्रस्तुत कथामा सत तथा असत पात्रहरूको भूमिकाले स्थान पाएको छ । कथामा मुख्यपात्र सीमित छन् । मुख्यत कथामा सीमित पात्रहरूको समयोजन गरिएको छ । 'म' पात्रको मुख्य रहेको छ । मङ्गोलियन रूपको मैलो मान्छे मुख्य खलपात्रको भूमिका देखापरेका छन् । कथामा सहायक पात्रहरूको भूमिका रहेको छैन । गौण भूमिकामा रेलका यात्रुहरू आएका छन् । कथामा 'म' पात्रका घर परिवारका सदस्यहरू र मैलो मान्छेका भाइ सालहरू नेपथ्य पात्रका भूमिका आएका छन् । 'म' पात्र कर्तव्यनिष्ठ भारतीय नेपाली लाहुरे हुन् । ऊ आफ्नो घर परिवारका लागि भारतीय भूमिमा गोलावारूदसँग मितेरी लाउने वीरयोद्धा पनि हुन् । तीनवर्षसम्म लगातार पल्टनमा नोकरी गरी १ सय ८० दिनको छुट्टीमा घर आउँदा सँगै सिटमा बसेको साथीद्वारा लुटिएको सोझो सिपाही हो । ऊ कसैलाई चाँडै विश्वास गर्ने स्वभावको पात्र हो । मङ्गोलियन रूपरङ्गको मान्छेलाई

आफ्नो मातेर विश्वास गर्दा उसले धोका पाएर तीन सालको कमाइ गुमाउन पुगेको  छ। जे भए तापनि 'म' पात्रमा विश्वास निस्वार्थ मानवता सत गुण पाइन्छ। ऊ नेपालबाट भारतीय भूमिमा रगत पसिना बगाउन जाने धेरै नेपालीहरूको प्रतिनिधि पात्र हो। मङ्गोलियन रूप रङ्गको मान्छे एक गरीव अनपढ मान्छे हो ऊ मौका पाउन साथ लामो हात गर्न पनि पछि नहट्ने स्वभावका छन्। उसका चरित्रमा गतिशीलता छ किनभने सुरुमा सहानुभूतिको व्यवहार देखाएर पनि पछि 'म' पात्र निदाएको मौका पारी उसको तिन सालको कमाइ चोरी गर्ने असत स्वभाव भएका पात्र हुन्। कथामा आएका अन्य पात्रहरूको गौण भूमिका रहेको छ।

### ४.२.१०. ४ सारवस्तु

प्रस्तुत कथाले एकजना लाहुरे र एकजना यात्रीको चित्रणबाट विभिन्न मानवीय चरित्रहरूको चित्रण गरिएको छ। मानवीय धरातलमा लाहुरे जस्ता सोझो इमानदारी आफ्नो पेशाप्रति बफादार आफ्नो परिवारप्रति उत्तरदायी स्वभावका मान्छेहरू धेरै हुन्छन्। रेल बसमा यात्रा गर्ने यात्रुहरू हेर्दा केही यस्ता तुच्छ स्वभावका हुन्छन् आँखा झिमिक माल गायव गर्ने खालका हुन्छन् भन्ने मानवीय विकृतिलाई यस कथामा प्रस्तुत गरेको छ। इमानदारी, स्वाभिमानी र कर्मशील मान्छेको जीवन दुःखदायी छ भने चोरी ठगी गर्नेहरूका जीवन सुखमय हुन्छ भन्ने सारलाई कथामा प्रस्तुत गरिएको छ।

### ४.२.१०. ५ परिवेश

प्रस्तुत कथा पूर्णरूपमा भारतीय भूमिमा घटित नेपालीको कथामा आधारित छ। कथालेपात्रले भारतीय भूमिका लखनऊ, गोरखपुर, कानपुर, बारावाङ्की, गोण्डा, मनकापुर र उत्तरप्रदेशलाई आफ्नो कार्यपीठिका बनाएको छ। सुचनात्मक रूपमा नेपालको पश्चिम तीन नम्बर, धरान, सागुरी भञ्ज्याङ जस्ता स्थानहरू आएका छन्। भारतको धेरै विकास भइ सकेको समय नेपालमा चाहि यातायात तथा शिक्षाको विकास नभएको समयलाई कथाले सङ्केत गरेको छ। कथाले 'म' पात्रको विचल्लीमार्फत सहानुभूतिका भाव उब्जाएको छ भने 'ऊ' पात्रका कार्यकलापले सुरूमा सहानुभूति र अन्तमा घृणा भाव उत्पन्न गराएको छ। 'ऊ' पात्रको गतिविधिले म पात्रलाई दुःखद स्थितिमा पुऱ्याई कथावस्तु समाप्त भएको छ।

### ४.२.१०. ६ दृष्टिविन्दु

प्रस्तुत कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा आधारित रहेको छ। कथायिताले 'म' पात्रको स्थानमा 'म' को कथा भनिरहेको छ। कथावस्तु सम्पूर्ण रूपमा 'म' पात्रको केन्द्रीयतामा बुनिएको छ। 'म' पात्र पल्टनबाट तीन सालको कमाइ लिई घर फर्कदा रेलमा एक जना पाटेकमारको चोरीमा फस्छ जुन कथा स्वयं 'म' पात्रले भनिरहेको छ। कथामा प्रमुख भूमिका 'म' पात्रको पछाडि विकसित भएको कारण कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा संरचित रहेको छ।आन्तरिक केन्द्रीय दृष्टिविन्दुको छनोटले कथा वस्तु सार्थक बनेको छ।

### ४.२.१०. ७ भाषाशैली

प्रस्तुत कथा आत्मालापीय वर्णनात्मक शैलीमा संरचित रहेको छ। 'म' पात्रले आफ्नो तीन सालको कमाइ चोरी हुँदाको उत्पन्न असहज णलाई कथावस्तु प्रदान गरेको छ। कथामा थोरै आगन्तुक र धेरै मात्र सहज बोध्य ठेट नेपाली भाषाको प्रयोग भएको छ। कथाका ठाउँ ठाउँमा हिन्दी वाक्यहरूको पनि प्रयोग भएको छ र कम्पार्टमेन्ट, प्लेटफर्म, फर मिलिट्री आन्नी, एक्सप्रेस, हिप्नोटाइज र मार्क टायम जस्ता अङ्ग्रेजी शव्दहरूका प्रयोग गरिएको छ। कथामा मुसुक्क,

बुङबुङ, गटटट, फुत्रुक्क थ्याच्च जस्ता अनुकरणात्मक शव्दहरूको प्रयोग भएको छ । कथानक रैखिक गतिमा विकसित भएपनि कथामा प्रयोग गरिएका अङ्ग्रेजी, हिन्दी शव्दका प्रयोगले कथा सामान्य पाठकका लागि दुर्बोध्य नै रहेको छ ।

### ४.२.११ 'क्रोध र ममता' कथाको विश्लेषण

#### ४.२.११.१ शीर्षक

कथाको शीर्षक क्रोध र ममता दुई शव्द र संयोजकले जोडेको छ । क्रोध र ममता शव्द एक आपसमा विपरीतार्थक शव्द हुन् । छोरा रामेको सँधै दिनको झगडा चोरी गर्ने बानीका कारणले दिक्क भएका आमाले एक दिन बेसरी पिट्छ । पिटाइको कारणले घाइते भएका कारण रामे भाते नखाई सुत्छ जसको कारणले मातृहृदयमा चोट पर्न जान्छ । आमाले आफ्नो कमजोरी क्रोधका कारण छोरालाई पिटेकोमा पछुतो मान्दै आमाले ममताका भाव छोरामा व्यक्त गर्छ । अनी यसरी आमाको क्रोध ममतामा बदलिन पुग्छ । यसकारण विषय वस्तुका आधारमा कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

#### ४.२.११. २ कथानक

कथा स्कूल पढ्न गएका बालक केटाकेटीहरूका खेल र झगडाबाट सुरु भएको छ । रामे र मदन गुड्डी रामेले चुडाइ दिनु, मदनले घर गएर आमासँग गुहार माग्नु, मदनको आमा रामेलाई उफ्री उफ्री गाली गर्नु । रामेको आमाले आफ्नो छोरालाई गाली गरेको सुनी रामेलाई बेसरी कुट्नुसम्मको घटनावस्तु कथानकको चिनारी भाग हो । आमाद्वारा बेसरी पिटिएको रामे आमाले भात खान अनुरोध गर्दा पनि भात नखाइ सुत्नु, आमालाई भने राति अबेरसम्म निद्रा नपर्नु र बत्ती बाली छोरोलाई कुटेकोमा पछुतो मान्दै छोरोका शरीरको नीलडाम हेर्दै रुनुसम्मको घटना कथानकको मध्य भाग हो । तेल तताई छोरोका शरीरमा मालिस गरिदिनु र रामेले पनि उठी भात खाएर सुत्नु आदि घटनाले कथानकले अन्तिम गति प्राप्त गर्छ । यसरी यस कथा पारिवारिक आमाछोराको क्रोध ममतामा आधारित कथावस्तु आदि मध्य र अन्त्यको शृङ्खलामा बुनिएको छ ।

#### ४.२.११. ३ चरित्र चित्रण

कथामा मुख्य रूपमा चारपात्रहरू आएका छन् । रामे, रामेकी आमा, मदन र मदनकी आमा मुख्य भूमिका रामे र रामेकी आमा आएको छ । कथाका सबै पात्रहरू व्यक्ति पात्र हुन सतपात्र, मञ्चीय बद्ध पात्रहरू हुन यिनीहरूको चरित्र चित्रण यसप्रकार गरिन्छ । रामे बाल पात्र हुन् । ऊ खेल्न झगडा गर्न बढी रमाउँछन् । पढ्न लेख्नमा उसको ध्यान छैन । आमाले भनेको नमान्ने भएका कारण बेलाबेलामा उसले बढी पिटाइसमेत खान्छ । एकदिन मदनको निहुँमा बेसरी पिटाइ खाएपछि खाना नखाई निदाएर आमालाई सताउने सिपालु पात्र पनि बनेको छ । उसले आमालाई यसरी नै सँधैभरि सताइराखेको छ । रामेकी आमा कथाकी मुख्य आमा हुन् । उनीमा आफ्नो छोराले गल्ती गरेको छ भन्ने कुरा सुन्ने बित्तिकै रिसको आवेशमा छोरो कुट्ने बानी रहेको छ । उनीमा छोरालाई कुटेर ठीक पार्न सकिन्छ भन्ने मान्यता छ । छोरोले किन कसरी झगडा गल्ती गर्दैछ भनेर मनोवैज्ञानिक उपचार गर्न सक्दिन । अन्तमा छोरोले भात नखाई दिएपछि निद्रा नलागेर आत्मा ग्लानि मान्दै आफ्नो रिसलाई ममतामा बदल्छिन् । जे भए तापनि उनी ममतामयी आमा हुन् ।

मदन यस कथाको बालपात्र हुन । रामको तुलनामा ऊ कमजोर पात्र हो । कमजोर भएपनि आफ्नो गल्ती नभएपछि अरूमाथि आक्रमक बन्ने बानी छ । अन्तमा आफ्नो केही सीप

नलागेपछि आमा कहाँ गुहार माग्ने बालवृति उनमा पनि छ । मदनकी आमा यस कथामा निकै आक्रोषित आक्रमक चरित्रमा देखिएकी छिन् । आफ्नो छोरोका हालत देखेपछि आफ्नो छोरो फकाउन सम्झाउनका बिपरीत आगनमा निस्केर ठूलो ठूलो गाली गर्न पछि पर्दैन झगडा गर्नसमेत तम्सिन्छे तर रामेकी आमाले कुनै प्रतिक्रिया नदिए पनि चुप लागेर आफ्नो रिस मार्न बाध्य हुन्छे ।

### ४.२.११. ४ सारवस्तु

कथामार्फत कथाकारले बाल असन्तुष्टि र मातृ असन्तुष्टिका पक्षहरूलाई प्रस्तुत गर्दै हरेक आमाहरूका आफ्ना बालबच्चाप्रति सँधै ममता रहन्छ भन्ने तथ्यलाई प्रस्तुत गर्ने उद्देश्य राखेका छन् । बालकहरू स्वभावैले आफूले चाहेको वस्तु रोएर झगडा गरेर लिन चाहन्छन् । ती समस्याहरूले आमाहरूलाई पनि समस्यामा पार्छन् । आमाहरू यस्तो अवस्थामा बढी बच्चाहरूलाई पिट्न पुग्छन यस्तो कार्यकलापले बच्चा तथा आमाहरूलाई दुबैलाई फाइदा गर्दैन भन्ने सार कथामा प्रस्तुत गरिएको छ । बच्चाहरूप्रति सँधै ममतामयी भाव व्यक्त गर्नुपर्छ भन्ने सार कथामा पाइन्छ ।

### ४.२.११. ५ परिवेश

कथामा आन्तरिक र बाह्य दुबै परिवेश आएको छ । बाह्य परिवेशमा स्कूलको खेलमैदान र रामे र मदनको घर आगन आएको छ । आन्तरिक परिवेशमा रामे, मदन, रामेकी आमा, मदनकी आमाका मनमा उत्पन्न विभिन्न आक्रोषित र कुण्ठित परिवेश आएको छ । कथा सम्पूर्ण रूपमा एकदिनको समयमा संरचित रहेको छ । स्कूलको खेल्ने समय र साँझ घर फर्केको समयलाई कथाले सङ्केत गरेको छ । कथाले पाठक मनमा विभिन्न हास्य, वीर क्रोध, करूण, घृणा, सहानुभूति जस्ता भाव उत्पन्न गराउन सकेको छ ।

### ४.२.११. ६ दृष्टिविन्दु

कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा आधारित रहेको छ । कथायिताले घटित कार्यकलापमा भाग नलिइ बाहिर बसी दर्शक भएर घटना व्यापारका वर्णन गरेका छन् । कथामा प्रयुक्त सबै पात्रहरूलाई समान स्थान दिएर उनीहरूका उत्तेजनाहरूलाई प्रतिक्रियालाई समान महत्त्व दिएर कथावस्तुको विकास गरेका छन् । यसरी प्रस्तुत कथा बाह्य सर्वदर्शी दृष्टिविन्दुमा संरचित रहेको छ ।

### ४.२.११. ७ भाषा

कथाको भाषाशैली वर्णात्मक शैलीमा प्रस्तुत भएको छ । ठाउँ ठाउँमा पात्रहरूले गरेको संवादले कथाको भाषा अझ जीवन्त बनेको छ । कथामा प्रयुक्त पात्रहरूले आफ्नो स्तर र स्वभाव अनुसारका भाषाहरूको प्रयोग गरेका छन् । कथामा तुच्छ गाली गरिएका नालायक अश्लील शव्दहरूको पनि प्रयोग गरिएको छ ।

### ४.२.१२ निष्कर्ष

जीतमान राईद्वारा रचित परित्यक्ता (२०२४) कथा सङ्ग्रहमा विभिन्न प्रवृतिका कथाहररु समावेश भएका छन् । ती कथाहरु खास गरी ग्रामीण नेपाली समाजका गरिब, दुःखी र अशिक्षित मानिसहरुले भोग्नु परेका तीतो यथार्थमा आधारित रहेको छ । कथाको पात्रहरु अशिक्षा र गरिबीका कारण लाहुरे जानु पर्ने र भारतको विभिन्न स्थानमा श्रम गर्न जानु पर्ने बाध्यता रहेको छ । कथाकार राईले नेपाली समाजका विविध समस्या र व्यथाहरुलाई सामाजिक यथार्थ वादी र

मनोवैज्ञानिक यथार्थ वादी शैलीमा प्रस्तुत गरेका छन् । उनले कथा वस्तुको प्रस्तुतिमा बढी रैखिक कथानक ढाँचा र कम मात्रामा वृत्ताकारीय कथानक ढाँचा प्रयोग गरेका छन् । उनले कथा वस्तु भन्दा बाहिर बसेर बढी मात्रामा कथाको कार्य व्यापारलाई वर्णन गरेका छन् । उनले कथा वस्तुलाई गतिशीलता दिने पात्र चयनमा बढी स्थानीय पात्र प्रयोगमा जोड दिएका छन् र उनीहरुले प्रयोग गर्ने भाषामा पनि सजीवता पाईन्छ ।

## ४.३ 'तृषालु आत्मा बाँचिदिन्छ सधैंभरि' कथा सङ्ग्रहको विश्लेषण

### ४.३.१ 'सिसीपस र ढुङ्गा' कथाको विश्लेषण

#### ४.३.१.१ शीर्षक

'सिसीपस र ढुङ्गा' कथा जीतमान राईको 'तृषालु आत्मा बाँचिदिन्छ सधैंभरि' (२०३३) मा सङ्ग्रहीत कथा हो । 'सिसीपस र ढुङ्गा' दुई नाम शव्दलाई 'र' संयोजकले जोडेको छ । 'सिसीपस' मिथककीय ग्रिसेली राजा पात्र हुनभने दुङ्गा भौतिक वस्तु हो । यहाँ 'सिसीपस र ढुङ्गा' प्रतीकात्मक रूपमा आएको छ । 'सिसिपस' आजका विसङगत दुनियाँका निरीह मान्छे जो आफ्नो अस्तित्वका लागि बारम्बार सङघर्षरत छ । 'ढुङगा' भौतिक वस्तु जो परिवर्तनशील छ । जसलाई मान्छे आफ्नो अधीनमा राख्न खोज्छ र क्षणिक रूपमा अधीनमा राख्न पनि सक्छ तर बारम्बारका लागि राख्न सक्दैन ।

जसरी कोरिन्थाका राजा सिसिपस पहाडका फेदबाट आफ्नो कम्मरमा बाँधिएको ढुङगालाई पहाडका फेदबाट चुचुरासम्म घिसार्दै पुऱ्याउँछ र सिसिपसलाई क्षणिक आनन्द हुन्छ । त्यसपछि ढुङ्गा गुडकिएर पहाडका फेदी झर्छ । सिसिपसलाई सङ्कट आइपर्छ फेरि सिसिपस प्रयासरत बन्छ । त्यसरी नै आजका मान्छे आफ्ना लक्ष्यहरूलाई सफल पनि बन्छ तर बिडम्बना ढुङ्गा फेरि फेदीमा झरे जस्तै मानव जीवनमा अर्को समस्या आइपर्छ । यो क्रम मानव जीवन र अस्तित्व रहेसम्म चलिरहन्छ । यसरी कथाको शीर्षक 'सिसीपस र ढुङ्गा' प्रतीकात्मक रूपमा सार्थक छ ।

आजका एक पुस्ता मान्छेले आफ्नो जीवनलाई सुखी अस्तित्वयुक्त बनाउन आफ्नो बुद्धि लगाएर सफलतासम्म पुग्छ । यस कथाका अनुसार एक लाहुरे आफ्ना घर परिवारलाई सुखी बनाउन पैसा कमाउन लाहुर जान्छ । पैसा कमाउँछ एक मजदुर दुःख गर्छ तत्कालका लागि दुबै पात्रले जीवन चलाउँछ । फेरि उनीहरू पछिका आउने भावी पुस्ताले पनि यस्तै नभए पनि अन्य काम कर्तव्य गर्नु नै पर्छ । जसरी सिसिपसले पटक पटक गरी ढुङ्गालाई पहाडको टुप्पोमा पुऱ्याउँछ । यसरी प्रस्तुत कथाको शीर्षक विषय वस्तुका आधारमा पनि सार्थक छ ।

#### ४.३.१.२ कथानक

प्रस्तुत कथाको कथानक विशृङ्खलित खालको छ । परम्परित कथानक मान्यता भन्दा भिन्न खालको छ । यस कथामा स्पष्ट कथानक छैन । साना-साना विविध झिना कथानक रहेका छन् । ती साना कथानकहरू पनि आदि, मध्य र अन्त्यका शृङ्खलामा बाँधिएका छैनन् । यस कथामा एउटा कथानक फौजी परिवार सम्बन्धित रहेका छन् । जसको सुरुवात सिपाहीहरूले पल्टनमा परेट खेल्नु बालकहरू बाबाले पल्टनबाट पैसा पठाइदिन्छ र अघाउन्जेल खान पाइन्छ भन्ने आशा छ, यहाँसम्मको घटना कथानकको चिनारी भाग हो । लाहुरे जब पल्टनमा अढाइस वर्ष नोकरी गरी नेपाल फर्की घर बनाउँछ जग्गा जमिन किन्छ परिवारमा सुख शान्ति छाउँछ । इष्टमित्र छरछिमेकीको हाय हाय बन्छ । यहाँसम्मको घटना कथानकको मध्य र चरमोत्कर्ष खण्ड

हो । जब घर परिवारको आयस्रोतको बाटो लाहुरेको मृत्यु हुन्छ तब कथानकले सङ्कटको अवस्था प्राप्त गर्छ । छोराछोरीहरू भएको घरजग्गा बेच्दै विलास गर्छ अन्तमा घरजग्गा सकिएपछि सबैजना बाबुको पदचिन्ह पहिल्याउदै विट्रिस र इन्डियन आर्मीमा भर्ती हुन्छ । कथानकले अन्तिम गति प्राप्त गर्छ । अर्का सामान्य फुटपाट व्यापारी रामचा सडकका छेउछाउमा कपडा बेच्छ दिनभरि कराउँछ । मुख दुःखछ थाक्छ । कोही कसैले आफ्नो मालसामान किनिदिँदा समाउँछ खुसी हुन्छ । रामचाका बाबुले तीसवर्ष अगाडि यसरी सडकपेटीहरूमा कपडा बेच्थ्यो त्यसरी नै रामचा पनि गरिरहेको छ । प्रत्येक दिन बसपार्कमा यात्रुहरूको मालसामान मन्तव्यसम्म पाँच दश कमाउने पात्रहरूलाई कथानकमा स्थान दिएका छन् । जीतमान राईले उनीहरूको दुर्दशा विगत बिस बाइस वर्षदेखि चलिरहेको छ उसका साना कलिला छोराहरूलाई देखाइएको छ । बालकहरू जन्मदै नाम्लो भारी बोक्ने अनुमति लिएर आएका छन् । यसरी कथाकारले कुनै एक मुख्य विषयलाई निश्चित शृङ्खलामा प्रस्तुत नगरी विशृङ्खलित रूपमा झिना मसिना र आधिकारिक यथार्थलाई प्रस्ट रूपमा प्रस्तुत गरेका छन् । यो प्रवृत्ति कथाकारको आयामिक लेखनताको आकर्षण मान्न सकिन्छ ।

### ४.३.१.३ चरित्र चित्रण

प्रस्तुत कथामा प्रयोग वादी प्रवृत्ति भएका कारणले यस कथामा परम्परित कथा मान्यता अनुसार प्रमुख पात्र विधान भएको छैन । यस कथामा सामान्य भन्दा सामान्य पात्रले पनि प्रमुख स्थान पाएका छन् । कथामा सबै पात्रहरूले आफ्नो जीवन अस्तित्वका लागि सङ्घर्ष गरेका छन् । सबै पात्रहरूको भूमिका आ-आफ्नो स्थानमा महत्त्वपूर्ण रहेका छन् । खलपात्रको भूमिका रहेका छैनन् । गतिशील स्वभाव सबैपात्रहरूमा रहनु कथाको चरित्र चित्रणको आफ्नै विशेषता हो । कथामा प्राक सन्दर्भिकदेखि लिएर सामान्य धरातलका पात्रहरू रहेका छन् । प्रस्तुत कथाका चरित्रहरूको चरित्र चित्रण यसप्रकार छ :

**सिसिपस**

प्रस्तुत कथाका पात्र 'सिसिपस' प्राक सान्दर्भिक मिथकीय पात्र हो । पुरूष पात्र, गतिशीलताका हिसावले स्थिर पात्र हुन् । जो आफ्नो कर्तव्यमा सधैं अडिग छन् । दुःखमा कति पनि विचलित नभई आफ्नो कम्मरमा बाँधिएको ढुङ्गालाई पहाडको चुचुरोसम्म पुऱ्याउँछ । यो क्रम बारम्बार दोऱ्याइरहन्छ । सिसिपस आफ्नो जीवनलाई विसङ्गतिमा जस्ता जीवन जीउन बाध्य छन् । पाठकहरूका लागि ऊ सहानुभूतिका पात्रका रूपमा उपस्थित छ ।

**क्याप्टेन**

यस कथाका पात्र क्याप्टेन मुख्य प्रमुख पात्र हुन् । ऊ आफ्नो कर्तव्य पथमा अठ्ठाईस वर्षसम्म विचलित नभई नोकरी गर्छ । पेन्सनमा आउँदा थोरै पैसा कमाइ घर खेत किन्छ बचाउँछ । ऊ आफ्ना घर परिवारका लागि सधैं उत्तरदायी रहन्छ । क्याप्टेनमा सदैव सत गुण पाउन सकिन्छ । वास्तवमा ऊ प्रतिनिधि पात्र हो । किनभने नेपाली समाजमा आफ्नो घर परिवारको आर्थिक स्थिति नाजुक हुनु र साथी भाइ घर छिमेकीको तत्कालीन लहरले लाहुरे जान बाध्य हुन्छ त्यसै अनुरूप ऊ पात्र पुर्ख्यौली पदचापलाई पहिल्याउँदै ब्रिटिस सेनामा भर्ती हुन पुग्दछ । यसमा आफूलाई सही ठान्छ घमण्ड गर्छ । यसैमा क्याप्टेन पात्रको अस्तित्व रहेको छ ।

**छोराहरू**

प्रस्तुत कथाका पात्रहरू छोराहरू क्याप्टेन पात्रका छोराहरू हुन् । उनीहरूमा बालक रहुन्जेल बाबाले कहिले पैसा पठाउँछ र मीठा मीठा मासुभात नयाँ लुगा लगाउन पाइन्छ भन्ने दाउ रहेको छ । बाबा पेन्सनमा आएपछि नयाँ घर बनाउँछ खेतबारी किन्छ उनीहरू बिलासी जीवन बिताउन थाल्छन् । आफ्नो भविष्य र शिक्षाका बारे कतिपय सोच्दैनन् । समयको गतिसँगै आम्दानीको बोट क्याप्टेन बाको मृत्यु पश्चात आफ्नो घर छडेरी बेचेर मोज गर्दछ अन्तमा केही सीप नलागे पनि विदेश अथार्त् ब्रिटिस तथा इन्डियन आर्मी भर्ती हुन्छन् । यसरी उनीहरूमा बिस्तारै जिम्मेवारीको बोध हुन्छ । मतलव छोराहरूका स्वभाव गतिशीलता पाउन सकिन्छ ।

**रामचा**

रामचा एक सामान्य सडक व्यापारी हो । उसले पनि आफ्नो बाबुको पेशालाई अँगालेको छ । साहुबाट ऋण लिएर आफ्नो व्यापार दुःख सुख चलाइरहेको छ । व्यापारबाट आफू र आफ्ना परिवारलाई चलाउन धौ-धौ परिरहेको छ । तर पनि आफ्नो जीविका पार्जनको पेशालाई छोड्ने सकेको छैन । उनले दिनानुदिन सिसिपसले दुङ्गा बोक्ने कर्तव्य गरेजस्तै आफ्नो काम गरिरहेको छ । ऊ वास्तवमा विसङ्गति ग्रस्त पात्र हो । उसमा सत गुण छ । ऊ स्थिर मञ्चीय आसन्न पात्र हो । यसरी यस कथामा विभिन्न विसङ्गत निस्सर जीवन बाँचिरहेका पात्रहरूको प्रयोग गरिएको छ । कथामा चरित्र चित्रणका हिसाबले कथा सिद्धान्त अनुसार नै रहेको छ ।

## ४.३.१.४ सारवस्तु

प्रस्तुत कथामा कथाकारले प्राक सन्दर्भलाई सादृश्यका रूपमा अगाडि सारेर यथासत्य बनाउन चाहेका छन् । कथाकार स्वयम् तत्कालीन समस्याबाट पीडित भएर पनि हो । कथामा जीवन जगत विसङगत छ आफ्नो अस्तित्वका लागि आफै सङघर्ष गर्नु पर्छ । आफू आफ्ना लागि बाँच्ने मात्र हो अरूका लागि बाँच्न सकिदैन र सम्भव पनि छैन भन्ने सार कथामा प्रच्छन्न रूपमा पाउन सकिन्छ । गाई आफ्न पेटका लागि चर्छ बाछो आफ्नो पेटका लागि चर्छ भन्ने नेपाली उखानसँग सादश्य रूपमा कथाको सारवस्तुलाई बुझ्न सकिन्छ । क्याप्टेन आफ्ना लागि फौजी भएर छोराहरू आफ्ना लागि लाहुरे भए रामचा र उसका सन्ततिमा यही नियम लागु हुन्छ । भानुचोकमा भारी बोक्ने भरियाका जीवनमा पनि नियम लागु भएको पाइन्छ । त्यसकारण आफ्ना जीवनका अप्ठ्यारा सागुरा कठिन मार्गमा आफै यात्रा गर्नुपर्छ भन्ने सार यस कथाको रहेको छ ।

## ४.३.१.५ परिवेश

प्रस्तुत कथामा विभिन्न देश, काल र वातावरणको प्रयोग भएको छ । प्राक सान्दर्भिक स्थानमा कोरिन्थ राज्य, वानाल लोकको पहाडको फेदमा पनि प्रयोग भएको छ । त्यस्तै गरी सुचनात्मक रूपमा इन्डिया, बेलायत स्थानहरूको पनि प्रयोग भएको छ । विशेषगरी धरान सुनसरीमा विभिन्न चोक बजार बसस्टेसन वरपरमा पात्रहरूले कार्यव्यापार गरेका छन् । कालिक समयका हिसाबले कथा बीस बाइस वर्ष लामो समयावधिमा घटेका घटनाहरूको सङ्ग्रह बनेको छ । यति लामो समयका विभिन्न मौसम अनि चाडपर्व जस्ता पक्षहरू आएको छ । यस कथा अध्ययन गरिरहँदा पाठक मनमा आनन्द र रमाइलो हुँदाहुदै अन्तमा निराश र निस्सार अवस्थामा पुगेर कथा समाप्त हुन्छ ।

#### ४.३.१.६ दृष्टिबिन्दु

प्रस्तुत कथा बाह्य सर्वदर्शी दृष्टि बिन्दुमा आधारित छ । कथायिताले घटित कार्य व्यापार भन्दा तटस्थ बसेर सबै पात्रहरूको समान भूमिकालाई वर्णन गरेका छन् । सबै पात्रहरूमा रूपमा बोलेका छन् । कुनै पनि पात्रलाई सर्वोपरी महत्त्व दिएर उनीहरूका बारेमा पालैपालो वर्णन गरेका छन् । यसरी प्रस्तुत बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा आधारित छ ।

#### ४.३.१.७ भाषाशैली

प्रस्तुत कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । कथाको भाषा स्तरीय नेपाली भाषामा आधारित छ । बालगीतको प्रयोगले कथा बढी सरल सरस बन्न पुगेको छ । कथामा मार्चिङ ब्रिटिस डिपु, क्याप्टेन, टेलिड, रेडिमेट प्रयोग भएको छ । कथा भाषिक सरलता र सरसनाका कारण बोध्य बनेको छ ।

### ४.३.२. 'तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि' कथाको विश्लेषण

#### ४.३.२.१ शीर्षक

प्रस्तुत कथा 'तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि' बिचलनात्मक वाक्यका रूपमा आएको छ । यहाँ तृषालु भन्नाले अतृप्त, आत्माले मन, बाँचिदिन्छ सधैंभरि भन्नाले सधैं अजर अमर रहन्छ भन्ने बुझाएको छ । मतलब जुन आत्माको कथन तृप्त चाहनाहरूको निर्मम हत्या हुन्छ ती आत्मा कहिल्यै मर्दैन ती आत्मा सधैँभरि छटपटाइरहन्छ भन्ने पूर्वीय धार्मिक मान्यतामा प्रस्तुत शीर्षक आधारित छ ।

यस कथामा कथयिताले वर्णनात्मक रूपमा अतृप्त दुई आत्माहरूको कथाहरूलाई प्रस्तुत गरेका छन् । दुई आत्माहरूको बाहिरी देह मरेर मट्टी बनि सकेपनि उनीहरूको आत्मा सधैँभरि रात्री निस्तव्ध कालखण्डमा सक्रिय रहन्छ भन्ने कथयिताको विचार छ । ऊ यस तथ्यलाई प्रमाणित गर्न अतृप्त तृषालु आत्मा गाडिएको ठाउँमा राति सुरिलो बाँसुरी बजाइएको आवाज सुनिन्छ भन्ने तर्क प्रस्तुत गर्दछन् । जुन बाँसुरीको धुन तृषालु आत्माले जिउँदो आत्मा रहँदा पनि बजाउने गऱ्यो । यसरी प्रस्तुत कथाको शीर्षक विषय वस्तुका आधारमा पनि पुष्टि हुन्छ ।

#### ४.३.२.२ कथानक

प्रस्तुत कथाको कथावस्तु वर्णनात्मक रूपमा आएका छन् । कथायिताले कथावस्तु वर्णन गरिरहँदा कथा वाचकका साथमा कथा सुन्ने पात्रपनि उत्सुकतापूर्वक उपस्थित भएका छन् । यस कथाका पात्रहरू बलशेर र दिलमाया सानैदेखिका बालसखा हुन् । तेह्थुम जस्तो पूर्वी पहाडी जिल्लामा उनीहरू त्यहाँका चिसो हावापानी, खोलानाला, खेतबारीमा, वनजङ्गलमा गाईवस्तु चराउदै दिनहरू बिताइरहेका हुन्छन् । समयकाल बित्दै जाँन्छ दुई पात्रहरू वैशालु हुन्छन् । उनीहरूको बालप्रेम युवा प्रणयमा परिणत हुन पुग्छन् । बलशेर एक्लै गोठमा बस्थे साझपख मिठो सुरिलो बासुरीको धुन बजाउँथे । दिलमाया पनि अन्धकारमा लुकालुकी बलशेरको गोठमा जान्थिन् । मध्यरातसम्म दुईजना एक आपसमा कुराकानी गर्थे । उनीहरू एक आपसमा चाहना त्यो गाउँमा बलशेर मात्र थिएन अर्का जवान हर्कमान पनि थिए । एकदिनको घटना थियो त्यस दिन रमिते हेर्न गएका थिए । तर एक्कासि हर्कमानले बलशेरका आँखा छली दिलमायाको हात तान्न लागे । दिलमाया कमी नभई आफ्नो साथमा बोकेकी खुर्पाले काट्न भनी हर्कमानलाई लखेट्न थाल्छे । अन्तमा बलशेरले दिलमायाको हातको खुर्पा खोसाइ हर्कमानलाई बचाउँछ ।

बलशेरले अन्तमा दिलमायालाई नौमती बाजा झ्याँइ झ्याँइ बजाइ आफ्नो घरमा भित्र्याउँछ । समयले विस्तारै कोल्टै फेर्दा एकदिन बलशेरका गाउँका युवकहरूको एक हुल ब्रिटिस गोर्खा भर्ती हुन घुम पहाड जाने हुन्छ । त्यस हुलमा बलशेर पनि जाने हुन्छ । दिलमायाले कति अनुरोध गर्दापनि बलशेर भर्ती जाने नै निधो गर्छ भर्ती जान्छ फौजीमा भर्ती पनि हुन्छ । यहाँसम्मको कथावस्तुमा कथानकको आदि भाग वा चिनारी भाग रहेको छ । बलशेर भर्ती भई मलाया ब्रिटिस क्याम्पमा पुग्छन् । फूर्तिलो बलियो बलशेर तिन वर्षसम्म ब्रिटिस सेनामा नोकरी तथा आधारभूत सैनिक तालिम गर्छ । यता स्वदेशी दिलमाया भने पनि फर्किआउँछ पैसा सुन कमाएर ल्याँउछ भन्ने आशामा बलशेरको घर खेतबारीमा भुलिरहेकी हुन्छिन् । तर तिनवर्ष पछि छुट्टीमा आउँछु भनेर गएको बलशेर फर्केर आएन । सँगै लाहुरे गएका हर्कमान बुद्धिमान धनसेर भक्तशेर छ/ छ महिनाको छुट्टीमा घर आए । जसले गर्दा दिलमायाका धैर्य, आशा रितिन थाल्छ । खल्लो खल्लो रित्तो रित्तो मन लिएर बाँच्न थाल्छे । अन्तमा हर्कमानले एउटा अशुभ समाचार गाउँमा फैलाईदिन्छ त्यो खबर भनेको बलशेरलाई शत्रुहरूले गोली हानेर मारिदिए भनेर । घरमा चिठ्ठी चपेटा आउँदैन अन्त्यमा दिलमाया बलशेरको मृत्युको खबरले आहत विक्षिप्त भएर डाँडाको अल्लो रूखको हांगामा आफ्नै पटुकाको पासो बनाएर झुण्डिएर आत्मा हत्या गर्छिन । गाउँका लाहुरे हर्कमान लगायत सबै जवानहरू आफ्नो बिदा सकि पल्टन फर्कन्छन तर एकमहिना पछिको कुरा हष्टपुष्ट जीउ लिएर बलशेर आफ्नो जन्मभूमि गाउँमा आइपुग्छ । गाउँघरका मान्छेहरू सबै छक्क पर्छन् । यहाँसम्मका कथावस्तुले कथानकलाई मध्य तथा चरमोत्कर्षको गति प्रदान गर्छ । विशेषगरी दिलमायाको आत्माहत्या र बलशेरको गाउँ आगमनको घटनाले कथानकलाई चरमोत्कर्ष प्रदान गर्छ । जब छुट्टीमा आएको बलशेरले घटनाको वास्ताविकता थाहा पाउँछ । तब उसले झुटो हल्ला प्रचार गर्नुको अभिप्राय पनि थाहा पाए । बलशेर श्रीमतीको मृत्युबाट आहत बन्दै भएपनि तिन वर्ष घामपानीमा पसिना चुहाएर कमाएको धनले दिलमायाको चिहान समाधि लगाई सुन्दर इटा सिमेन्टले सिंगार गर्दै सङ्गमरमरको ढुङ्गा खोपाएर सुनका अक्षरले दिलमाया लेखाएर समाधिमा लगाईदिन्छ अनि चुनाले पोतेर चिहानलाई उज्यालो पार्छ बलशेरले चिहानलाई सिगार्न केही कसिङ्गार बाँकी राखेन । त्यति गरिसकेपछि बल्ल उसले सास लिन्छ । बलशेर दिलमायाको समाधि सिंगारको काम सकेको दिनदेखि चेतन मनले काम गर्न नसकेको स्थितिमा देखा पर्न थाल्छ । गाउँ गाउँ जङ्गल खोला पहाड बोलाहा भएर डुल्न थाल्छ दिलमायाको चिहानमा गएर सुत्न थाल्छ । यहाँसम्मको कथावस्तुले कथानकलाई सङ्घर्षह्रासको गतिमा पुऱ्याएको छ ।

जब अचेत होस मध्यरातमा घरबाट हराउँछ तब घरछिमेकीले वनजङ्गल खोला भीर पहरामा खोज्छ तर भेट्दैन अन्तमा दिलमायाको चिहानलाई अँगालो हालेर सुतेको मृत अवस्थामा आमा बाबुले भेट्टाउँछ र उसलाई त्यही दिलमायाको चिहान छेउमा गाडिन्छ । कथावस्तु टुङ्गिन्छ कथानकले पनि अन्त्यको गति प्राप्त गर्छ यसरी कथावस्तु कथानकको समाप्ति हुन्छ ।प्रस्तुत कथामा कथानकले रैखिकता प्राप्त गरेको छ । रैखिक कथानकले गर्दा कथा सरल सजिलो बोधगम्यता तर्फ धकेलिएको छ । कथानक कार्य कारण शृङ्खलामा बुनिएको छ ।

### ४.३.२.३ चरित्र चित्रण

यस कथामा आफ्नो जिम्मेवारीमा मुख्यरूपमा सीमित पात्र आएका छन् । कथामा नायक खलनायक पुरूष, नारी मुख्य सहायक गौण पात्रहरूको समायोजन गरिएको छ । कथाका पात्रहरूलाई भूमिका, स्वभाव, लिङ्ग वर्ग आवद्धता आधारमा तल चरित्र चित्रण गरिन्छ ।

बलशेर यस कथाका पुरूष प्रमुख नायक पात्र हो । ऊ कथामा सुरुदेखि अन्तसम्म प्रमुख भूमिकामा आएका छन् । बलशेर सानैदेखि गोठाले जीवन बिताउँथे । उनका सानैदेखि दिलमाया अगाध प्रणय थियो । उनको रुचि गीत सङ्गीतमा बडो थियो किनभने ऊ राम्ररी बाँसुरी बजाउने सिपालु थिए । उसमा प्रतिशोधको भावना कहिले पनि देखिदैन बलशेर सामाजिक गुण सम्पन्न व्यक्ति हो । आफ्नी प्रेमिका दिलमायलाई हर्कमानले तान्दा समात्दासम्म प्रतिकारको भावना लिदैन उल्टै दिलमायाको खुर्पाबाट हर्कमानलाई बचाउँछ । शारीरिक रूपमा हृष्टपुष्ट हसिलो लाहुरेमा हुनुपर्ने गुण उनमा प्रशस्त पाइन्छ जसका कारण ऊ एकैपल्टमा भर्ती हुन सफल भए । ऊ घर परिवारप्रति जिम्मेवार छ किनभने घरव्यवहार चलाउन अर्थ चाहिन्छ भनी धन कमाउन लाहुरे हुन्छ । वास्तवमा बलशेर जो नेपालबाट दिनकादिन आफ्नो जीवनस्तर उकास्नका लागि कमाउन जाने नेपाली दाजुभाइहरूको प्रतिनिधि पात्रसमेत हो । सोझो सिधा मनमा कपट नभएका बलशेर हर्कमान जस्तो नीज कपट षडयन्त्रकारीको व्यवहारबाट आफ्नो जीवनलाई दुर्घटित बनाउँछ । बलशेर आफ्नो माया प्रणयमा अडिग रहने पात्र हुन् । आफ्ना प्रेमप्रणयलाई अमर बनाउन चाहन्छन् । माया प्रेमविनाको जिन्दगी कल्पनासमेत गर्न नसकी श्रीमतीको आत्माहत्या पश्चात आफूपनि मृत्युलाई वरण गर्न पुग्ने त्यागी पात्र हुन् ।

**दिलमाया**

दिलमाया यस कथाकी प्रमुख नायिका पात्र हुन् । उनी बलशेरकी विवाहिता श्रीमती हुन् । बालककालदेखि नै बलशेरको माया भरोसामा बाँचेकी छिन् । दिलमाया आफ्नो प्रेमीप्रति सधैं आशा वादी छिन् । आफ्नो प्रेमीलाई आफ्नै मातृभूमि पसिना बगाइ दुई छाक राम्रै खान लाउन सकिन्छ । परदेश जानु पर्दैन भन्ने मातृभूमिप्रति माया भएको पात्र हुन् । उनी सानैदेखि अलिक जब्बर स्वभावकी पनि छे । कसैले आफूलाई हेपेको मन पर्दैन कसैको पीडा सहेर बस्नु भन्दा मर्नु बेश भन्ने पक्षका पक्षपाती हुन् । राँके बजारमा आफूलाई हर्कमानले जबरजस्ती गर्न खोज्दा सिधैं हातमा खुर्पा लिई प्रतिकार गर्छे ।

दिलमाया आफ्नो श्रीमान लाहुर गएर पनि तिनवर्षसम्म घर व्यवहार राम्रैसँग चलाउँछिन् । जब तिन वर्षसम्म आफ्नो श्रीमान फिर्ता नआउँदा आफ्नो देह त्याग गर्न पछि पर्दैन । सोझी छलकपट नजान्ने दिलमाया हर्कमानको कपटलाई नजानी आफ्नो भरोसाको केन्द्र बलशेरको मृत्युको खबरले आहत भई अन्तमा आत्माहत्या गर्न पुग्छे ।

**हर्कमान**

यस कथामा हर्कमानको पनि मुख्य भूमिका रहेको छ । ऊ मुख्य भूमिका आएपनि उसमा खलनायक गुण रहेको छ । उसमा आफूलाई मनपरेको वस्तु पाउन जबरजस्ती गर्ने बानी देखिन्छ । हर्कमान पनि धन कमाउन ब्रिटिस आर्मी हुन्छ । उसमा सामाजिक गुण पाउन सकिन्दैन किनभने बलशेर र दिलमायाको घरव्यवहार सुखी संसार भत्काउनमा प्रत्यक्ष ठूलो कपट जाल रहेको छ । दिलमायालाई आफ्नो बनाउन नसकेकोमा बलशेर र दिलमायाको घरव्यवहारमा ठूलो इर्ष्या छ । जसले गर्दा ऊ दुई जोडीको मायालाई विगार्न प्रयासरत हुन्छ सफल पनि हुन्छ । हर्कमानमा। यसरी मानवीय सत् प्रवृत्तिभन्दा पनि असत् गुण हावीभएको छ । वास्तवमा हर्कमान समाजको कलङ्क हो । मान्छेलाई बझाउन घरबार बिगार्न यस्तै पात्रहरूको ठूलो भूमिका रहन्छ । ऊ असत् वृत्ति भएका पात्रहरूको प्रतिनिधि पात्र हो ।

प्रस्तुत कथामा बलशेर दिलमाया, हर्कमान लगायत गौण भूमिकामा 'म' पात्र, बलशेरका बाबु, हर्कमान साथीहरू पनि मञ्चीय पात्रका रूपमा आएका छन् ।'म' पात्र कथाका प्रमुख पात्रका

छिमेकी हुन् । ऊ बलशेरको मायाप्रेमको कथा जान्दछ बलशेर पागल हुँदा बलशेरलाई सुधार्ने पक्षमा समेत उपस्थित छ । बलशेरका बाबु आफ्ना छोराप्रति सदैव आशावादी छ । बलसेरका बिग्रदो घटनाबाट दुःखी भएका छन् । अन्तमा छोरा बुहारीको विछोड पीडालाई भोग्न बाध्य विवश पात्र हुन् । हर्कमान साथीहरू हर्कमानका लहैलहैमा लाग्ने खलपात्रहरू नै हुन् । उनीहरूले असत् वृतिलाई उकास्न सहयोग गरेका छन् । यसरी प्रस्तुत पात्र विधानका हिसावले साविक कथाहरू जस्तै छन् ।

### ४.३.२.४ सारवस्तु

प्रस्तुत कथामा कथाकारले एउटा सानो गाउँ र गाउँका मानवीय चरित्रहरूको उद्घाटन गरेर मानवीय जीवनका सङ्गति पक्ष कसरी विसङ्गतिमा परिणत बन्न पुग्छ भन्ने तथ्यलाई प्रस्तुत गर्ने उद्देश्य राखेका छन् । मानवीय जीवन देशपरदेशमा दुःख पसिना बगाई जसरी पनि चल्न सक्छ परिवार समाज राम्ररी नै चल्न सक्छ तर समाजका मान्छे भनाउँदाहरूले आफ्नो व्यक्तिगत ईर्ष्या डाहले सुन्दर परिवार र समाजलाई मसान बनाउन सक्छ भन्ने तथ्यलाई पनि कथाकारले प्रस्तुत गरेका छन् । वास्तवमा सोझा सिधा कपट विहीन मान्छे बेइमान जालीहरू द्वारा सजिलै जालमा पर्न जान्छ । समाजका इमानदार सोझाले आफ्ना जीवनलाई रोइरोइ अकालमा बिताउनु पर्छ तर कपट जाली अरूको इर्ष्या गर्ने इर्ष्यालु व्यक्तिहरू हाँसेर बाँचिरहने विसङ्गतिपूर्ण सार यस कथा प्रष्टिएको छ ।कथाकारले यस कथाको सारवस्तुलाई विचार वाक्यका रूपमा प्रस्तुत गरेका छन् । कथाको सारवस्तु शाश्वत नभई प्रासङ्गिक रूपमा आएको छ । तर मानवीय इर्ष्यालु बानी चाहिँ शाश्वत प्रकृत्ति रूपमा आएको छ ।

### ४.३.२.५ परिवेश

प्रस्तुत कथा नेपालको पूर्वी पहाडी जिल्ला तेह्रथुम जिल्लाको एक गाउँमा आधारित छ । सुचनात्मक रूपमा भारतको घुम पहाड र मलाया पनि आएको छ । मुख्य रूपमा पात्रहरूले आफ्नो गतिबिधि तेह्रथुमको एक बस्तीमा गरेका छन् । जुन ठाउँ खोलानाला जङ्गल प्राकृतिक भौगोलिक रूपमा सुन्दर रहेको छ । कथामा घटित घटना दोस्रो विश्वयुद्ध वरिपरिको रहेको छ । राई लिम्बू, गुरूङ र मगरमा जातिमा ब्रिटिस आर्मीमा भर्ती जाने चलनको सङ्केत गरेको छ । तत्कालीन समयमा शिक्षाको लहर चलेको पाइदैन किनकी बलशेर दिलमाया हर्कमान जस्ता पात्रले विद्यालयका अनुहार देख्न पाएका थिएन । कथाको सहयात्री 'म' पात्र भने बनारसमा गएर एम.ए.सम्मको अध्ययन गरेका छन् । कथाले मान्छे मरेपछि चिहान बनाई गाड्ने र राई लिम्बु शेर्पा जातिको संस्कारलाई पनि प्रस्तुत गरेका छ । साथै समाधि स्थल चिहानलाई विभिन्न सिंगारद्वारा आकर्षक बनाउने चलनलाई पनि संकेत गरेको छ । कथा करिब २०-२५ वर्षको समयकोसम्म प्रस्तुत कथा पढि रहँदा पाठक मनमा शृङगार, त्रास, करूणा र उत्सुकताका भाव उजागर भइरहन्छ । पाठकमा दिक्क पट्यार लाग्दो स्थितिको सिर्जना हुन पाउँदैन कथा देश काल वातावरण हिसावले यथार्थिक खालको रहेको छ ।

### ४.३.२.६ दृष्टिविन्दु

यसकथा आन्तरिक परिधीय दृष्टिविन्दुमा आधारित छ । कथायिता आफूपनि कथाका पात्रहरूसँगसँगै सहभागी भएर आएका छन् । तर उनको गौण भूमिका रहेको छ । कथा वाचकले घटित कार्यकलापलाई प्रस्तुत गर्दा बलशेर दिलमाया पात्रलाई केन्द्रमा राखेर प्रस्तुत गरेका छन् । सामान्यत आन्तरिक परिधीय दृष्टिबिन्दूमा कथायिताको भूमिका गौण नै रहने गर्छ । त्यसैले कथायिताले बलशेर र दिलमायाको प्रेमलाई मुगल साम्राट मुमताज र शाहजाँका प्रेम सादृश्य

वर्णन गरेका छन् । बलशेर परदेश जाँदा दिलमायामा उत्पन्न प्रतिक्रियालाई स्वाभाविक रूपमा प्रस्तुत गरेका छन् । बलशेर पनि आफ्नो श्रीमतीको मृत्युप्रति आहत हुदैं उसमा उत्पन्न विसङ्गत वृत्तिलाई म पात्रले र प्राकृतिक रूपमा प्रस्तुत गरेका छन् । हर्कमानको चाहना रोजाइ पुरा नहुँदा उसका अतृप्त कुण्ठित मन ध्वंशात्मक बन्न पुगेका छ । जसलाई मनोवैज्ञानिक रूपमा म पात्रले बताएका छन् ।यसरी प्रस्तुत कथामा परिधीय दृष्टिविन्दु उपयुक्त रूपमा आएका छन् ।

### ४.३.२.७ भाषाशैली

प्रस्तुत कथा वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ । जसकारणले गर्दा कथाकारले आफ्नो वर्णनात्मक भाषाको प्रयोग गरेका छन् । कथामा स्तरीय नेपाली भाषाको प्रयोग भएको छ । भाषामा कतिपनि मातृभाषाका शव्दावली र भाषिक उच्चारणमा मातृभाषाको लय पाउन सकिँदैन । कथामा के भन्नु भो ...? तेह्थुम..? (पृष्ठ २) जस्ता वाक्यहरूको प्रयोग भएको छ । कथामा कथ्य नेपाली शव्दहरूको प्रयोग प्रशस्तै प्रयोग भएको छ । कथामा द्वित्व अनुकरणात्मक, स्माए, रिक्रुटिङ्ग डिपु कन्वेशनल जस्ता आगन्तुक शव्दहरूको प्रयोग भएका छन् । कथा भाषाशैलीका हिसावले स्तरीय भाषाले सिँगारिएको छ । भाषा शैलीगत हिसावले कथा सामान्य पाठकहरूका लागि पनि बोध्य नै छ ।

### ४.३.३. 'एक हजार कथाहरू टुङ्गिएको रात' कथाको विश्लेषण

### ४.३.३.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक वाक्यात्मक संरचनाका रूपमा आएको छ । सन् १९६२ वि.सं. २०१९ सालको वरिपरिमा नेपालबाट धन कमाउन भनी भारतको टिस्टा पुगेका हजारौं नेपालीहरू ग्रीष्मकालीन रात्रीमा बाढी पहिरोमा परी खतम हुन्छन् । उनीहरूको जीवन कथा त्यही रातदेखि समाप्त हुन्छ । यसरी यस कथाको शीर्षक कथामा घटित घटनाको आधारमा सार्थक रहेको छ ।

### ४.३.३.२ कथानक

प्रस्तुत कथा टिस्टाको किनारामा कुल्ली काम गर्न गएका हजारौ नेपालीहरूको दैनिक क्रियाकलापबाट सुरु हुन्छ । हजारौं नेपाली कुल्लीहरू मध्ये बलबहादुर, बीरबहादुर र बलशेर जस्ता युवकहरूपनि एउटै डेरामा बस्ने साथी साथी हुन् । यिनीहरू नेपालका तीन अञ्चलबाट टिष्टा पुगेका हुन्छन् । यिनीहरू विहानदेखि साँझसम्म काम गर्छन बेलुका भएपछि आफ्नो छाप्रोमा आएर पकाइ खाई आफ्ना दुःख सुखका गफ गर्दै सुत्छन् । यही क्रम केही वर्षदेखि चलिआएको हुन्छ । यहाँसम्मको कथावस्तुले कथानकको आदिभागलाई जनाएको छ ।

एक रातको कुरा हो बलशेर, बीरबहादुर, बलबहादुर दिनभरिको कामसकि खान खाइसकी आफ्नो ओछ्यानमा ढल्कदै नेपालबाट टिस्टा आउनुको कथा प्रस्तुत गर्न थाल्छन् । सबैभन्दा पहिले बलबहादुरले आफ्नो कथा भन्छ ऊ सानैमा टुहुरो भएको सानीआमाको पक्षपात र क्रुरता सहन नसकी जवान भएपछि मूलघरबाट अंशवण्डा गरेर पृथक बस्न थाल्छ । साहुबाट ऋण रू ३००।- लिई घर बनाएर बिहेगरी एक छोराको बाबुभएपछि साहुको ऋण चुक्ता गर्न स्वास्नी र नाबालक छोरालाई घरमा छोडेर टिस्टा पुगेको पीडा व्यथा व्यक्त गर्छ । बलबहादुरको कथा सकिएपछि बीरबहादुरको पालो आउँछ । उसले पनि आफ्नो कहानी भन्छ । उसको पनि आफूसहित आठ भाइ बहिनीहरूलाई छोडी आमा बाबु स्वर्गको यात्रा गर्छन् । ऊ बाइस वर्ष पुग्दा विवाह पनि गर्छ ।

ठूलो परिवार बीरबहादुर परिवार धान्न ग्राह्ने हुन्छ । एकदिन काकामा कहाँ दुःख विसाउन जाँदा तीर जस्तो बचनले उसको मुटु नै छेडिदिन्छ ऊ दुःखी भयो । वर्ष दिनको चाड दशैं आँउदै थियो त्यस पल्टको दशैं जसोतसो ऋणपान गरेर टार्छ । एक दिनको कुरा उसले दिउसो माथिको रमिते डाँडामा भाइवहिनी र श्रीमतीलाई लिङ्गे पिङ खेल्न लान्छ र बेलुका घर फर्की सबै जनालाई सुताइ आफू घरबाट पैसा कमाउन मुग्लान भाग्ने निधो गर्छ । तर उसकी श्रीमतीले थाहा पाइहाल्छ । उसकी श्रीमतीले भन्न थाल्छे तपाई परदेश जाने भए जानुहोस तर घर सल्लाह गरेमात्र जानुहोस तपाइको बाटो हामी रोक्दैनौ । त्यति भनेपछि बीरबहादुर सबै मिलेमतोमा टिस्टा पुगेको हुन्छ । बलशेर पनि आफ्नो व्यथा व्यक्त गर्न थाल्छ । ऊ आफुले थाहा पाउँदा एक बाहुनको घरमा गोठाला रहेको मात्र थाहा पाउँछ । उसमा अलि बुद्धिआएपछि धन कमाएर राम्रो घरबाट बनाउन उनी टिस्टा पुगेको हुन्छ । तीन जनाको आ-आफ्नो व्यथा प्रकट गरिसक्दा रातपनि निकै गइसेकेको हुन्छ । ऊनीहरू निदाउन थाल्छ । यहाँसम्म कथावस्तुले कथानकको मध्य भाग जनाउँछ । जब तीन भाइसहित सम्पूर्ण टिस्टा किनाराका एकहजार डोराहरू निदाइरहेका हुन्छ तब त्यही समयमा टिस्टा नदीमा ठूलो बाढी पहिरो आई एकहजार बस्तीहरूलाई बालुवाको बगरमा परिणत गरिदिन्छ यो घटनाले कथानकलाई चरमोत्कर्षको गति प्रदान गर्छ । त्यसपछि भोलिपल्ट थाहा हुन्छ अन्य ठाउँहरूका मान्छेलाई एक वस्तीहरूलाई टिस्टाको बाढीले बगाएर लग्यो भनेर यतिकैमा कथावस्तु सकिन्छ । कथानकले अन्तिम गति प्राप्त गर्छ । यसरी यस कथाको कथानक आदि, महत्त्व र अन्त्यको शृङ्खलामा सकिएको छ । कथानक कार्य कारण शृङ्खलामा बुनिएको छ । कथावस्तुको स्रोत सामाजिक यथार्थमा आधारित रहेको छ ।

### ४.३.३.३ चरित्र चित्रण

यस कथामा धेरै पात्रहरूको प्रयोग गरिएको छ । कथामा मुख्य भूमिका भने तीन पुरूष पात्रहरू आएका छन् । कथामा सहायक तथा गौण चरित्रहरूको व्यवस्था गरिएको छ । कथाका पात्र र चरित्रचित्रणलाई तल प्रस्तुत गरिन्छ ।

**बलबहादुर**

बलबहादुर यस कथाको प्रमुख पुरूष पात्र हो । ऊ सानैमा आमाबाट टुहुरा भएको पात्र हो । आमाको मृत्यु पश्चात बाबुले कान्छी आमा घरमा ल्याए पछि ऊ माथि कान्छी आमाले हेला गर्छ । ऊ अलि पछि जवान भएपछि विवाह गरी घर जाम गर्छ तर मूलघरबाट छुट्टिनु उसले अर्को घर बनाएको हुन्छ । त्यही घर बनाउँदा विहे गर्दा लागेको साहुको ऋण तिर्न भनी कुल्ली गर्न टिस्टामा पुग्छ । वास्तवमा बलबहादुर गरीब नेपालीहरूको प्रतिनिधि पात्र हो । उसमा सतगुण छ परिश्रम गरेर बाँच्नु पर्छ भन्ने धारणा हो । अन्तमा बलबहादुर नियतिद्वारा ठगिएको पात्र बन्छ किनभने टिस्टामा गएर काम गर्दा टिस्टा नदीको बाढी पहिरोमा आफ्नो जीवनलाई सिध्याउँछ । बलबहादुर विसङ्गति युक्त पात्र हो । आफ्नो श्रीमती र छोराको सुन्दर भविष्यको कामना गर्दै परदेश गएको बलबहादुर टिस्टामा विलायन हुन पुग्छ ।

**बीरबहादुर**

बीरबहादुर यस कथामा सानैमा बाबुआमा गुमाएका गरीब पात्र हुन । आमा बाबुको मृत्युपछि आफ्ना सातजना भाइबहिनीहरूको अभिभावकको जिम्मेवारी उनमा पर्छ तर पनि विचलित नभई भाइ बहिनीहरूलाई दुःखमा हुर्काउँछ । जब बीरबहादुर बाइस वर्ष पुग्छ विहे गर्छ । अनि ऊ श्रीमती र भाइबहिनीहरूलाई घरमा छाडी पैसा कमाउन परदेश टिस्टा पुग्छ । ऊ त्यहाँ गएर कठिन परिश्रम गर्छ । उसमा कर्मशील रहनुपर्छ भन्ने भावना छ । बीरबहादुरमा छलकपट

जालझेल स्वार्थ पाइदैन वास्तवमा ऊ सतपात्र परिश्रमीपत्र, जिम्मेवारी पात्र हो कथाको सुरुदेखि अन्तसम्म ऊ मुख्य भूमिकामा आएको छ ।

**बलशेर**

बलशेर यस कथाको प्रमुख पुरूष पात्र हो । ऊ आफूले चिन्दा आफूलाई टुहुराका रूपमा एक बाहुन घरमा गोठाला बसेको पाउँछ । जब ऊ बालककाल संगै बाहुन घरमा बिताउँछ तब ऊ विस्तारै जवान हुन्छ अनि घनकमाउन भनेर परदेश जान्छ ऊसमा धनकमाएर सुन्दर घरबार बसाउने चाहना छ तर अन्तमा नियतिद्वारा ठगिएर टिस्टाको बाढीपहिरोमा परि आफ्नो जीवनलीला समाप्त पाई । उसको सुन्दर चाहना टिस्टाको बाढीसँग बगेर जान्छ । बलशेर गरीब नेपालीहरूको प्रतिनिधि पात्र हो । उसमा मानवीय हित विपरीतका गुण पाइदैन वास्तवमा ऊ सत्रपात्र हो । बीरबहादुर श्रीमती प्रमुख सहायक भूमिका आएका छन् किनभने उनीले आफ्नो श्रीमान भोगेर परदेश जान लागेको बुझी घर सल्लाह गरेर मात्र जान अनुरोध गर्छे । बलबहादुरका कान्छी आमाभने अलिक मानवता वादी गुण विपरित प्रस्तुत भएकी छे । प्रस्तुत कथामा प्रमुख तीन पात्रबाहेक तीन पात्रका घर परिवारका सदस्यहरू, बाहुन परिवार र टिस्टामा उनीहरू संगै काम गर्ने एक हजार झुप्राका कुल्लीहरू कथामा सहायक तथा गौण भूमिकामा आएका छन् ।यसरी यस कथा पात्रविधानका हिसावले आधुनिक कथामान्यता अनुरूप रहेको छ ।

### ४.३.३.४ सारवस्तु

प्रस्तुत कथामा कथाकारले तीन गरीब नेपाली सहभागीहरूको जीवनको एक अंशलाई प्रस्तुत गरी समग्र नेपालीहरूको दरिद्रतालाई प्रस्तुत गर्ने उद्देश्य राखेका छन् । जसरी मान्छे विविध कारणले गरिब, टुहुरा, सहाराविहीन बन्न जान्छ उनीहरूको जीवन पनि त्यसरी नै दुःखमयी बन्न जान्छ । गरीवहरू छल कपट षडयन्त्र जालझेल जान्दैन आफ्नो कर्ममा विश्वास गर्छन तर उनीहरूलाई नै दैवी नियति पनि ठगछन् । उनीहरू आफ्नो जीवनलाई सङ्गतिपूर्ण बनाउन प्रयासरत हुदा हुदै आफ्नो जीवनलाई विसङ्गतिको दलदलमा फसाउन पुग्छन् भन्ने तीतो यथार्थलाई कथाकारले कथा मार्फत प्रस्तुत गरेका छन् । प्रस्तुत कथाका सारवस्तु नेपालका गरीबहरूका मात्र नभई संसारका गरीबहरूका समस्या हुन सक्छन् । तसर्थ कथाको सारवस्तु सार्वजनिन बन्न पुगेको छ ।

### ४.३.३.५ परिवेश

यस कथामा सहभागीहरूका कार्य पीठिका मुख्य रूपमा भारतका टिस्टा नदी किनारा रहेको छ । सुचनात्मक रूपमा सहभागीहरूका मातृभूमि नेपाल रहेको छ । नेपालीहरू आफ्ना गरिबीका कारण भारतका टिस्टा नदी पुगेका छन् । त्यहाँ उनी सडक निर्माणका लागि कुल्लीका रूपमा गएका छन् । उनी सडक निर्माणका लागि कुल्लीका रूपमा गएका छन् । कथाका घटनाहरू कुल्ली कालिक रूपमा नेपालमा शैक्षिक विकास भएको अवस्था दुर्गम नेपालका अवस्थालाई संङ्केत गरेको छ । कथामा घटित घटना करिब बाइस पच्चीस वर्ष बीचको घटनामा आधारित छ तर मुख्य घटना चाहि पाँच छ महिना अवधि बीचको रहेको छ । प्रस्तुत कथाले पाठक मनमा एक किसिमको कारूणिक, सहानुभूतिको भाव उत्पन्न गरेको छ । कथावस्तुले सुरुमा एक खालको उत्सुकता उत्पन्न गरेको छ र बिचमा सामान्य वातावरण सिर्जना गरेपनि अन्तमा पाठक मनमा कारूणिकता उत्पन्न गराएको छ ।

#### ४.३.३.६ दृष्टिविन्दु

प्रस्तुत कथा बाह्य सर्वदर्शी दृष्टि विन्दुमा आधारित छ । कथायिताले आफू घटना व्यापारमा संलग्न नरही तटस्थ बसेर सहभागीहरूका कार्य व्यापारहरूलाई वर्णन गरेका छन् । कथाकारले कुनै पात्र एक पात्रलाई मात्र केन्द्रमा नराखी तीन प्रमुख पात्रहरूका जीवन उतार चढाव दु:ख पीडा व्यथालाई प्रस्तुत गरेका छन् । कथाकारले बलबहादुर बीरबहादुर बलशेर र बीरबहादुरका श्रीमतीका व्यवहारलाई वर्णन गरेका छन् । कथावस्तु अनुसार कथाकारले उचित दृष्टिविन्दुका छनोट गरेका छन् । यसर्थ दृष्टिविन्दुका हिसाबले कथा सफल बन्न पुगेको छ ।

#### ४.३.३.७ भाषाशैली

प्रस्तुत कथालाई कथाकारले वर्णनात्मक शैलीमा प्रस्तुत गरेका छन् । कथा पछाडिबाट अगाडि तर्फ अघि बढेकोले वृताकारीय शैलीमा आधारित छ । कथामा पूर्व दीप्ति शैली अपनाइएको छ । कथामा पात्रहरूले स्वभाविक आफ्ना स्तर अनुसारका सामान्य बोलीचालीका सहज भाषा प्रयोग छन् । कथामा 'सग्लो जीवन एउटा उपन्यास हो' टुक्रिएको जीवन एउटा कथा हो (पृष्ठ १) जस्ता आलङ्कारिक भाषाको प्रयोग भएको छ । कथामा कथ्य भाषा भाषिका र विचलनशील भाषाको प्रयोग भएको छ । प्रयोगका दृष्टिले बर्डर, रोड डिपार्टमेन्ट, इन्जिनियर, बोरिङग, क्याम्प जस्ता आगन्तुक शव्दहरू पनि प्रयोग भएको छ । वाक्य गठनका हिसाबले 'रातको ठीक एक बजे घटेको रे ..त्यो आश्चर्यमय घटना...। त्यो घटना ....हैन जस्ता (पृष्ठ ५) जस्ता वाक्यहरू आएका छन् ।

### ४.३.४. 'प्रारब्ध' कथाको विश्लेषण

#### ४.३.४.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक 'प्रारब्ध' तत्सम शब्द हो । यो यस शव्दको अर्थ भाग्य वा किस्मत भन्ने हुन्छ । यस कथाको विषय वस्तुलाई अध्ययन गर्दा कथाकी प्रमुख पात्र कामिनीले जविनका अनेक खालका सुख दु:ख आँशु हाँसो क्षण बिताएकी छिन् । अन्तमा आफ्नो अमूल्य जिजीविषा चाहनालाई आमा बन्ने क्रममा गुमाएकी छिन् । यस क्रममा मलामी गएका कथाका 'म' पात्रले भनेका छन् । हामीले जिन्दगी सुखद या दु:खद सरस या निरस रमाइलो या विरमाइलो पाउनु त आफ्नो आफ्नो प्रारव्ध हो भनेका छन् । यसरी यस कथाको शीर्षक शाब्दिक अर्थ र विषय वस्तुका आधारमा सार्थक रहेको छ ।

#### ४.३.४.२ कथानक

प्रस्तुत कथामा 'म' पात्र सात वर्षको उमेर पुग्दा आफ्ना दुईजना दिदीहरूले विवाह गरी सकेपछि भेना घर जान अनि एक्लो भएको 'म' पात्रले छिमेकी 'कामिनी' दिदीको हेरचाहमा हुर्कन थाल्नु, 'म' पात्र आफ्नो उमेरको वृद्धि विकास सँगै जवान भएर भर्ती जानुसम्मको कथावस्तुले कथानकलाई चिनारी भागसम्म पुऱ्याएको छ । जब भर्ती भएर गएको 'म' पात्र तीनवर्षपछि छ महिनाको छुट्टीमा आउँछ तब 'म' पात्रलाई बोलाउन सङ्कोच मान्छ । उसले कामिनी दिदीबाट पाएको माया र बात्सल्यलाई भूलि सकेको हुन्छ । दिदीले चाहि 'म' हेमनलाई जति ठूलो हुदै जान्छ कति राम्रो हुर्दैछ भनी प्रसंशा गर्छ । यस कुराले 'म' पात्र नाक घोग्राउँछ ।

ऊ छ महिना छुट्टी सकी पल्टन पनि फर्कन्छ । फेरि तीन पछि 'म' पात्र छ महिनाको छुट्टी घर फर्कन्छ । तर त्यति बेला कामिनी दिदीले एक जना हवलदारसँग बिहे र घरजम गरी सकेको हुन्छ । वर्षदिनको तिहार आउँछ 'म' पात्र कामिनी दिदीको हातबाट फूलमाला लगाउन

उनका घरमा जान्छ । फेरि ऊ छ महिनाको छुट्टी सकी पल्टन फर्कन्छ । पल्टनको केही वर्षको नोकरी गरेर ऊ छुट्टी मनाउन घर आउँछ विवाह गर्छ वर्षदिनको तिहारमा कामिनी दिदीको हातबाट फूलमाला लगाउन जान्छ फूलमाला लगाउँछ घर पर्कन्छ । फेरि छुट्टीमा 'म' पात्र घर आउँदा कामिनी दिदी गाउँमा हुन्न उनी आफ्नो श्रीमानको मृत्यु पश्चात अर्कै मलाया लाहुरे बुढासँग पोइला गएको सुचना गाउँलेहरूबाट यहाँ पाउँछ यहाँसम्मको घटित कथावस्तुले कथानकलाई सङ्घर्ष विकासको अवस्था पुऱ्याएको छ । कामिनी दिदीको अर्को विवाहको सूचना 'म' पात्रले पाउँछ । उसमा कामिनी दिदीको स्मृति हराउदै जान्छ । 'म' धेरै छुट्टी आउँदै जाँदै गर्छु । ऊ पेन्सन पकाएर घर पनि फर्किसक्छ 'म' पात्र दुई छोरा दुई छोरीको बाबुपनि बनिसकेको हुन्छ । एक दिनको कुरामा 'म' पात्रले कामिनी दिदीले पहाडमा दुःख पाइरहेको र जेठीका छोराछोरीहरूबाट दुःख पाइरहेको खबर पाउँछ र उसमा सहानुभूति र दयाको भाव उर्लेर आउँछ । फेरि अर्को एक दिनको घटना थियो । विहानै एउटी दुब्ली पातली अधबैसे आइमाई 'म' पात्रको घरमा घर लिप्ने गोबर माग्न आउँछ । उसका श्रीमतीले गोबर दिइपठाउँछे अलिपर पुगेपछि ती आइमाईले एकपटक फनक्क फर्केर हेर्छे र त्यति बेला 'म' पात्रलाई कहाँ कहाँ देखे झैं लाग्छ यहाँसम्मको घटित कथावस्तुले कथानकलाई मध्य भागमा पुऱ्याउँछ ।

एक साता पछिको कुरो 'म' पात्रको घरमा मान्छेहरू मलामी बटुल्दै उसका घरमा आउँछ । 'म' पात्रले सोधी खोजी गर्दा आफ्नो प्यारी कामिनी दिदी भन्ने थाहा पाउँछ । उनी सुत्केरी हुँदा मरेको पनि थाहा पाउँछ यहाँसम्मको घटनाले कथानकलाई चरमोत्कर्षको गति प्रदान गर्छ । अनि 'म' पात्रपनि मलामी जान्छ । कामिनी दिदीका बच्चापनि मर्छ अन्तमा 'म' पात्रले मनमनै यो हाम्रो जिन्दगीका बारेमा मनन गर्छ र भन्छ जिन्दगी सामूहिक रूपमा एउटा विशाल चित्र हो यसले एउटा ठूलै क्यानभास ओग्टछ । हामीले जिन्दगी सुखद या दुःखद सरस या निरस रमाइलो या बिरमाइलो पाउनु त आ-आफ्नो प्राख्य हो । भन्दा कथानकले अन्तिम गति प्राप्त गर्छ ।

### ४.३.४.३ पात्र विधान

यस 'प्रारब्ध' कथामा प्रमुख सहायक तथा गौण पात्रहरू भूमिका आधारमा आएका छन् । कामिनी दिदी प्रमुख नारी पात्र हुन् । 'म' पात्र हेमन सहायक पात्र हुन भने कामिनी दिदीका परिवारका सदस्यहरू र 'म' पात्रका परिवारका सदस्यहरू गौण भूमिकामा आएका छन् ।

### कमिनी दिदी

कामिनी दिदी यस कथाको प्रमुख नारी पात्र हुन् । उनि पनि सानैदेखि टुहुरा हुन् । 'म' पात्रलाई आफ्ना दुईजना दिदीहरूले छाडी राखेपछि उसलाई आफ्ना माइती सरह माया गरेर हुर्काएकी छिन् । यसबाट उनीमा मानवहित गुण रहेको थाहा पाउन सकिन्छ । कामिनी दिदी निष्कपट र विशाल हृदय सागर जस्तै भनेर म पात्रले समेत वर्णन गरेका छन् । कामिनी उमेरसँगै पल्टनको हवलदारसँग बिहे गर्छन् । तर सन्तान नहुँदै श्रीमान गुमाउन पुग्छिन् । आफ्नो श्रीमानको मृत्युमा बेसरी रक्सी पिउँछिन् । यसबाट उनी मतवाली परिवारका पात्र हुन् भन्ने आधार पाउन सकिन्छ । अन्तमा श्रीमानको मृत्युपश्चात अर्को विवाह गर्छे त्यो पनि जेठी माथि कान्छी हुन पुग्छे । त्यहाँ उनले धेरै दुःख पाउँछे र सुत्केरीको व्यथाले अन्तमा मृत्युवरण गर्दै आफ्नो जीवनलीला समाप्त गर्छे । यसरी कामिनी दिदीमा मानवीय सतगुण पाइन्छ । तर पनि उनी आफ्नो भाग्य वा किस्मतले ठगिएकी नारी हुन् । उनी विवश लाचार बनेकी छिन् । उनी करूणा र सहानुभूतिका पात्र हुन् ।

**'म' पात्र (हेमेन)**

प्रस्तुत कथामा 'म' पात्र अर्थात् हेमेन सहायक भूमिकामा आएका छन् । 'म' पात्रका कथाका प्रस्तोता पनि हुन् । 'म' पात्र पनि सानैमा आमाबाबु विहीन र दिदीहरूका हेरचाहमा हुर्कदै गर्दा दिदीहरूको विवाह पश्चात कामिनी दिदीको संरक्षणमा हुर्केका सहानुभूतिका पात्र हुन् । उनमा उमेर बढ्दै जाँदा पैसा कमाउनु भन्ने ज्ञान भएपछि लाहुरे हुन्छ । उसले पनि लाहुरे परम्परालाई निरन्तरता दिएका छन् र पल्टनबाट आउँदा जाँदा उसले कमिनी दिदीलाई र गाउँलाई माया गरेका छन् । पल्टनीय वातावरणले कति पनि परिवर्तन भएका देखिँदैनन् । उसले पल्टनको जागिरले राम्ररी घर व्यवहार गरेर बसेका छन् । उसमा कुनै मानवीय असत व्यवहार पाइदैन । ऊ सत पात्र हो । लाहुरे प्रथाका पक्षपाती हुन् ।

यसरी प्रस्तुत कथामा कामिनी दिदीका श्रीमान गौण भूमिकामा देखापरेका छन् ऊ कडा रोबिलो मुहार भएको लामा लामा सुइरो जस्ता जुँगा पालेका छन् । 'म' पात्रका श्रीमती पनि कथामा गौण चरित्रका रूपमा उपस्थित भएका छन् । उनी श्रीमानका व्यवहारमा सहयोग गर्ने खालका छन् । 'म' पात्रका दिदीहरू भाइका जीवनका पछिल्ला गतिविधिप्रति अनभिज्ञ रहेका छन् । कथामा चरित्र चित्रणको पद्दतिमा वर्णनात्मक शैलीको प्रयोग भएको छ । चरित्रहरूले विषय वस्तुको भारलाई सहज रूपमा बोक्न सकेको छ ।

### ४.४.३.४ सारवस्तु

यस कथामा कथाकारले दुईजना टुहुरा आमा बाबु विहीन चरित्रहरूको जीवन व्यवहारबाट मानवीय जीवनका भाग्य किस्मत वा प्रारब्धलाई उद्घाटन गर्ने उद्देश्य राखेका छन् ।कथाकार राईले मान्छेले दुःख पाउनु, सुख पाउनु आ-आफ्नो पूर्वजन्मको फल, भाग्य किस्मत हो । त्यही अनुसार आफूले आफ्नो जीवन गुजारा गर्नुपर्छ । ठूलो खुसी धेरै सुख खोजेर हुदैनन् । यो जीवन भनेको जसरी भोग्दैन गइन्छ त्यस्तै मात्र हो अरू केही होइन भनेका छन् । मान्छे विवाह गर्छ आफ्नो खुसीका लागि लाहुरे बन्छ आफ्नो भविष्यका भोलिका सुखका लागि यस क्रममा रमाइलो विरमाइलो क्षण आउँछ त्यो केवल मानवीय प्रारब्ध हो । अन्तमा कथाकारले भनेका छन् 'जिन्दगी एक व्यापक शव्द हो । जिन्दगी सामूहिक रूपमा एउटा विशाल चित्र हो । यसले एउटा ठूलै क्यानभास ओगटछ । जिन्दगीका हजार रङ्ग हुँदो रहेछ । हामीले जिन्दगी सुखद या दुःखद सरस या निरस रमाइलो या विरमाइलो पाउनु त आफ्नो आफ्नो प्रारब्ध हो ।' कथामा कथाकारले सारवस्तुलाई विचार वाक्यका रूपमा प्रस्तुत गरेका छन् । सारवस्तु विसङ्गति वादी अस्तित्व वादी चिन्तन अनुसार विश्वजनीन बन्न पुगेको छ ।

### ४.३.४.५ परिवेश

प्रस्तुत कथाको स्पष्ट कार्य पीठिका तोकिएको छैन । कथामा सुचनात्मक रूपमा पल्टनको प्रसङ्ग आएको छ । कथामा प्रयुक्त पात्रहरूको जीवन व्यवहारको अध्ययन गर्दा नेपाली सामाजिक परिवेश रहेको सहजै अनुमान गर्न सकिन्छ । नेपाली समाजमा धन कमाउनका लागि लाहुरे जाने परम्परा रहेको छ । नेपाली समाजका दशैतिहारका प्रसङ्ग आएको छ । जसकारणले कथाका पात्रहरूको कार्यपीठिका नेपाली समाज हो । कथामा घटित विषय वस्तुले करिब तीस पैतीस वर्षको समयावधिलाई ढाकेको छ । कथामा दशै तिहारको प्रसङ्ग आएको छ । यसले नेपाली चाडपर्वको वातावरणलाई सङ्केत गरेको छ । बालकपनमा आफ्ना दिदीहरूले जन्मघर छाडी भेनाजु घर जाँदा 'म' पात्रले छिमेकी कामिनी दिदीको संरक्षणमा बाँच्नु परेकोछ । यस्तो विसङ्गत परिस्थितिमा पाठक मनमा सहानुभूतिको भाव उत्पन्न भएको छ । कामिनी दिदीले आफ्नो उमेर

रहर्दै विधुवा बन्नु परेको दुःखद घटना छ । विधुवा भएपछि कामिनी दिदीले अर्को श्रीमानको खोजी गर्दा आफू कान्छी श्रीमती बन्न जानु परेको विवसता रहेको छ । कामिनी दिदीले जेठी र उसका छोराछोरीहरूबाट हेला होचा सहनु परेको बाध्यता पनि यस कथामा रहेको छ । अन्तमा कामिनी दिदीले आफ्नो जीवन लीलालाई आमा बन्ने क्रममा अन्त गरेकी छिन् । यसबाट नेपाली आमाहरूको व्यथालाई प्रस्तुत गरिएको छ । यसरी यस कथाले नेपाली समाजमा घटित घटनालाई विषय स्रोत बनाउँदै नेपाली समाज यसका धरातल बनाएको छ । नेपाली युवाहरू धनका लागि लाहुरे जाने वर्षदिनको चाडपर्वमा आउने चलनको सङ्केत गरेको छ । कथामा घटित घटनाहरूले पाठकहरूलाई एउटा दुःखद क्षणमा पुऱ्याएको छ ।

### ४.३.४.६ दृष्टिविन्दु

प्रस्तुत कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा आधारित रहेको छ । कथामा कथायिता 'म' पात्रले कथाका प्रमुख पात्र कामिनी दिदीलाई केन्द्रमा राखेर कामिनी र म पात्र बीचका जीवन घटनालाई प्रस्तुत गरेका छन् । कथामा प्रयुक्त मुख्य कामिनी दिदीको वरिपरी घुमेको छ । त्यसमा 'म' पात्रको सहायक भूमिका रहेको छ । कथाका प्रमुख पात्र र म पात्र सानैदेखि छिमेकी दिदीभाइ हुन् । 'म' कामिनी दिदीका मुहार जीउडाल र व्यवहारबाट प्रभावित छन् । ऊ कामिनीलाई आफ्नै दिदी सरह श्रद्धा गर्छन् र उसैका चार दशक जतिका जीवन घटितहरूलाई कथाका रूपमा 'म' पात्रले प्रस्तुत गरेका छन् । यसरी यस कथामा प्रयुक्त दृष्टिविन्दु परिधीय दृष्टिविन्दु हो । कथाकारको दृष्टिविन्दु छनोट उपयुक्त छ । कथा आधुनिक कथा मान्यताका आधारमा उपयुक्त छ ।

### ४.३.४.७ भाषाशैली

प्रस्तुत कथा भाषाशैलीका हिसाबले उपयुक्त कथा बनेको छ । कथाका भाषा वर्णनात्मक आलङकारिक शैलीमा प्रस्तुत भएको छ । जस्तै 'बाल्यकाल मस्तिकमा अङ्कित स्मृतिरेखा शिलाखण्डमा बसेको 'फँसिल' जस्तो हुदोरहेछ ।' (पृष्ठ १) 'उनको हृदय विशाल थियो सागर जस्तै' (पृष्ठ २) 'देख्यो ! जिन्दगी न रमाइला छ न त त्यति निरस नै, जति हामीहरू त्यसको कल्पना गर्दछौं ।' कथामा म पात्रले प्रयोग गरेका भाषामा ज्यादै आलङ्कारिकता पाइन्छ । कथाकारले 'कामिनी' दिदीले प्रयोग गर्ने भाषामा कथ्य रूप दिएका जुन पात्रानुकुल रहेको छ । कथामा 'तत्सम' आगन्तुक विस्मायादिवोधक जस्ता शव्दवलीहरूका प्रयोगले कथा बोध्य नै बनेको छ ।

### ४.३.५. 'यहाँ जीवन हो' कथाको विश्लेषण

### ४.३.५.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक 'यही जीवन हो' वाक्यात्मक संरचनामा आएको छ । कथामा घटित विषय वस्तु पूर्णरूपमा अस्तित्व वादी विसङ्गति वादी रहेको छ । हामीले भोग्न परेका अस्तित्व वादी विसङ्गति वादी रहेको छ । हामीले भोग्न परेका हाम्रा रिक्तता, निरसता, शून्यता, कुण्ठा, विरक्ति र व्यस्तता सबै हाम्रा हुन् । हाम्रो भोक तिर्खा सबै हाम्रो पेवा हो । यो जिवन यात्रा हाम्रो निजी यात्रा हो हामीले यो यात्रा एक्लै हिँडेर तर्नुपरेको छ । यो जिवन हामीले स्वयम् जिउनपरेको छ । यसलाई फूकालेर अरूलाई दानदिन नि त सकिन्न (पृष्छ १) मरूस्थलमा मरू उद्यान हो जिवन । यो अनन्त अनन्त छ । जहाँ माटो र पानी पाइन्छ त्यही उम्रने दुबो हो जिवन । (पृष्ठ ३)

कथाकार राईले जिवनलाई पदमकी श्रीमती वीणाकी आमाको जिवनलाई हेरेर जिवनको परिभाषा गरेका छन् । राईले जिवनलाई माथिका तथ्यहरूका आधारमा चिनाउने प्रयास गरेका छन् । यही आधारमा कथाको शीर्षक प्रस्तुत विषय वस्तुका आधारमा सार्थक बनेको छ ।

**४.३.५.२ कथानक**

प्रस्तुत कथा 'पदम' पात्रको दैनिक जिवन गुजाराबाट सुरु भएको छ । ऊ महिनाको डेढसय रूपियाँमा एउटा मारवाडीको गाडी दिनभरि हाक्छ । उसका तीन छोरी श्रीमती छन् । ऊसले आफ्नो कमाइले घर परिवारलाई जसो तसो गरेर पाँच जनाको जिवन डुङ्गा हल्लदैं, डगमगाउँदै अगि बढाउदै जान्छ यस संसार रूपी सागरमा बिगत एक दशकदेखि यसरी दुःखसुख चलिरहेको परिवारमा एक्कासी वीणाकी आमा क्षयरोगबाट ग्रसित बन्न जान्छ । यहाँसम्मको घटित विषय वस्तु कथानकको आदि भाग हो । प्रस्तुत कथाकी पात्र वीणाकी आमा क्षयरोगले थलिरहँदा पनि श्रीमान पदम श्रीमती र छोरीहरूका पेटका लागि साहुका गाडी चलाइ रहन्छ । साँझपख बल्लतल्ल घर फर्केर श्रीमती छोरीहरूलाई खान खुवाएर सुताउँछ । वीणाकी आमा झन झन शारारिक रूपमा विक्षिप्त हुदै जान्छे तर पनि उनीमा बाँच्ने यो संसार हेर्न ठूलो रहर छ । आफूलाई बोक्सी लागेको तर्क गर्छ धामी फेदाङ्मा विजुवा लगाउन लाउँछ तर निको हुदैनन् । अन्तमा क्षयरोगका कारण वीणाकी आमाकी मृत्यु हुन्छ । कथानकले मध्यभाग र चरमोत्कर्षको गति प्राप्त गर्छ जब लास भएकी वीणाकी आमालाई लास बाहन गाडीमा लगेर सर्दु खोलामा लगेर जलाइन्छ । वीणाकी आमाकी देह समाप्त हुन्छ तब कथानकले अन्तिम गति प्राप्त गर्छ ।

**४.३.५.३ चरित्र चित्रण**

यस कथामा प्रमुख सहायक गौण चरित्रहरूको प्रयोग भएको छ । कथामा असत नभई सत पात्रहरूको प्रयोग भएको छ । चरित्रहरूले अस्तित्वका लागि विसङ्गतिसँग सङ्घर्ष गरेका छन् र अन्त्यमा चरित्रहरू विसङ्गति शिकार भएका छन् । कथामा सासु पदम र उसकी श्रीमती प्रमुख भूमिकामा आएका छन् । सासु कथा वाचक, भोटेकी र भौजु सहायक भूमिका आएका छन् । मारवाडी र पदमको छोरीहरू गौण भूमिकामा आएका छन् । यहाँ प्रमुख पात्र र सहायक पात्रहरूको चरित्र चित्रण तल गरिन्छ ।

**पदम**

पदम यस कथाका प्रमुख पुरूष पात्र हो । ऊ आफ्ना श्रीमती र छोरीहरूका पेटका लागि साहुका लागि गाडी चलाउँछ तर कमाई थोरै भएका कारण घरव्यवहार चलाउन धौ धौ पर्छ । आफ्नो श्रीमती र छोरीहरूप्रति सदैव जिम्मेवारी रहन्छ । दिनरात कडा परिश्रम गर्दा पनि उसका जीवनमा गरिबीले छोइदैन उसका जीवनमा सङ्गति पाइदैन । अन्तमा आफ्नो गरिबी र अन्धविश्वासका आफ्ना श्रीमतीलाई क्षयरोगका शिकार बनाउन पुग्छ । वास्तवमा पदम प्रतिनिधि पात्र हो । किनभने धेरै श्रमिकहरूको स्थिति नै यस्तै रहन्छ । पदममा सतवृति पाइन्छ तर उसमा गरिबीका कारण स्वास्थ्य सम्बन्धी ज्ञान पाइदैनन् । पदम विवश पात्र हो ।

**वीणाकी आमा**

वीणाकी आमा यस कथाकी प्रमुख नारी पात्र हुन् । वीणाकी आमा तीन छोरीहरू आमा हुन् । घरव्यवहार चलाउनमा उनी सफल गृहणी हुन् । श्रीमानको थोरै कमाइलाई सदुपयोग गर्दै घरव्यवहार चलाउँदै रहेकी छिन् । उनी अन्तमा परिवारको गरिबी र अज्ञानताका कारणले

क्षयरोगका बिरामीले आफ्नो देहत्याग गर्दछिन् । उनीमा सरल सतवृत्ति रहेको छ । उनका जिवनमा विसङ्गतिको जीत भएको छ ।

**सासू**

सासु भन्नाले पदमको सासु वीणाकी हजुरआमा हुन् । उनमा आफ्नो छोरी ज्वाँई नातिनीहरू बडो माया छ । आफ्नी छोरी वीणाकी आमा विरामी हुँदा सम्पूर्ण स्याहार उनीले गरेकी छिन् यसकारण उनमा मातृवात्सल्य गुण प्रशस्त रहेको पाइन्छ । आफ्नो छोरीको मृत्युम दुःखी भएकी छिन् । यस कथामा कथावाचक, भोटेकी आमा र भोजु जस्ता पात्रहरूका सहायक भूमिका रहेको छ । वीणाकी आमा विरामी हुँदा धामी झाँक्रीको खोजी गर्ने तथा अन्य काम सहयोग गरेका छन् । मारवाडी र पदमकी छोरीहरूको गौण भूमिका रहेको छ ।

## ४.३.५.४ सारवस्तु

कथाकार राईले नेपाली सामाजिक धरातलबाट पदम र उसकी श्रीमती जस्ता पात्रहरू प्रयोग गर्दै सामाजिक विषय वस्तु मार्फत मानवीय जीवनका परिभाषा गर्ने उद्देश्य राखेका छन् । हामीले भोगेको मात्र हाम्रो जीवन हो । हाम्रो आफ्नो निजी जीवन हाम्रो व्यक्तिगत जीवन हो । हाम्रो सुख दुःख हर्ष विषाद, आशानिराशा हाम्रा आफ्नै हुन् । हाम्रा सुख दुःख हाँसो रोदन र कसैसित कसैको चासो छैन । हाम्रा निजी क्षणहरू सित कसैको सम्बन्ध छैन । एउटा मृत्यु मरेको क्षण जीवन दार्शनिक हुन्छ एउटा शिशु जन्मेको रात जीवन मानिस हुन्छ । यसरी जीवन एउटा सम्पूर्ण सङ्गत विसङ्गत पक्षहरूको योग हो भन्ने सारलाई कथाकारले प्रस्तुत गरेका छन् ।

## ४.३.५.५ परिवेश

प्रस्तुत कथाले सम्पूर्ण रूपमा आफ्नो कार्यपीठिका धरान बजार र जमदार बाजेको घरको सानो कोठालाई बनाएको छ । धरान सुनसरी, सेउती खोला, सर्दुखोला आसपासमा कथाका घटनाहरू घटेका छन् । धरान सुनसरीमा यातायातको विकास भइसकेको अवस्था छ । स्वास्थ्य संस्थाहरूको विकास भइसकेको छ तर गरीब पदमको परिवार भने घामी झाँक्री फेदाङ्माको भर पर्नुपरेको स्थिति छ । कथामा घटित घटनाले करिब बाह्र तेह्र वर्षको समयावधिलाई ओगटेको छ । सुचनात्मक रूपमा कथायिताले परदेशको पनि सूचना दिएका छन् । कथाको करूणा र सहानुभूतिका वातावरण पुऱ्याउँदै अनि के भयो होला भन्ने मानसिक छटपटीमा पुऱ्याएको छ ।

## ४.३.५.६ दृष्टिविन्दु

प्रस्तुत कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा आधारित रहेको छ । कथयिताले कथामा घटित विषय वस्तुमा आफ्नो सामान्य उपस्थिति जनाउँदै पदम र वीणाकी आमालाई मुख्य केन्द्रमा उभ्याएर घटनाको विश्लेषण गरेका छन् । कथाका प्रमुख पात्र पदम र वीणाकी आमाको विसङ्गत र विवशताबारे जिवनको परिभाषा गरेका छन् । यसर्थ कथा पूर्णरूपमा परिधीय दृष्टिविन्दुमा आधारित छ ।

## ४.३.५.७ भाषाशैली

यस कथाको विषय वस्तुलाई कथाकारले विश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन् । कथाका पात्रहरूले आफू अनुकुलका भाषिको प्रयोग गरेका छन् । कथाकारले घटनाहरूलाई विश्लेषणात्मक रूपमा प्रयोग गर्दा आलङ्कारिक प्रतीकात्मक भाषिक प्रयोग गरेका छन् । यो अजम्बरी फूल हो । ओइलाउदैन प्राकृतिक प्रकोप र पीर-परिश्रमको घामले यो । यसको एउटै

जराले पाताल छोएको छ । यसको एउटै हाँगाले स्वर्ग बेन्हेको छ । यो शीतल सरिता हो हिमालयको हिमखण्डमा ग्लेशियरले जन्माएकी । यो सुक्दैन कहिल्यै कथामा तत्सम तथा आगन्तुक शव्दावलीहरूको प्रशस्त प्रयोग छ । जस्तै तन्द्रा, व्याप्त, रस, भय, मृत्यु, डाक्टर, ग्लेशियर, इगतोरेन्स फोल्ली, वाइज सेकेन्डहयान्ड, स्टार्ट जस्ता शव्दावलीहरूको प्रयोग गरिएको छ । कथामा पिटिक्क पिटिक्क, प्याच्च, पिलपिल, बर्बरी जस्ता अनुकरणात्मक शव्दहरूको प्रयोग छ ।

### ४.३.६. 'मूल्याङ्कन' कथाको विश्लेषण

#### ४.३.६.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक 'मूल्याङ्कन' भन्नाले शाब्दिक रूपमा मूल्यको अङ्कन गर्नु भन्ने हुन्छ । अर्थात् कुनै वस्तुको मूल्यको निर्धारण गर्नु भन्ने हुन्छ । अर्थात् कुनै वस्तुको मूल्यको निर्धारण गर्नु लेखाजोखा गर्नु हुन्छ । कथामा 'म' पात्रले कुनै स्त्रीको आफुप्रतिको समर्पण आफूलाई कुनै घृणा विरोध नगरी 'ऊ' पात्र युवतीले 'म' पात्रलाई नारी सुलभ नम्रता, महानता, कोमलता र त्यागको व्यवहार प्रस्तुत गर्छ र म पात्रले युवतीको चोलीभित्र पाँच रूपियाको नोट कोचारिदिन्छ । युवती भनेकी 'म' पात्रका लागि महानता, उदारता र त्यागको स्रोत बन्न जान्छिन । यसरी युवतीको मूल्य पाँच रूपियाँ, महानता, नम्रता कोमलता भनेका छन् । यसर्थ यस कथाको शीर्षक विषय वस्तुका आधारमा पनि सार्थक बनेको छ ।

#### ४.३.६.२ कथानक

प्रस्तुत कथामा धरानबाट घर फर्कदै गरेको 'म' पात्र र पहाडबाट धरान झर्दै गरेको युवती पात्र बिच तमोर किनाराको सानो पसलमा सँगै बास पर्नु, खाना खाएर दुबैजना वर-पर सुत्नु तर बोलचल नहुनु, युवती शारारिक रूपमा जवान पुरूषहरूलाई आकर्षण गर्ने गुण सम्पन्न हुनु, 'म' पात्र युवतीका शारीरिक आकर्षणबाट बढी कामुक रूपमा आकर्षित हुनु, युवतीले पनि 'म' पात्रप्रति नारी सुलभ गुण देखाउनु जस्ता आदि घटनाहरू कथानकको आदि भाग हो । रात पर्दै जाँदा 'म' पात्रमा तृषालु दृष्टि युवतीमा पर्दै जानु, युवतीका शरीरबाट बहेको सुगन्धले नसा लाग्दै जानु, रात चकमन्न घरबेटीहरू लामो निद्रामा पर्दै जानु, 'म' पात्र पनि युवतीका ओछ्यान तर्फ फर्केर सुत्नु, 'म' पात्र र युवतीका बीच छ सात हातको दुरीमा एउटा बलिरहेको बत्ती हावाले झ्याप्प निभाउनु, त्यो अन्धकारमा विस्तार विस्तार 'म' पात्र पानीमा नुनको ढिका बिलाएझैं बिलाउन थाल्नु । कथानकको सङ्घर्ष विकासको भाग हो । जब अन्धकारमा 'म' पात्रले आफ्ना हातहरू अगाडि फैलाउन थाल्छ तब युवतीलाई स्पर्श गर्न पुग्छ । युवतीले कुनै प्रतिकार गर्दिन । 'म' पात्र युवतीका शरीरका उष्णताले विस्तारै गल्न थाल्नु, 'म' पात्रमा राम्रो नराम्रो, नैतिक-अनैतिक, पाप-पुन्य छुटाउन नसक्नु, म पात्रले युवतीलाई अक्टोपसले आफ्नो शिकार समाते झैं गाँज्नु अन्तमा दुबैजना एकाकार बन्नु जस्ता आदि घटनाले कथानक चरमोत्कर्षमा पुग्छ । जब 'म' आफूभित्र ज्वालामय बनेको वासनाको राँकोलाई शान्त पार्छ तब आफ्नो ओछ्यानमा आएर पल्टन्छ । 'म' पात्र विहान एक्कासि व्युँझदा युवती आफ्नो ओछ्यानमा हुदै उनी आफ्नो गन्तव्यमा हिडी सकेकी हुन्छे । 'म' पात्र हस्याङ फस्याङ गर्दै परसम्म दौडेर हेर्दा युवती आफ्नो ढाकर बोकेर पुल तरिसकेर धरानतिर जाँदै गरेकी हुन्छे 'म' पात्र उनीलाई एकोहोरो हेरिहन्छ । कथावस्तु सकिन्छ कथानकले अन्तिम गति प्राप्त गर्छ ।

#### ४.३.६.३ चरित्र चित्रण

प्रस्तुत कथामा प्रमुख दुई पात्र र अन्य गौण पात्रहरूको प्रयोग गरिएको छ । पात्रहरू विलकुल व्यक्तिगत चरित्रका रूपमा उपस्थित भएका छन् । उनीहरू निश्चित समयमा मात्र देखिएका छन् । उनीहरूका चरित्र चित्रण तल गरिन्छ । 'म' पात्र यस कथाको प्रमुख पुरूष मात्र हो । ऊ धरान बजारबाट आफ्नो पहाडतिर फर्कदै गरेको व्यक्ति हो । उमेरका हिसाबले पच्चीस छब्बीस वर्षको अनुमान गरिन्छ । उसमा नारीहरूको शारीरिक रूपप्रति बडो आकर्षण देखिन्छ । ऊ नारीहरूलाई बासनाका दृष्टिबाट मात्र हेर्दछ । ऊ मौका फाइदा उठाउन ज्यादै सिपालु छ । उसले धरान जाँदै गरेकी युवतीलाई एक्लोपनको फाइदा उठाउँदै आफ्नो वासनात्मक तृप्ति पुरा गरेका छन् ।

उसले एउटी सुन्दरी युवतीका अगाडि आफ्नो नैतिकता कर्तव्य सबै विर्सेका छन् । ऊ क्षणिक कामातुरमा भूलेर प्रचलित धार्मिक र सामाजिक नियमलाई उलङ्घन गर्न पनि पर्दैन । ऊ मनुस्यलाई यौवन र सन्तति उत्पतिका लागि दिएको पवित्र र परमानन्द साधन सम्झन्छ । 'म' पात्र वासनात्मक शक्तिलाई सर्वोपरी महत्त्व दिन्छ । वास्तवमा 'म' पात्र कामुक पात्र हो । युवती यस कथाकी प्रमुख नारी पात्रहुन् । उनी पहाडबाट धरान बजार झर्दै गरेकी हुन्थे । उसमा भविष्य र जीवन बारे कतिपनि चिन्ता छैन । रातमा सँगै बास बसेको युवकलाई बिना चिनजान आफ्नो शरीर सुम्पेकी छैन । युवकलाई आफूलाई प्रयोग गरिरहँदा उसलाई निर्धक्क भएर समर्पण गरेकी छिन् । उनीमा यौन शक्ति प्रबल भएर आएको छ । लाज घिन नैतिकता हराएको छ । युवतीमा पूर्ण रूपमा किशोरीवस्थाका स्वभाव प्रबल भएको छ । उनी जीवनलाई सहज रूपमा लिएकी छे । उनी व्यक्ति पात्र हुन् । कथामा 'म' पात्र र युवतीलाई बास बस्न दिने घरबेटीहरू गौण भूमिका आएका छन् ।

#### ४.३.६.४ सारवस्तु

प्रस्तुत कथामा कथाकारले एक जोडी बटुवा युवक र युवतीका एकरातको यौन क्रियाकलापलाई प्रस्तुत गर्दै मानवीय कामुक इच्छाशक्तिको उद्घाटन गर्ने प्रयास गरेका छन् । स्वभाविक रूपमा मान्छेले आफ्नो अचेतन मनमा दबिएर बसेका यौनइच्छाहरूलाई वातावरण मिल्न साथ व्यक्त गर्छ त्यो सामाजिक नियम, धर्म र नैतिकताको छेकबारलाई उलङ्घन गरेर व्यक्त हुन्छ भन्ने सारवस्तु कथामा प्रष्टिएको छ । पुरूष नारी देख्नसाथ उत्तेजित भएर आफ्नो प्रतिक्रिया व्यक्त गर्छ । नारीहरू पनि पुरूषहरूलाई अप्रत्यक्ष रूपमा स्वीकार गरिरहेको हुन्छ भन्ने विश्व जनीन सारवस्तु प्रस्तुत कथामा व्यक्तिएको छ ।

#### ४.३.६.५ परिवेश

प्रस्तुत कथा यौन मनोविज्ञानमा आधारित भएको कारण बाध्य परिवेशभन्दा आन्तरिक परिवेश बढी प्रवृत रूपमा प्रयोग भएको छ । बाह्य परिवेश धरान सुनसरी तमोर नदी धनकुटा र सुचनात्मक रूपमा पहाड आएको छ । रात्री समय, एकान्त आन्तरिक परिवेश अर्न्तगत 'म' पात्रका मनमा उत्पन्न छटपटी, कामातुर, मनमा डर, आवेग, ग्लानी आँट र साहस रहेका छन् । युवतीमा पनि लाज विवसता अलिनियन्त्रण युवामनलाई आकर्षण गर्ने आकर्षणकारी अङ्गप्रत्यङ्गा नारी सुलभगुण नम्रता, कोमलता र त्याग आन्तरिक परिवेशका रूपमा आएको छ । कथा मात्र एक रातको कालखण्डमा घटित घटनामा आधारित छ । कथाले पाठक मनमा सुषुप्त वासनातमक शक्तिलाई छ । कथाले पाठक मनमा रहेको सुषुप्त वासनात्मक शक्तिलाई उत्तेजित अवस्थामा पुऱ्याएर विश्रान्ति दिएको छ ।

### ४.३.६.६ दृष्टिविन्दु

प्रस्तुत कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा आधारित छ । कथावस्तु प्रस्तोता स्वयम् घटनाका प्रमुख कारक तत्त्व भएर प्रस्तुत भएका छन् । 'म' पात्र घटित घटनामा प्रमुख भूमिकामा आएका छन् । 'म' पात्रले आफूलाई केन्द्रमा राखेर आफ्नो र युवतीका मनमा उत्पन्न सबल यौनच्छा र यौन क्रियाको आत्मापरक वर्णन गरेका छन् । आन्तरिक दृष्टिविन्दुको छनोटले कथा बढी प्रभावकारी बन्न पुगेको छ ।

### ४.३.६.७ भाषाशैली

प्रस्तुत कथाका विषय वस्तु आत्मा वर्णनात्मक शैलीमा आधारित छ । विषय वस्तु बीचबाट उठेर बीचमै समाप्त भएको छ । भाषा प्रयोगका दृष्टिले कथा सफल रहेको छ । कथामा बढी स्तरीय नेपाली अलङ्कारयुक्त भाषाको प्रयोग भएको छ । जस्तै : मेरा भोकाएका आँखाहरू कैची भएर उसको वस्त्रलाई काटेर नग्न पार्न चाहन्थ्यो । 'अक्टोपस' ले आफ्ना शिकारलाई आफ्नो आठवटा लामा लामा हातहरू बेरेर आफूमा कसे भैंं (पृष्ठ २, ३) त्यसपछि केही रहँदैन । धरती रहँदैन । आकाश रहँदैन । (ऐ...पृ) कथामा उत्सुकतायुक्त भाषाको प्रयोग भएको छ । जस्तै : एउटी स्त्री र एउटा पुरूष यस विशाल धर्तीको वक्षमा एकाकार हुन्छन् ....। (पृष्ठ-३) नाथे, हुटेल, गुन जस्ता भाषिकाको शव्दहरूका प्रयोग भएको छ ।

## ४.३.७. 'अल्गिदै होचिदै बाटो हिँड्ने मान्छे' कथाको विश्लेषण

### ४.३.७.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक वाक्यात्मक संरचनामा आएको छ । यस कथामा बाटो हिड्ने मान्छेको क्रिया विश्लेषणलाई जनाइएको छ । एउटा अफिसमा काम गर्ने कर्मचारी आफूभन्दा माथिल्ला तहका कर्मचारी र तिनीहरूका जीवनशैली देख्दा आफुलाई हीनताबोध हुन्छ र आफूलाई साना होचा कुल्लीहरूलाई देख्दा सम्भन्दा आफूलाई उच्चता बोध हुन जान्छ त्यति बेला आफूलाई अग्लो ठूलो मान्छे जस्तो लाग्छ । यस कथाका पात्र यस्तै विविध तर्क वितर्क गर्दै आफ्नो घर अफिस धाउँछ । यसर्थ प्रस्तुत कथाको शीर्षक 'अलिगदै होचिदै बाटो हिड्ने मान्छे' विषय वस्तुका आधारमा सार्थक रहेको छ ।

### ४.३.७.२ कथानक

प्रस्तुत कथा 'ऊ' पात्रको दैनिक कर्तव्यबाट सुरु भएको छ । ऊ विहान अफिस जान्छ बेलुका घर फर्कन्छ । ऊ पात्रलाई आफ्नो जागिरको तलबबाट असुन्तुष्ट छ । किनभने उक्त तलबले आफ्नो घर व्यवहार चलाउन गाह्रो गाह्रो छ । ऊ आफ्नो जागिरले भव्य महल बनाउन चाहन्छ । छोराछोरीलाई उच्च शैक्षिक शिक्षा हासिल गराउन चाहन्छ तर त्यो सपना कल्पना भइरहेको छ । ऊ प्रत्येक दिनरात विहान आफ्ना विचारका कुलोहरू यता उता बनाउँछ । यहाँसम्मका घटनाहरू कथानकको चिनारी भाग हो ।

ऊ दिनभरि अफिस जान्छ अफिसमा हाकिमहरूको निर्देशनमा धेरै दिमागी कामहरू गर्छ । अफिसमा साहेवहरूलाई स्मार्ट सल्युट गर्छ अफिसको नियम अनुशासनमा रहन्छ । कहिले कहि साहेवहरूको कुराकानी, उनीहरूका हाउभाउ र जीवन स्तरले ऊ पात्रलाई काउकुती लाग्छ । बाटोमा अफिस आउँदा जाँदा अनेक कुराहरू मनमा सोच्छ हामी मान्छे भएर अनेक कर्तव्यहरूमा बन्धित हुनुपर्ने पशुपन्छी भइदिएको भए मान्छेभन्दा सय गुणा खुसी र सुखी रहने सोच्छ । बाटोमा

काम गर्ने कुल्लीहरूलाई हेर्छ उनीहरूका जीवनस्तरलाई सम्झन्छ त्यति बेला 'ऊ' पात्र आफूलाई ठूलो मान्छे सम्झन्छ यहाँ सम्मका घटनाहरू कथानकको सङ्घर्ष विकास हो । ऊ बाटो हिड्दा हिड्दै अनेक विचारहरू खेल्दा खेल्दा पात्रले अफसर पाण्डे सरको पार्टीलाई सम्झन्छ । पाण्डेका सबै छोराछोरीहरू एम.ए.सी. पास गरिसकेका छन् । ठूला ठूला गफ गर्छन घर घडेरी बनाउदा हेर्दा लोकालिटी र सोसाइटी हेर्नुपर्छ भन्छ । ऊ पात्र दङ्ग पर्छ त्यति बेला आफूलाई कछुवा सम्झन्छ । साह्रै होचा पातालमा भाँसिन आँटेको सम्झन्छ । ऊ आफूलाई दिनमा दुईपल्ट वर्षमा सातसय तीसपल्ट अग्लो र होचो सम्झन्छ । यहाँ कथानकले  चरमोगति प्राप्त गर्छ । ऊ आफ्नो बाटो हिडि रहन्छ अलिपर पुग्दा पालेले रामराम हजुर भन्छ उनीलाई क्वार्टरमा पुग्छ सानो बालक खेलिरहेको हुन्छ । उसलाई देख्न साथ बाबा भनेर छातीमा टाँसिन आउँछ त्यसबेला 'ऊ' पात्र आफूलाई त अग्लो त होचो ठीक पाँच फिट छ इन्चको सम्झन्छ यतिहुदाँ कथावस्तु टुङ्गिन्छ ।

### ४.३.७.३ चरित्र चित्रण

प्रस्तुत कथामा सीमित पात्र प्रयोग गरिएको छ । कथामा प्रयुक्त पात्र व्यक्तिवादी रहेको छ । कथाका प्रमुख पुरूष पात्र ऊ पात्र हो । ऊ एक सैनिक प्रशासनिक अफिसमा काम गर्छन । उसलाई आफ्नो पेशा र तलबबाट असन्तुष्ट छ । अफिसका अफिसरहरूका जीवनशैलीमा ईर्ष्या छ । आफू पनि अफिसरहरू जस्तै बन्न चाहन्छ । अफिसरहरूका तुलनामा आफूलाई प्रभावहीन व्यक्ति सम्झन्छ । कुल्लीहरूका तुलनामा आफूलाई प्रभावशाली व्यक्तित्व ठान्छ । ऊ विवाहित परिवारसहित व्यक्ति हो । आफ्नो सम्पूर्ण अफिसको बोझ पीडा बिसाउने रमाउने ठाउँ घर र परिवार सम्झन्छ । उसलाई जीवनमा केही गर्ने अफिसर जस्तै व्यक्तित्व बनाउने ठूलो धोको छ । उसमा जीवनमुखी प्रवृत्ति पाइन्छ । कथालाई पूर्णता दिन सहायक पात्र अफिसर पाण्डे जी र गौण पात्रहरूमा 'ऊ' पात्रका परिवार सदस्य र सडकका कुल्लीहरू आएका छन् ।

### ४.३.७.४ सारवस्तु

प्रस्तुत कथा मार्फत कथाकारले एक सामान्य जागिरेका विभिन्न मनोवृत्तिहरूको उद्घाटन गर्ने उद्देश्य राखेका छन् । ऊ पात्रमा उत्पन्न हीनताबोध ग्रन्थ, उच्चताबोध ग्रन्थी र जीवनमुखी प्रवृतिको चित्रण कथाकारले सफल रूपमा गरेका छन् । ऊ पात्रलाई अफिसका हाकिमहरूलाई देख्दा आफुलाई तुच्छ नालायक सम्झन्छ तर सडक बजारमा काम गर्ने कुल्लीहरूलाई देख्छ आफूलाई सर्वोच्च सम्झन्छ आफ्ना जीवनका अग्ला होचा विन्दु विसङ्गति सम्झन्छ तर जब ऊ घर फर्कन्छ तब आफ्ना श्रीमती र बाल बच्चालाई हेर्छ उसका दिनभरिका तनाव थकान हराउँछ । उसमा जीवनमा केही गर्ने आशा पलाउँछ । यसरी कथाकारले मानवीय जीवन दुःखद सुखद र मिश्रित खालको छ । आफूमा जे छ त्यसैमा सन्तुष्ट हुनु पर्छ भन्ने सारवस्तु प्रस्तुत गर्न खोजेका छन् ।

### ४.३.७.५ परिवेश

प्रस्तुत कथा 'ऊ' पात्रका मनोविश्लेषणमा आधारित भएको कारणले बाह्य परिवेश भन्दा आन्तरिक परिवेश सबल रूपमा आएको छ । बाह्य परिवेशमा घर, अफिस र अफिस जाँदा आउँदाका सडक रहेको छ । आन्तरिक परिवेशमा ऊ पात्रका मनमा उत्पन्न थकान, पीडा, हीनताबोध, उच्चबोध, जीवनमुखी प्रवृत्ति आएका छन् । ऊ पात्रका मनमा उच्चताबोध हीनताबोध ग्रन्थीका बीच द्वन्द्व भएको वातावरण छ । उसका मनमा उच्चताबोध ग्रन्थीको स्थापना गर्न चाहन्छ तर हीनताबोधले जित्न सकेको छ अन्तमा बाँच्नुपर्छ इज्जतसाथ भनेर ऊ

पात्र आफ्नो चित्त बुझाउँछ । यस कथाले पाठकहरूलाई विसङ्गत मनोवृत्तिको विकास गराएको छ ।

### ४.३.७.६ दृष्टिविन्दु

प्रस्तुत कथा बाह्य सीमित दृष्टिविन्दुमा आधारित छ । कथायिताले 'ऊ' पात्रका मनमा उत्पन्न मनोग्रन्थीहरूका बारेमा बताएका छन् । कथायिता घटना कार्यव्यापार भन्दा पर बसेर ऊ पात्रका दैनिक जीवनव्यवहार र उनका मानसिक तनावहरूका बारेमा मनोविश्लेषणात्मक वर्णन गरेका छन् । ऊ पात्र यस कथाका प्रमुख पात्र हुन् । उसैलाई केन्द्रमा राखेर कथायिताले कथावस्तुको विस्तार गरेका छन् । यसर्थ यस कथा बाह्य सीमित दृष्टिविन्दुमा आधारित छ ।

### ४.३.७.७ भाषाशैली

प्रस्तुत कथामा पात्रका कथाकारले मनोविश्लेषण गरेका हुँदा पात्रानुकुल भाषाको प्रयोग भएको छ । कथाका प्रमुख पात्र र सहायक पात्र शिक्षित छन् । उनीहरू अफिसका कर्मचारी हुन् । उनीहरूले बोल्ने भाषामा अङ्ग्रेजी भाषाका प्रयोग बढी भएको छ । आई एम भेरी सरी सर, इज दियर् एनी टक् फर् मी ? गुड मनिङ सर, हाउ आर यु लेट अगेन ? लोकालिटी र सोसाइटी जस्ता अङ्ग्रेजी वाक्यहरूको प्रयोग भएको छ । कतै सलक्कै, जुरुक्क, च्याप्प, लमकलमक, टुकुटुकु जस्ता अनुकरणात्मक शव्दहरूको पनि प्रयोग भएको छ ।

### ४.३.८ निष्कर्ष

जीतमान राईको दोस्रो कथा सङ्ग्रह तृषालु आत्मा बाँचिदिन्छ सधैँभरि (२०३३) मा पहिलो कथा सङ्ग्रहका तुलनामा यस कथा सङ्ग्रहका कथाहरुले बढी सार्वजनीन सत्यलाई बोकेका छन् । कथाहरुका विषय वस्तु मनोबैज्ञानिक, विसङ्गति र अस्तित्व वादी चिन्तनमा आधारित रहेका छन् । कथाका पात्रहरु विसङ्गति बीच अस्तित्वको खोजीमा बढी लागि परेका छन् । राईले कथानक ढाँचालाई बढी वृत्तकारीय बनाएका छन् । उनले कथा वस्तुलाई गतिशीलता प्रदान गर्न सहभागिता चयनमा विविधता ल्याएका छन् । उनले आन्तरिक दृष्टिबिन्दुमा कथाहरुलाई प्रस्तुत गरेका छन् । उनले कथामा स्तरीय भाषा प्रयोग गर्दै मानवीय जीवनका निस्सारता र शुन्यतालाई प्रस्तुत गरेका छन् ।

## ४.४ 'अँध्यारोतिर' कथा सङ्ग्रह

### ४.४.१ 'अँध्यारोतिर' कथाको विश्लेषण

### ४.४.१.१ शीर्षक

प्रस्तुत कथाको शीर्षक 'अँध्यारोतिर' भन्नाले शाव्दिक रूपमा दुर्गतितिर पछाडितिर कुगति तिर भन्ने बुझिन्छ । यस कथाकी 'म' पात्र आफ्नो जीवनलाई उज्यालोतिर प्रगतितर्फ लैजान चाहन्थी तर समाज र आफ्नो परिवारका कारण आफ्नो जीवन आफू सोचेभन्दा विलकुल पछाडि पर्न जान्छ अर्थात् अँध्यारोतिर पर्न जान्छ । यसरी यस कथाको शीर्षक विषय वस्तुका आधारमा शीर्षक सार्थक बनेको छ ।

### ४.४.१ २ कथानक

प्रस्तुत कथाकी 'म' पात्र कलेज पढ्दा कलेजका साथीसँग माया पिरती बस्नु तर घर परिवारले अस्वीकार गरी अर्का अर्कै जेष्ठ, धनी तर रोगी केटासँग विवाह गरी दिन्छ । म आफ्नी श्रीमानसँग सधैँ शारारिक असन्तुष्टि रहन्छे अन्तमा आफू पच्चीस वर्षको हुँदा श्रीमान्को मृत्यु हुन्छ र उनका सम्पूर्ण कामातृप्ति अपुरा रहन्छन् यहाँसम्मका घटनाहरूले कथानकले आदि भागको गति प्राप्त गर्छ । म पात्र श्रीमानको मृत्यु पश्चात शिक्षण पेशा अपनाउन चाहन्छ कि त गाउँमा गएर खेती पानी गर्न चाहन्छिन् । तर सासु ससुराको चाहना होटल चलाउने हुन्छ । अनि होटलमा सारा पिपक्कड मान्छेहरू आउने गर्छन् र एकजना पियक्कड केटा दिलीपको यौन कामवासनाका जालमा म पात्र फस्न जान्छे । उनीसँग शारीरिक सम्बन्ध राखी गर्भपतनसमेत दुईपटक गर्छे । दिलीपले छाडेपछि अमर भन्ने पहिलाको कलेजको साथीसँग सहवास गर्न थाल्छे म पात्रले यहाँ सम्मको घटना व्यापारले कथानकको मध्यभाग र चरमोत्कर्षको सङ्केत गर्छ । जब अमरसँग शारीरिक सम्बन्ध बढाउँछ तब 'म' पात्रले गर्भपतन गर्नुपर्ने हुन्छ गर्छ पनि धेरै रगत बग्छ शारीरिक कष्ट हुन्छ । यस्तो अवस्थामा विभिन्न देवीदेवताहरूको नाम कथावस्तुले अन्तिम गति प्राप्त गर्छ ।यसरी प्रस्तुत कथावस्तु समाजले परिवारले व्यक्तिमाथि हस्तक्षेप गर्दा व्यक्तिमनमा उत्पन्न कुण्ठा अतृप्त चाहनाले बिकराल रूप लिँदा विभिन्न मानसिक शारीरिक द्वन्द्व भएको छ यही नै कथावस्तुको स्रोत बनेको छ ।

### ४.४.१ .३ चरित्र चित्रण

प्रस्तुत कथामा प्रयुक्त सबै पात्रहरू सामाजिक र मानसिक तत्त्वहरूले ग्रसित कुण्ठित पात्रहरू रहेका छन् । कथामा अघिल्ला पुस्ता र पछिल्ला पुस्ता गरी दुई खालका पात्रहरू प्रयोग भएका छन् । अघिल्ला पुस्तामा म पात्रका परिवार र पछिल्ला पुस्तामा म पात्र र उनका पुस्ताका साथीहरू रहेका छन् । यहाँ प्रमुख रूपमा म पात्रको र अन्य पात्रहरूको चरित्र चित्रण गरिन्छ ।

'म' पात्र यस कथाकी प्रमुख नारी पात्र हुन् । उनी आफ्ना इच्छा विपरीत आफूले इच्छाएका केटासँग विवाह गर्न नपाई आमा बाबुले रोजेका केटासँग बाध्य भएकी विवस पात्र हुन् । विवाह पश्चात आफ्ना श्रीमानसँग यौन सन्तुष्टि नहुँदै श्रीमानको मृत्यु हुन्छ । उनका कामवासना तृप्ति हुन पाउँदैन उनी अन्य केटाहरूसँग लहसिन थाल्छे र विभिन्न केटाहरूको सम्पर्कमा गर्भवती भई गर्भपतन गराउँछे । पटक पटकको गर्भपतनले 'म' पात्र पनि मृत्युको मुख नजिक पुगेकी छे । उनी आफ्ना आमा बाबुद्वारा आफ्ना इच्छाहरू कुण्ठित पारिएपछि मानसिक विकृतिले ग्रस्त बनेकी छे । कथामा दिलीप पात्रको पनि सक्तिय भूमिका रहेको छ । ऊ केटी खेलाउन केटीहरूसँग यौन सम्पर्क राख्न सिपालु कामुक पात्र हुन् । उनले 'म' लाई पनि प्रत्यक्ष रूपमा शारीरिक सम्पर्क गरेको छ ।त्यसैगरी कथामा 'म' पात्रका आमाबाबु सासु ससुरा र अमरको पनि सहायक भूमिका रहेको छ ।

### ४.४.१.४ सारवस्तु

प्रस्तुत कथामार्फत कथाकारले मानवीय मनोलोकको राम्ररी चित्रण गर्ने कोशिस गरेका छन् । मानिसका इच्छा चाहनाहरू अतृप्त रहँदा त्यसले ग्रहण गर्ने विकराल पक्षहरूको चित्रण कथामा गरिएको छ । कथाकी 'म' पात्र आफूले चाहेकी प्रेमीसँग विवाह गर्न चाहन्छ तर उनका आमाबाबुले त्यो हुन दिदैन । उनका इच्छा त्यही कुण्ठित बन्न जान्छ । विवाह पश्चात पनि आफ्ना श्रीमानबाट इच्छाएका यौन सन्तुष्टि प्राप्त गर्न सक्दैनन् । उमेरमै श्रीमानको मृत्यु हुन्छ । त्यसपछि उनले परपुरूषसँग यौन सन्तुष्टि लिन थाल्छे । उनी गर्भधारण गर्दै गर्भपतन गराउँछे उनको

शारीरिक स्थितिमा समस्या उत्पन्न हुन थाल्छ । यसरी मानवीय इच्छा चाहना र आकाङ्क्षाहरूले सन्तुष्टि पाउनु पर्छ र होइन भने डरलाग्दो विकृति उत्पन्न गराउँछ जसले व्यक्ति, समाज र राष्ट्रलाई हित गर्दैन भन्ने सार कथामा प्रस्तुत भएको छ ।

### ४.४.१.५ परिवेश

प्रस्तुत कथा मनोवैज्ञानिक कथा भएको हुनाले कथाका परिवेश बाह्य भन्दा आन्तरिक परिवेश बढी प्रभावकारी बनेको छ । 'म' पात्रका मनमा उत्पन्न श्रीमान प्रतिको वितृष्णा, आफ्ना आमाबाबुको निर्णयप्रति विरोध श्रीमानको मृत्यु पश्चात परपुरूषसँगको यौन व्यापार यौन क्रियाकलापबाट उत्पन्न समस्याबाट सिर्जित समस्या पीडा यस कथाका आन्तरिक परिवेशका रूपमा रहेको छ । बाह्य परिवेशमा तत्कालीन समाज र सहरीया वातावरण आएको छ । कालिक रूपमा धनी गरीब बीचको वर्गभेद रहेको तत्कालीन सहरोन्मुख समाज रहेको छ । प्रस्तुत कथाले सहानुभूति, शृङ्गार, करूण, घृणा उत्सुकता जस्ता भाव उत्पन्न गर्न सकेको छ ।

### ४.४.१.६ दृष्टिविन्दु

प्रस्तुत आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा संरचित रहेको छ । कथायिताले 'म' पात्रका स्थानमा रहेर 'म' पात्रका यौन तृप्ति वासना र समाज आमाबाबु र आफ्नो श्रीमानप्रति उत्पन्न वितृष्णाहरूलाई प्रस्तुत गरेका छन् । 'म' पात्रलाई केन्द्रमा उनका अतृप्त यौन चाहना र चाहना तृप्तिका लागि उनले गरेका परपुरूषसँगको शारीरिक र सम्बन्धले निम्ताएका समस्या र पीडाहरूलाई प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत पूर्णरूपमा आन्तरिक दृष्टिविन्दुमा आधारित रहेको छ ।

### ४.४.१.७ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली आत्मा वृतान्तपरक वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ । कथाको भाषाशैली स्तरीय नेपाली भाषामा संरचित छ । कथामा अङ्ग्रेजी भाषाका शव्दहरूको प्रयोग भएको छ जस्तै स्केलटन होटल, रेजिस्ट, सेक्सी, मस्कुलर, हिप्नोटिस्ट र बिलडिङ साथै हे ! ईश्वर ....; म एउटी निर्वल नारी ...जस्ता क्रियाविहीन वाक्यहरू कथा अधिक मात्रामा प्रयोग गरिएको छ ।

## ४.४.२ 'सुष्मा र मेरो संसार' कथाको विश्लेषण

### ४.४.२.१ शीर्षक

प्रस्तुत कथाको 'सुष्मा र मेरो संसार' बाबु छोरीको कथावस्तुमा आधारित रहेको छ । कथा सुष्मा छोरी पात्र उनी बालपात्र हुन् । उनमा बालजिज्ञासा रहेको छ । 'म' पात्र बाबुले पनि बालमनोविज्ञान बुझेर छोरीलाई व्यवहार गरेको छ । सुष्मा सधैँभरि बाबाका साथ पाउन अनेक आश्चर्यजनक प्रश्न गर्छे । म पात्रलाई वाक्कदिक्क बनाउँछ तर पनि रमाइलो गरी उनीहरूका दिन बितिरहेको छ । यसरी यस कथाका शीर्षक विषय वस्तुका आधारमा सार्थक बनेको छ ।

### ४.४.२.२ कथानक

प्रस्तुत कथा झिनो बाल मनोविज्ञानका विषयका आधारित रहेको छ । सानी बालिकाका उत्सुकता र बाबुको सचेततापूर्ण उत्तरमा कथा संरचित भएको छ । यस कथा झिनो कथावस्तुमा

आधारित भएको कारण स्पष्ट कथानकको गति पाउन सकिदैन । प्रयोग वादी कथाका स्तरमा पर्ने यो कथा झिनो कथानकको संरचना पाइन्छ ।

'म' पात्र बाबु भएका कारण बढी काममा जानु, फुर्सदको समयमा आफू घरमा बसी श्रीमतीलाई बाहिर हाट बजार पठाउनु, सानी छोरी पनि आमासँगै जान खोज्नु बाबुले अनेक बहाना बनाई छोरीलाई सँगै बस्ने खुसी बनाउनु छोरीले दिनभरि अनेक प्रश्न गर्नु, बाबुले छोरीको मनोविज्ञान बुझेर उत्तर दिनु, केही दिन पछि छोरी लगातार हप्तादिन बिरामी पर्नु बाबुले अनेक औषधी उपचार गरेर निको पार्नु निको भएपछि पनि छोरीले बारम्बार जिज्ञासु भावले प्रश्न गरिरहनु । कहिले काही बाबु रिसाएर बोल्न मन नगर्नु कहिले काही अनेक बहाना बनाउँदै गीत गाएर भुलाउदा कथा समाप्त हुन्छ । यसरी अति चञ्चल जिज्ञासु सुषमा बाबालाई अनेक प्रश्न गर्दै दिक्क लगाउनु र बिरामी पर्नु सम्मको घटना कथानकको आदि भाग हो । बिरामी सुष्मा निको भएपछि बाबुलाई विविध प्रश्न गरिरहनु दिनभरि कामको थकानबाट घर आउँदा पनि छोरीले दिक्क लाइ रहनु कथानकको मध्य भाग हो । कामबाट थाकेर आए पनि छोरीलाई गीत कविता भनेर भुलाउनु र कथा सकिनु कथानकको अन्त्य भाग हो ।

### ४.४.२.३ चरित्र चित्रण

प्रस्तुत कथामा मुख्य भूमिकामा सुष्मा र उनकी बाबु आएका छन् । कथामा सीमित पात्र प्रयोग गरिएको छ । कथामा बाबु छोरीको मात्र प्रमुख भूमिका रहेकोले दुई पात्रहरूका मात्र चरित्र चित्रण गरिन्छ । सुष्मा यस कथाकी प्रमुख बालपात्र हुन् । उनी ज्यादै जिज्ञासु बाल स्वभावकी छिन् । उनका जिज्ञासु स्वभावलाई हेरी उनकी बुबाले भविष्यमा ठूली मान्छे बन्ने आशा गरेको छ । उनी हरेक तथ्यमा कारण खोजिन्छन् । उनी अबोध बालिका छे । आमाबाबुको समस्या जान्दिन आफूलाई हरेक चित्त बुझ्दो उत्तर पाए खुसी हुन्छे । उनमा बाबाप्रति आकर्षित हुने पितृरति ग्रन्थी बनी सक्रिय भएको छ । 'म' पात्र यस कथाको प्रमुख पुरूष पात्र हो । उनी आफ्नी छोरी ज्यादै माया गर्छ । छोराका हरेक समस्याहरूलाई बुझेर त्यसको मनोवैज्ञानिक समाधान खोज्ने जिम्मेवार बुबा हुन् । ऊ सधैं छोरीप्रति उत्तरदायी छ । छोरीलाई कहिले गीत गाएर कहिले कविता भनेर भुलाउने कला उनमा रहेको छ । यसरी कथामा प्रयुक्त पात्रहरू व्यक्तिगत रहेका छन् । पात्र प्रयोगका दृष्टिले कथा उपयुक्त रहेको छ ।

### ४.४.२.४ सारवस्तु

प्रस्तुत कथामार्फत कथाकारले बालमनोविज्ञानको विषयलाई बाल स्वभाव उत्सुकता बालचरित्रलाई उद्घटन गर्दै बाल जिज्ञासाका समाधानका उपायहरूलाई कथामा प्रस्तुत गर्ने उद्देश्य राखेका छन् । बालबच्चाहरू बिना तर्क बिना तथ्य प्रश्नहरू गर्छन् जिज्ञासाहरूका मनोवैज्ञानिक उत्तर दिनुपर्छ । उनीहरूका जिज्ञासाहरूलाई कहिल्यै पनि दमन गर्नुहुँदैन । उनीहरूलाई सिर्जनात्मक तर्फ दोहऱ्याउनुपर्छ भन्ने सार कथामा प्रस्तुत गरिएको छ ।

### ४.४.२.५ परिवेश

प्रस्तुत कथा बालमनोवैज्ञानिक विषयमा आधारित कथा भएकोले कथामा आन्तरिक परिवेशको बढी प्रयोग भएको छ । बालपात्रका मनमा उत्पन्न प्राकृतिक जिज्ञासा 'म' पात्रलाई सुष्माका जिज्ञासा मेटाउन परेको मनोवैज्ञानिक समस्याको परिवेश कथामा प्रभावकारी रूपमा आएको छ । बाह्य परिवेश सुनसरीको धरान बजार, सडक र 'म' पात्रको घर आएको छ । कालिक

रूपमा सुष्मा सानी हुँदाको समय धरान बजार नगरोन्मुख अवस्थामा प्रवेश गर्दै गरेको समय रहेको छ । धरानमा यातयात, सञ्चार स्वास्थ्यको पूर्वाधार विकास भइरहेको समय छ । यस कथाले पाठक मनमा कुतुहलता, ईर्ष्या, डर, जस्ता भावहरू उत्पन्न गराएको छ ।

#### ४.४.२.६ दृष्टिविन्दु

प्रस्तुत कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा संरचित रहेको छ । कथायिताले 'म' को स्थानमा रहेर सुषमा उनी पात्रलाई केन्द्रमा राखेर उनका बारेमा कथावस्तु भनेका छन् । कार्य व्यापारमा 'म' प्रमुख भूमिका चाहिँ बालपत्र सुष्मा रहेकी छे । 'म' पात्र जहिले पनि सुष्माकी घटनाका कार्यकलाप सँगसँगै आएका छन् । सुष्माका कार्यकलापका वर्णन गरिरहेका छन् । यसरी यस कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा संरचित रहेको छ ।

#### ४.४.२.७ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली वर्णनात्मक शैलीमा संरचित छ । कथाको भाषा वर्णनमा बढी आधारित र कम संवादको प्रयोग गरिएको छ । कथामा अङ्ग्रेजी हिन्दी शव्दहरूको पनि प्रयोग गरिएको छ । कथामा गीत कविताहरूको प्रयोग गरिएको हुनाले कथा सरस सरल बन्न पुगेको छ । कथामा इलस्ट्रेटेड पिक्ली, फिल्म, पेपर, स्टार एण्ड स्टाइल, पजल्डल, आइ.ए. वीए. एम.ए, र क्रियाविहीन शव्द तथा वाक्यहरूका प्रयोग गरिएको छ ।

### ४.४.३ निष्कर्ष

जीतमान राईद्वारा रचित तेस्रो कथा सङ्ग्रह अँध्यारोतिर (२०५७) मृत्युपर्यन्त प्रकाशित कथा सङ्ग्रह हो । यस कथा सङ्ग्रहभित्रका कथाहरु पूर्णरूपमा व्यत्ति मनका कुण्ठा उच्चताबोध र हीनता बोधका साथै बाल मनोविज्ञानका चित्रणमा आधारित रहेका छन् । उनका कथाहरु वृताकारीय कथानक ढाँचामा रचिएका छन् । उनका कथाका पात्रहरु बढी अन्य कथाहरुका तुलनामा शिक्षित पनि रहेका छन् । उनका पात्रहरु समाजका आर्दश संस्कारले थिचिएका छन् । समाजका परम्परागत मान्यताहरुप्रति पूर्ण रूपमा विद्रोही बन्न सकेका छैनन् । उनका कथाहरुमा पात्रहरुका कार्यपीठिका बढी व्यक्ति मनोलोक रहेको छ भने आंशिक रूपमा बाह्य परिवेश पनि रहेको छ । कथाहरुका दृष्टिबिन्दु आन्तरिक दृष्टिबिन्दुमा संरचित रहेको छ भने भाषा प्रयोगमा स्तरीयता पाउन सकिन्छ ।

## ४.५ 'ओ काठमाण्डु ' कविता सङ्ग्रहको विश्लेषण

### ४.५.१ 'ओ काठमाण्डु' कविताको विश्लेषण

जीतमान राईको 'ओ काठमाण्डु' प्रथम फूटकर कविता हो । यस कवितामा कविले काठमाण्डौंली परिवेशको चित्रण द्वारा नागर सभ्यताको विकृति, विसङ्गति र कृतिमताप्रति वितृष्णा व्यक्त गरेका छन् । काठमाण्डौं विकृत र विसङ्गतिग्रस्त बन्नमा विदेशीहरूको ठूलो हात रहेको तथ्यलाई पनि कविले आफ्नो कविता मार्फत प्रस्तुत गरेका छन् ।

यस कवितामा कविले पहिलेको काठमाडौ र अहिलेको काठमाडौ बिच तुलना गरेका छन् । पहिलेको काठमाडौ स्वस्थ निस्वार्थ सोझा ज्यापुहरूको मातृभूमि थियो तर आज काठमाडौ षड्यन्त्रकारी, अहिंसा अधर्म गर्नेहरूको सहर बनेको छ भन्ने कविको भनाइ रहेको छ । आजको

काठमाडौ रात ढल्न थाले पछि बिजुली बत्तीको चम्काइमा दोहोरी डान्स बारहरू बल्न थाल्छ । विभिन्न विदेशी उत्तर सुगन्धहरू सुगन्धका नाममा दुर्धन्धित बन्न जान्छ । वियर, भोड्का र रमहरूले मानिसले तिर्खा मेट्न थाल्छ । यहाँका मान्छेहरूले मठमन्दिरहरूलाई बिर्सन थाल्छन् । आफूलाई आस्थाविहीन यन्त्र बनाउँछन् । भन्ने भनाइ कविको रहेको छ । काठमाडौ सहर दिनानुदिन निर्दयी बन्दै गएको र यहाँ भगवान मान्न खोज्नेहरूलाई काठमाडौ सङ्ग्रहालय बन्दै गएकोमा कवि चिन्तित बन्न पुगेका छन् । जे जस्तो भए पनि काठमाडौ मातृभूमि नेपालको राजधानी हो यसलाई कृतिमता भन्दा मौलिकता तर्फ लैजानु पर्ने मत कविको छ ।

यस कविता प्रश्नात्मक शैलीमा तेइस अनुच्छेदमा संरचित रहेको छ । यसमा स्तुपमा, स्यम्भु, ज्यापु लामखुट्टे उपियाँ खर्पन जस्ता विम्ब प्रतीकहरूको प्रयोग भएको छ । यसरी कविले आफ्नो मातृभूमि नेपालको राजधानी काठमाडौ दिनानु दिन विकृत बन्दै गएकोमा चिन्ता र नागर सभ्यताप्रति वितृष्णा जनाएका छन् ।

### ४.५.२ 'थ्राइस वेलकम' कविताको विश्लेषण

राईको थाइस वेलकम कविता 'ओ काठमाडु' कविता सङ्ग्रहमा सङ्ग्रहीत कविता हो । यस कविता स्वछन्दतावादी भावधारामा आधारित रहेको छ । खास गरी वसन्त ऋतुको वर्णनमा वसन्त ऋतुलाई मानवीकरण गरिएको छ ।

यस कवितामा वसन्त ऋतुको सुन्दरतालाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । वसन्त ऋतुको आगमनसँगै हेमन्त र शिशिरका चिसो, निर्दयी र कठोरताको अन्त्य भई हरेक नयाँ इच्छा र योजनाहरूको विकास हुन्छ भन्ने भनाई कविले प्रस्तुत गरेका छन् । कविले चराचुरूङ्गीहरूको भाका फेराई, लालीगुराँसहरूको ढकमक्क फुलाई आदि कुराहरूले जीवनलाई रमाइलो क्षणमा पुऱ्याउँछ भनेका छन् । जसरी मानव जीवनमा पनि संधैभरि दुःख मात्र रहदैन सुख पनि आउँछ त्यसरी प्रकृतिमा हेमन्त शिशिर, शरद, वसन्त जस्ता ऋतु चक्रहरू परिवर्तन भइरहन्छ भन्ने जीवन वादी आशा वादी सार कवितामा पाइन्छ । प्रस्तुत कविता छ अनुच्छेदमा तृतीय पुरूष दृष्टिविन्दुमा संरचित रहेको छ । यस कवितामा कविले जीवनप्रति आशा वादी रहन आह्वान गरेका छन् ।

### ४.५.३ 'ओ घोडेटार' कविताको विश्लेषण

प्रस्तुत कविता कविले घोडेटार भन्ने स्थानलाई मुख्य विषय वस्तु बनाएर कविता सिर्जना गरेका छन् । कविता पूर्णरूपमा घोडेटारको प्राकृतिक सुन्दरताको वर्णनमा केन्द्रित बनेको छ ।कविले घोडेटारलाई जीवनदाताका रूपमा शिक्षक र पाठशालाको रूपमा सम्बोधन गरेका छन् । कवि घोडेटारलाई सपना भूमिको रूपमा र यसप्रति अतुलनीय माया व्यक्त पोखेका छन् । घोडेटारको सुन्दरतालाई हेर्दा यहाँका घाँसे चउरहरूलाई कार्पेट बिछ्याएको कल्पना गरेका छन् । यहाँका सुन्दरताले दुःखलाई हरण गर्न सक्छ भनेका छन् । यस कविता लामा छोटा गरी तेह्र अनुच्छेदमा संरचित रहेको छ । हरेक अनुच्छेदका अन्तिम हे सङ्गमचुली भनी सम्बोधन गरिएको छ । यस कवितामा कविको घोडेटारप्रति अविस्मरणीय क्षण व्यक्त भएको छ ।

### ४.५.४ 'आइ लस्ट माइ स्वीट लभ इन द माउन्टेन' कविताको विश्लेषण

प्रस्तुत कविता काल्पनिकतामा आधारित रहेको छ । कविले आफ्ना प्रेमिकालाई पहाडका प्राकृतिक सुन्दरतामा गुमाएका विषयलाई कविता बनाएका छन् । कविले कवितामा आफ्ना प्रेमिकालाई गुराँसका फूलहरूमा, कटहरका फूलहरूमा खोजेका छन् । पहाडी हरिया घाँस

चउरहरूमा चम्पा र चमेली बोटहरूमा आफ्ना प्रेमीकालाई खोजेका छन् । यसरी कविले प्राकृतिक सुन्दरतालाई मानवीकरण गरेका छन् । प्राकृतिक सुन्दरतालाई राम्री युवतीका रूपमा चित्रण गरेका छन् । यस कवितामा उपमा रूपक अलङ्कारहरूका प्रयोग गरिएको छ । हरेक अनुच्छेदका अन्तिममा पटक पटक आइ लस्ट माइ स्वीट लभ भनेर अनुच्छेद टुङ्ग्याएका छन् । यसरी कविले प्रकृतिका सुन्दरताप्रति अगाध माया व्यक्त गरेका छन् र प्रकृतिलाई एक सुन्दरी युवतीका उपमा दिएका छन् ।

### ४.५.५ 'मेटामोरफोसिस' कविताको विश्लेषण

प्रस्तुत कविता प्राकृतिक सुन्दरताको वर्णनमा आधारित रहेको छ । कविले सफा आकाश, कालो पहाड, चाँदी जस्तो जुनलाई सीपयुक्त हातहरूले रङ्गाइएको भनी चित्रण गरेका छन् । कविले जीवन र आत्मालाई केन्द्रमा राखेर कविताको सिर्जना गरेका छन् । प्रस्तुत कवितामा प्राकृतिक सुन्दरताले भरिपूर्ण परिवेश षड्यन्त्र, लडाइ, दुस्मनी द्वैष, इर्ष्या, धनी र गरिबको द्वन्द्वले मानवीय जीवन र आत्मा अर्थहीन बन्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । भौतिक विलासीका साधन क्षणिक भए पनि मानिसहरू यसको प्राप्तिमा लिप्त भएका छन् । यी कुराहरूले मानवीय जीवनलाई आशा र निराशाको खाडलमा पुऱ्याउँछ भन्ने सार कथामा प्रस्तुत भएको छ । कथामा शव्दालङ्कार तथा अर्थालङ्कार प्रयोग गरिएको छ ।् यसर्थ प्रकृतिले मान्छेलाई केही गर्ने वातावरण सिर्जना गर्छ तर मान्छे प्रकृतिको विनाशमा लाग्दै भौतिक विलासीको प्राप्तिमा उन्मुख रहेको छ ।

### ४.५.६ 'द रोड टु ग्लोरी लिड्स बट टु द ग्रेप' कविताको विश्लेषण

प्रस्तुत कविता कविको बाल्यकालको सम्झनामा आधारित रहेको छ । कविको बाल्यकाल सुन्दर, पापरहित सफा मनको थियो तर उमेर जति जति बढ्दै गयो जीवन उति उति निस्सार अर्थहीन बन्दै गएको भावलाई कवि कवितामा व्यक्त गर्दछन् । यस कविता मार्फत कविले आफ्नो अतीतप्रतिको मोह व्यक्त गर्दै बालककालमा हरेक क्षितिजलाई स्पर्श गर्ने चाहना थियो । तर उमेर बढ्दै जाँदा त्यस उद्देश्य प्राप्तिका लागि अगाडि बढ्दा आफ्नो चेतना गुमेको त्यो पनि सपना प्राप्तिको झगडामा भन्ने कथ्य यस कविताको रहेको छ । यस कवितामा रोड, बालक चिहान जस्ता वस्तुहरू प्रतीकका रूपमा आएका छन् । कविता लामा छोटा गरी पाँच अनुच्छेदमा संरचित रहेको छ ।

### ४.५.७ 'द वाइल्ड पलावर' कविताको विश्लेषण

प्रस्तुत कविता जीतमान राईको व्यङ्ग्यमा आधारित कविता हो । सुन्दरता हेर्दा जति सुन्दर हुन्छ, फूलजति सुन्दर हुन्छ । त्यसको सुगन्ध पाउन र त्यसलाई टिप्न त्यति नै घातक हुन्छ भन्ने सार कवितामा रहेको छ ।यस कवितामा जङ्गली फूल भन्नाले असभ्य वृति क्रुर निर्दयी पशुवत व्यवहार भएका मानिसहरूलाई भनिएको छ । क्रुर निर्दयी व्यवहार भएका मानिसहरू बाहिर हेर्दा जति सुन्दर हुन्छन् उनीहरूमा मोहित पार्ने थोरै हुन्छ तर उनीहरूले अरूलाई पनि सहजै विगार्न सक्छ भन्ने तथ्य कवितामा रहेको छ । जङ्गली फूलका वास्ना जति सुन्दर हुन्छ त्यति नै हाम्रो मन मुटुलाई विगार्ने खालका पनि हुन्छ यसले हाम्रो मगज शरीर र आत्मालाई विगार्छ चोट पुऱ्याउँछ भन्ने तथ्य कवितामा रहेको छ । यस कविता प्रथम पुरूष दृष्टिविन्दुमा चार अनुच्छेदमा संरचित रहेको छ । यहाँ जङ्गली फूल भन्नाले मानवीय हित विपरीत गुण भएका मान्छेहरूलाई भनिएको छ । कविताको शीर्षक नै लाक्षणिक रहेको छ ।

### ४.५.८ 'माइ हर्ट इज स्टील बिल्डिङ' कविताको विश्लेषण

प्रस्तुत कविता प्रेम विषयक भावमा सिर्जिएको छ । यसमा प्रेमिकाको सुन्दरताको वर्णन गरिएको छ ।जब प्रेमीले आफ्नो प्रेमिकालाई प्रथम पल्ट देख्छ उनका गुलाबी ओठ, स्याउ जस्ता गाला नरम र न्यानो स्पर्शले अविस्मरणीय क्षणमा पुऱ्याउँछ आफ्ना लाज र निर्देषिताहरू हराएर उत्तेजित शृङगार रसमा परिणत हुन जान्छ । यो क्षण कविलाई पटक पटक लामोसम्म सम्झना आइरहन्छ । आफ्नो प्रेमिकाको याद आउँदा आफ्नो मुटुमा नै चोट पुगी रक्ताम्य भएको हुन्छ । यसरी यस कविता शृङ्गारिक भावमा आधारित रहेको छ । तृतीय पुरूष दृष्टिविन्दुमा पाँच अनुच्छेदमा संरचित रहेको छ ।

### ४.५ ९ 'प्लीज डन्ट किस द वाइल्ड पलावर' कविताको विश्लेषण

प्रस्तुत कविता सन्देशमूलक भावमा आधारित रहेको छ । कवितामा कृत्रिमताप्रति सचेत रहन आह्वान गरिएको छ । यस कवितामा कविले जङ्गली फूल भनेर सहरका कृत्रिमता गुण युक्त सहरीया सुन्दरीलाई भनेका छन् । सहरीया युवतीहरू हेर्दा जति सुन्दरी देखिन्छन् । उनीहरू त्यति नै विषाक्त, शृङ्खलाविहीन मादक र मानव सफा मनलाई विक्षिप्त बनाउने खालका हुन्छन भन्ने भाव कवितामा रहेको छ । जङ्गली फूलहरूको संसर्गले मानवता र मौलिकताको हत्या हुन्छ । यसरी कविले कृत्रिम सहरीया परिवेशप्रति घृणा, भौतिक सुख सुविधाबाट विमुख रहन र प्राकृतिक सुन्दरताको अनुकरण गर्न कविता मार्फत सन्देश सम्प्रेषण गरेका छन् । कविता लामा छोटा गरी सात अनुच्छेदमा संरचित रहेको छ ।

### ४.५.१० 'द भ्वाइस' कविताको विश्लेषण

प्रस्तुत कवितामा ग्रामीण भेगका दुर्गम बस्तीहरूमा बसोबास गरिरहेका गरिबहरूका आवाजहरू पनि बुलन्द हुनुपर्छ भन्ने प्रगतिशील चेतनामा आधारित रहेको छ । यस कवितामा नेपालका हिमाल, पहाड र तराई क्षेत्रका गरिब दु:खीहरूका हजारौं दु:खहरूलाई कविले सुनेका छन् । यी आवाजहरूले कवि मर्माहत भएका छन् । यी कुण्ठित दमित शोषित आवाजहरूप्रति कवि सहानुभूति व्यक्त गर्दछन् । यी शोषित पीडित आवाजहरूलाई चेतनशील वर्गले सुनिदिनु पर्ने उनीहरूका आवाजलाई बोलीदिनु मानवता वादी स्वर कवितामा मुखरित भएको छ । नेपालका विकट ग्रामीण भेगहरूमा गरिबी र अशिक्षा तत्त्वहरू रक माउन्टेन जस्तै वर्षौ वर्षदेखि अटल भएर बसिरहेको छ । यस्ता तत्त्वहरूलाई हटाउन पर्ने यिनीहरूको समाधान गर्नुपर्ने प्रगतिशील भाव कवितामा पाइन्छ । यसरी यस कवितामा मान्छेले गरिबी र अशिक्षाको बन्धनबाट छुट हुन मान्छेले सहयोग गर्नुपर्ने सारलाई कविताले प्रस्ट्याएको छ । प्रथम पुरूषीय दृष्टिविन्दुमा लामा छोटा सात अनुच्छेदमा संरचित रहेको छ ।

### ४.५.११ 'द म्यान्सन' कविताको विश्लेषण

प्रस्तुत कविता द म्यान्सन यी भनाइहरू कविको सामन्ती ठूलावडा शक्ति सम्पन्न शासकहरूप्रतिको व्यवहार माथिको आक्रोश र व्यङ्ग्यमा आधारित रहेको छ ।यस कवितामा खास गरी वंश विशेषले देशको सार्वजनिक सम्पतिमा वर्चस्व कायम गरी सम्पति दुरूपयोग गर्छ । यसको मतलव कविले मुख्य राजतन्त्र र राजतन्त्र पोषकप्रति वितृष्णा व्यक्त गरेका छन् । शक्ति र सत्तामा रहनेहरू गरिब जनताहरूको उदार गर्न छाडेर सार्वजनिक सम्पतिको दुरूपयोग गर्दै ठूला ठूला विलासीका भवन बनाउने सालिक मुर्ति बनाउने र जसको शक्ति उसको भक्ति भन्ने अनि

शक्तिको भरमा समयलाई आफ्नो बनाउने विपरीत कार्यप्रति कवि आक्रोश व्यक्त गर्दछन् । यसरी यी भनाइहरू सामन्ती विलासी प्रवृतिमा लिप्त वर्गहरूलाई व्यङ्ग्यका रूपमा आधारित रहेको छ । यस कविता प्रथम पुरूषीय दृष्टिविन्दु र बाह्र अनुच्छेदमा संरचित रहेको छ ।

### ४.५.१२ 'अ वडर्स टु साउथ अफ्रिकन ब्रोदर' कविताको विश्लेषण

प्रस्तुत कविता अ वर्ड टु साउथ अफ्रिकन ब्रोदर दक्षिण अफ्रिकामा गोरा जातिका मान्छेले काला जातिहरूलाई रङ्गका आधारमा गरिएको रङ्गभेदमा आधारित रहेको छ । यहाँ गोराहरूले कालाहरूमाथि गरिएका शोषण, दमन र अन्याय अत्याचारको विषयमा कविले आक्रोश व्यक्त गर्दै कालाहरूलाई आफ्ना हक अधिकारका बारेमा सचेत हुन सन्देश दिन खोजेका छन् ।यस कविता मार्फत कविले गोराहरूले काला जातिहरूमाथिको शोषण दमनमाथि आपति जनाउँदै काला जातिहरूलाई दासताबाट मुक्ति हुन आह्वान गरेका छन् । आफ्नो पूर्खा, मातृभूमि, ऐतिहासिक र प्राकृतिक तत्त्वको संरक्षणका लागि अनि आफ्नो स्पष्ट पहिचानका लागि जागरूक चेतनशील भई आन्दोलित बन्न उर्जाशील रहन उत्साहित भाव काला दाजुभाइहरूलाई कविले दिएका छन् । मान्छे भएपछि मान्छेले मान्छेलाई रङ्गका आधारमा भेदभाव गर्नु हुदैन । काला गोरा भनेका प्राकृतिक गुण हो । काला र गोराका निहुँमा गोराले कालालाई भेदभाव राख्नु मानवीय धर्म विपरीत व्यवहार हो यसर्थ कविले जातीय समानताका वकालत कविता गरेका छन् । हरेक जातिले आफ्नो जाति धर्म, मातृभूमि संस्कृति, ऐतिहासिकता र न्यायका लागि सङ्घर्षशील बन्नु पर्छ । यो मानवीय धर्म हो । त्यसैले कविले काला जातिहरूलाई क्रान्तिकारी बन्न प्रगतिशील विचार व्यक्त गरेका छन् । यस कविता तृतीय पुरूष दृष्टिविन्दुमा नौ अनुच्छेदमा सम्बोधनात्मक शैलीमा संरचित रहेको छ । सरलभाषामा अफ्रिकाली जनताहरूले आफ्ना जातीय दासत्वबाट मुक्त रहन सङ्घर्षशील बन्न आग्रह गर्नु यस कविताको निष्कर्ष हो ।

### ४.५.१३ निष्कर्ष

जीतमान राईद्वारा रचित अंग्रेजी कविता सङ्ग्रह 'ओ काठमाण्डु' (२०४८) स्वच्छन्दता वादी भाव धारामा केन्द्रित कविता सङ्ग्रह हो । यस सङ्ग्रहका कविताहरुमा नागर सभ्यताको विकृति, विसङ्गति र कृतिमताप्रति वितृष्णा व्यक्त गरिएको छ । कविले ग्रामीण जीवन र क्षेत्रका सरल जीवन अनि प्राकृतिक सुन्दरताको वर्णन गर्दै त्यहाँका सुन्दरतामा हराएको कुरालाई कवितामा वर्णन गरेका छन् । उनले शिष्ट र आलाङ्कारिक भाषामा काल्पनिक भावुकतामा हराएर उपमा द्वारा नेपाली ग्रामीण समाजलाई चित्रण गरेका छन् । उनले कतिपय कविताहरुमा प्रणय प्रेमका विषयलाई पनि स्थान दिएका छन् । उनले 'द भ्वाइस', 'द म्यानसन' र 'अ वर्डस टु अफ्रिकन ब्रोदर' कविता मार्फत विद्रोही प्रगतिशील विचार व्यक्त गरेका छन् । कविले कवितामा बढी उपमा र रूपक अलङ्कारको प्रयोग गरेका छन् ।

## पाँचौं परिच्छेद

## शोध निष्कर्ष

### ५.१ जीतमान राईको जीवनी व्यक्तित्व र कृतित्वको सारांश

जीतमान राई ( वि.सं.१९८७-२०४७) दश वर्षको कलिलो उमेरमा भर्ती भई पल्टनमा प्राप्त शैक्षिक वातावरणको उपयोग गर्दै उच्च शिक्षातर्फ अग्रसर भए । उनले यही परिणामस्वरूप विभिन्न साहित्यिक चिन्तनसँग परिचित हुँदै वि. सं. २०२४ बाट आफ्नो साहित्यिक यात्रालाई सार्वजनिक रूप दिएका छन् । उनको यस पछि वि. सं.२०३३ मा 'तृषालु आत्मा बाँचिदिन्छ सधैभरि' कथा सङ्ग्रह, वि. सं. २०४८ सालमा 'ओ काठमाण्डु' कविता सङ्ग्रह र मृत्युपर्यन्त 'अँध्यारोतिर' कथा सङ्ग्रह २०५७ प्रकाशित भएका छन् । जीतमानको राईको प्रकाशित कथा र कविताहरु अध्ययन गर्दा उनका कृतिहरु विभिन्न वाद र दर्शनबाट प्रभावित हुन पुगेको देखिन्छ । उनका साहित्यिक कृतिहरु विशेष गरी सामाजिक यथार्थ वाद मनोवैज्ञानिक, विसङ्गति वाद आयमिक लेखन र स्वच्छन्दता वादबाट प्रभावित रहेको छ । यसर्थ उनलाई सामाजिक, मनोवैज्ञानिक, विसङ्गति वादी र स्वच्छन्दता वादी साहित्यकार भन्न सकिन्छ ।

### ५.२ जीतमान राईको जीवनी, व्यक्तित्व र कृतित्वको निष्कर्ष

जीतमान राईको जन्म पाकिस्तानको क्वेटा भन्ने ठाउँमा भएको थियो । बुबा लाहुरे भएको कारण, राई पनि दश वर्षको उमेरमा नै 'ब्वाइ भर्ती भई बत्तिस वर्षसम्म सैनिक जीवन बिताएका सैनिक नोकरीसँगै अङ्ग्रेजी विषयमा स्नातकसम्मको अध्ययन पुरा गरेका थिए । नेपाली साहित्य क्षेत्रमा सीमित समयमात्रै संलग्न रहे पनि साहित्यका कथा, कविता र संस्मरण विधामा सफलतापूर्वक कलम चलाउने बहुमुखी प्रतिभा धनी हुन् । उनीद्वारा लिखित विधागत कृतिहरूमा नेपाली समाज, प्रवासी नेपालीहरूका, लाहुरे जीवनका युद्ध, हत्या, हिँसा पल्टनमा रहँदा बस्दा सैनिकहरूले भोग्नु परेका पीडादायी विषय वस्तुहरूलाई चित्रण गरिएको छ । उनका समग्र कृतिहरूको अध्ययनबाट तत्कालीन समयमा नेपाली जनताहरूका गरिबी र अशिक्षाका कारण भारतका विभिन्न स्थानहरूमा कुल्ली गर्न जानु पर्ने बाध्यता र इन्डिया तथा ब्रिटिस सेनामा भर्ती जाने प्रथाको चित्रण गरिएको छ । नेपाली युवकहरूले आफ्नो बल वैशलाई ब्रिटिस सरकारको भाडाको सिपाहीमा बेचिनु परेको तीतो यथार्थलाई उनका कथाहरूमा बढीमात्रमा विषय बनाइएको छ । उनका कृतिगत पात्रहरू ग्रामीण भेगका गरिब अशिक्षित र भारतीय धनाढ्य सम्पतिवाला पात्रहरू पनि रहेका छन् । उनका कृतिमा प्रयुक्त पात्रहरूले प्रवासको परिवेश अनुकुल र ग्रामीण क्षेत्र नै सम्वाद, जीवन भोगाइका सजीव चित्रण गर्नुका साथै ब्रिटिस, जापानी, भारतीय र पाकिस्तानी युद्धकालीन परिवेशलाई जीवन्त चित्रण गरेका छन् । उनका कृतिमा विसङ्गति वादी अस्तित्व वादी, डायस्पोरिक, आयामिक, सवार्ल्टनजस्ता साहित्यिक वाद, अवधारणा र चिन्तन प्रस्तुत भएको छ । उनका कृतिहरूमा यौन मनोविज्ञान, बालमनोविज्ञान समाज मनोविज्ञान जस्ता विषयले पनि स्थान पाएका छन् । उनका कविताहरूमा पूर्णरूपमा स्वछन्दता वादी सौन्दर्य पाइन्छ । नागर सभ्यताप्रति वितृष्ण र ग्रामीण प्रकृतिप्रति मोह पाइन्छ । बुँदागत रूपमा यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- जीतमान राईको जन्म पाकिस्तानको क्वेटा भन्ने ठाउँमा भएको थियो । बुबा लाहुरे भएको कारण, राई पनि दश वर्षको उमेरमा नै 'ब्वाइ भर्ती भई बत्तिस वर्षसम्म सैनिक जीवन बिताएका सैनिक नोकरीसँगै अङ्ग्रेजी विषयमा स्नातकसम्मको अध्ययन पुरा गरेका थिए ।

- नेपाली साहित्य क्षेत्रमा सीमित समयमात्रै संलग्न रहे पनि साहित्यका कथा, कविता र संस्मरण विधामा सफलतापूर्वक कलम चलाउने बहुमुखी प्रतिभा धनी हुन् ।
- उनीद्वारा लिखित विधागत कृतिहरूमा नेपाली समाज, प्रवासी नेपालीहरूका, लाहुरे जीवनका युद्ध, हत्या, हिँसा पल्टनमा रहँदा बस्दा सैनिकहरूले भोग्नु परेका पीडादायी विषय वस्तुहरूलाई चित्रण गरिएको छ ।
- उनका समग्र कृतिहरूको अध्ययनबाट तत्कालीन समयमा नेपाली जनताहरूका गरिबी र अशिक्षाका कारण भारतका विभिन्न स्थानहरूमा कुल्ली गर्न जानु पर्ने बाध्यता र इन्डिया तथा ब्रिटिस सेनामा भर्ती जाने प्रथाको चित्रण गरिएको छ । नेपाली युवकहरूले आफ्नो बल वैशलाई ब्रिटिस सरकारको भाडाको सिपाहीमा बेचिनु परेको तीतो यथार्थलाई उनका कथाहरूमा बढीमात्रमा विषय बनाइएको छ ।
- उनका कृतिगत पात्रहरू ग्रामीण भेगका गरिब अशिक्षित र भारतीय धनाढ्य सम्पतिवाला पात्रहरू पनि रहेकाछन् ।
- उनका कृतिमा प्रयुक्त पात्रहरूले प्रवासको परिवेश अनुकुल र ग्रामीण क्षेत्र नै सम्वाद, जीवन भोगाइका सजीव चित्रण गर्नुका साथै ब्रिटिस, जापानी, भारतीय र पाकिस्तानी युद्धकालीन परिवेशलाई जीवन्त चित्रण गरेका छन् ।
- उनका कृतिमा विसङ्गति वादी अस्तित्व वादी, डायस्पोरिक, आयामिक, सवार्ल्टन जस्ता साहित्यिक वाद, अवधारणा र चिन्तन प्रस्तुत भएको छ ।
- उनका कृतिहरूमा यौन मनोविज्ञान, बालमनोविज्ञान समाज मनोविज्ञान जस्ता विषयले पनि स्थान पाएका छन् ।
- उनका कविताहरूमा पूर्णरूपमा स्वछन्दता वादी सौन्दर्य पाइन्छ । नागर सभ्यताप्रति वितृष्ण र ग्रामीण प्रकृतिप्रति मोह पाइन्छ ।

## सन्दर्भ ग्रन्थ सूची

**पुस्तकसूची**


कार्की, बेनु बहादुर **'कृष्ण पाखिनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** स्नाकोत्तर शोध पत्र २०६४ त्रि.वि. अप्रकाशित ।

ढकाल, भूपति "भूपति", **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरुको विश्लेषण**, पाँचौ संस्करण, काठमाडौँ : एबीसी प्रकाशन, २०६७ ।

प्रधान, कृष्णचन्द्र, **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो संस्करण, काठमाडौँ :साझा प्रकाशन, २०५२ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो संस्करण काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

बराल, ऋषिराज र घिमिरे, कृष्ण प्रसाद, **नेपाली कथा भाग ३,** काठमाडौँ : साझा प्रकाशन, २०६१ ।

बस्नेत, कृष्ण ब., **आधुनिक नेपाली उपन्यास : सैद्धान्तिक विश्लेषण**, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०५९ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचय कोश,** काठमाडौँ : नेशनल रिसर्च एशोसियसन, २०५१ ।

राई, जीतमान, **परित्यक्ता कथा सङ्ग्रह**, दार्जिलिङ : प.परमानन्द शर्मा, २०२४ ।

…………………, **तृषालु आत्मा बाँचिदिन्छ सँधैभरि**, कथा सङ्ग्रह, २०३३ ।

………………, ओ काठमाडौँ, कविता सङ्ग्रह, जीतमान राई, २०४८ ।

………………, **अँध्यारोतिर**, कथा सङ्ग्रह, धरान सुनसरी : गङ्गासरी राई, २०५७ ।

राई, पुरणकुमार, **नेपाली साहित्यमा ब्रिटिस गोर्खाली साहित्यको योगदान**, स्नाकोत्तर शोध पत्र, २०६८, त्रि.वि. अप्रकाशित ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोध विधि**, चौथो संस्करण, काठमाडौँ साझा प्रकाशन, २०६६ ।

सुनुवार, दिलकुमारी, **गोपाल गुरुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नाकोत्तर शोध पत्र २०६५ त्रि.वि. अप्रकाशित ।

सुवेदी, राजेन्द्र : **नेपाली निबन्ध भाग ३,** चौथो संस्करण : पाठ्यसामग्री पुस्तक प्रकाशन, २०६२

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४**, चौथो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०६७ ।